
कातिक ३०, २०६३

# समय

राष्ट्रिय साप्ताहिक



## फड्को



लोकप्रिय मोडुलर किचन

मूल्य रु. २५






वर्ष ३, अंक १३०, कात्तिक २४–३०, २०६३




**आवरण :** प्रधानमन्त्री गिरिजाप्रसाद कोइराला र माओवादी अध्यक्ष प्रचण्ड

तस्वीर : भास्वर ओझा

**आवरण : सात दल र माओवादीबीच सम्पन्न ऐतिहासिक सम्झौताले शान्ति स्थापनाको प्रक्रियाको आरम्भसँगै माओवादी अन्तरिम संसद् तथा सरकारमा सहभागी हुने निश्चित भएको छ । तर, शान्ति प्रक्रिया पहिलो खुट्किलोमै रहेको र आगामी बाटो चुनौतीपूर्ण रहेको सात दल र माओवादीका नेताहरूले बताउँछन् । २९**

**सूर्यनाथको बिदाइ :** अख्तियारको भौतिक सुविधामा जुन अनुपातमा परिवर्तन आयो, यसको कामकारबाहीमा पनि पूर्ववर्तीहरूको तुलनामा त्यति नै परिमाणात्मक र गुणात्मक वृद्धि भएको तथ्यहरूले देखाउँछ । यद्यपि, सूर्यनाथको कार्यकाल विवाद र पक्षपातरहित बन्न नसकेको आरोप छ । १८

**बेपत्ता नागरिक :** माओवादीद्वारा बेपत्ता पारिएका नागरिकसम्बन्धी राष्ट्रिय मानवअधिकार आयोग सूचीका १५२ जनामध्ये सबैभन्दा बढी २२ जना बर्दियाका रहेका छन् । २३


**शिक्षा :** अहिले चर्चामा आएको राज्य पुनर्संरचनाको मुद्दासँगै शिक्षाको गुणस्तर उकास्न विद्यालय संरचनामा व्यापक सुधारको आवश्यकता छ । ३६

**खेलकुदमा अनियमितता :** श्रीलंकामा दुई महिनाअघि सम्पन्न दसौं दक्षिण एसियाली खेलकुद प्रतियोगिता (साग)मा भाग लिन जाने नेपाली खेलाडीहरूको टिकट खरिदमा व्यापक आर्थिक अनियमितता भएको रहस्योद्घाटन भएको छ । ४८



**आकर्षक आगमन :** पुरुषहरूको एकाधिकार रहेको क्षेत्रमा युवतीहरूको आगमनबाट नेपाली सांगीतिक क्षेत्र आकर्षक र झुम्न लायक भएको छ । ५४

सम्पादकीय ................................ ५
डाँक ......................................... ८
दर्शन ....................................... ९
मुलुक ....................................... १०
साहित्य .................................... ५२
अनुहार ..................................... ५७
शून्य समय ................................ ५८



समय

का.जि.प्र.का.द.नं. १७०/२०६०/६१

**प्रबन्ध निर्देशक**
नवीन जोशी
**कार्यकारी निर्देशक**
विजय श्रेष्ठ
**सम्पादक**
युवराज घिमिरे
**सहायक सम्पादक**
राजेश घिमिरे
**प्रमुख संवाददाता**
विश्वमणि पोखरेल
**वरिष्ठ संवाददाता**
मनीष गौतम
मनोज दाहाल
किरण भण्डारी
सुवास देवकोटा
मधुसूदन पौडेल
**संवाददाता**
नवीन अर्याल
छत्र कार्की
गोविन्द परियार
ज्योति देवकोटा
**उपसम्पादक**
डिल्ली आचार्य
**क्षेत्रीय**
रुद्र खड्का (नेपालगन्ज)
श्याम भट्ट (महेन्द्रनगर)
दीपक ज्ञवाली (बुटवल)
ओमआस्था राई (धरान)
केशव लामिछाने (पोखरा)
**तस्वीर**
भास्वर ओझा
तेजबहादुर बस्नेत
**कार्टुन**
अविन श्रेष्ठ
**ग्राफिक/ले-आउट**
सुनील खड्गी (**संयोजक**)
किशोरराज पन्त
रामकृष्ण राना
**लेखा**
गोपाल भट्टराई
राजकुमार श्रेष्ठ
**वितरण**
दीपक श्रेष्ठ
मिलन लम्साल
**बजार**
सुरज भडेल (**प्रबन्धक**)
राजेश महर्जन
अर्जुन बज्राचार्य
सफला शर्मा

**भृकुटी प्रकाशन (प्रा) लि.**द्वारा प्रकाशित तथा मिलेनियम प्रेस, हात्तीवन, ललितपुरमा मुद्रित

**कार्यालय ठेगाना :**
**भृकुटी प्रकाशन प्रा. लि.**
लाजिम्पाट, काठमाडौं, नेपाल
पो.ब.नं. ८८३०, फोन : ४४४३८८८
फ्याक्स : ४४२११४७ (सम्पादकीय)
४४११९१२ (बजार तथा वितरण)
ईमेल: samay@vianet.com.np
**प्रमुख वितरक**
काष्ठमण्डप डिष्ट्रिव्यूसन प्रा. लि.
टेकु काठमाडौं
फोन नं. २०१०८२१, २२२०३२२

# अनधिकृत किचलो

**संविधान अनुपस्थित** भएको अवस्थामा संविधानका मौलिक मान्यता र संवैधानिक सन्तुलनबारे बहस गर्नु के सान्दर्भिक होला र ? प्रश्न स्वभाविक लाग्छ। तर अहिले मुलुकमा संविधानरहित अवस्था रहनुको पछाडि एउटा सामूहिक प्रतिबद्धता छ। त्यो हो शान्ति, प्रजातन्त्र र समृद्धिलाई प्रोत्साहित गर्ने संविधान निर्माण गर्ने। र, निश्चय पनि शक्ति पृथकीकरण र मौलिक अधिकार नेपाल अधिराज्यको संविधान २०४७ का आधारभूत मान्यताविपरीत भावी संविधान जान सक्नेछैन र जानु हुँदैन पनि।


जनआन्दोलनको दबाब र मान्यताअनुरूप ब्यूँताइएको संसद्ले जनताको सर्वोच्च प्रतिनिधि थलोका रुपमा र प्रभावकारी हिसाबले आफूलाई प्रस्तुत गर्न सक्नुपर्छ। विगत केही महिनामा संसद्ले दिशाविहीन मात्र हैन, न्यायपालिका र कार्यपालिकाभन्दा माथिल्लो निकायका रुपमा समेत आफूलाई प्रस्तुत गर्ने कोसिस गरेको छ। कहिले जनताको सार्वभौमसत्ता आफूमा निहित रहेको घोषणा गरेको छ भने कहिले राष्ट्राध्यक्षको अधिकार पार्टीका सक्रिय सदस्य रहेका सभामुखमा हस्तान्तरण गर्नेजस्ता खतरनाक परम्परा पनि यो संसद्ले सुरु गरेको छ।

## सम्पादकीय


सुवास नेम्वाङ
तेजबहादुर बस्नेत

यी गैरसंवैधानिक र अनधिकृत परम्परालाई नै बल पुग्ने गरी संसद्को सार्वजनिक लेखासमितिले सर्वोच्चका एकजना न्यायाधीशमाथि महाभियोग लगाउने घोषणा गरेको छ। सांसदहरूलाई कानुन, संविधान र मर्यादाको सीमाभित्र रहेर तथ्यका आधारमा आचरणमाथि खोट पाइँदा सम्बन्धित न्यायाधीशविरुद्ध महाभियोग प्रक्रिया सुरु गर्ने अधिकार छ, तर संसद्को कुनै समितिलाई त्यत्रो निर्णय लिने अधिकार छैन। संसद् र संसदीय समितिलाई हासिल उन्मुक्ति तथा विशेषाधिकार राज्यको अर्को संवैधानिक अंगलाई तर्साउन प्रयोग गर्नु आफैंमा अमर्यादित आचरण हो। राज्यद्वारा भए-गरिएका खर्चबारे छानबिन र प्रतिवेदन दिनुपर्ने संसदीय समितिले त्यो दायराबाट बाहिर जान सक्तैन।

राज्यका अंगहरूबीचको सम्बन्धमा असन्तुलन आएमा अराजकता र तानाशाही प्रवृत्तिको प्रभुत्व बढ्न जान्छ। पुनर्जीवित संसद्ले जनआन्दोलनको विजयलाई कुव्याख्या गरी आफूलाई असीमित अधिकारले सुशोभित गर्न मिल्दैन। बरु माओवादीसँग राजनीतिक सहमति बनी संविधानसभा र त्यसपछिको प्रजातन्त्रको सफल यात्राका लागि पनि पुनर्जीवित संसद्ले उदाहरणीय पूर्व दृष्टान्त प्रस्तुत गर्न सक्नुपर्छ। अब मुलुकलाई उल्लासको मदबाट मुक्त गरी व्यवहारिक कुशलता र प्रजातान्त्रिक मान्यताबाट अगाडि बढाउनु बढी बुद्धिमानी हुनेछ। सार्वजनिक लेखासमितिको सार्वजनिक मन्तव्यपछि सिर्जित भ्रम र आक्रोश सायद प्रधानन्यायाधीश र सभामुखको भेटघाटबाट सम्बोधित भएको हुनसक्छ। तर, संसद्को विशेष घोषणाबाट उत्पन्न भ्रमलाई पनि सामूहिक र आन्तरिक विवेक तथा छलफलबाट सच्याएमा भविष्यमा संसद् मर्यादित पूर्वदृष्टान्तहरू पेस गर्न सफल हुनेछ।




## समय साता

### मृत्युदण्ड



आमहत्या र मानवताविरुद्धको अपराधमा इराकी उच्च अदालतद्वारा अपदस्त राष्ट्रपति सद्दाम हुसेनलाई फासीको सजाय ।

### निर्वाचित



निकारागुवामा सोह्र वर्षपछि ड्यानियल ओर्टेगा अत्यधिक बहुमतबाट पुनः राष्ट्रपतिमा निर्वाचित ।

### विजयी



संयुक्त राज्य अमेरिकाको प्रतिनिधिसभाको निर्वाचनमा १२ वर्षपछि डेमोक्र्याटहरूद्वारा बहुमत प्राप्त ।

### आत्मघाती बम आक्रमण



उत्तरपश्चिम पाकिस्तानको एउटा सैनिक स्कुलमा भएको आत्मघाती बम विस्फोटका कारण ३५ सैनिकको मृत्यु ।

### नाम परिवर्तन

राष्ट्रिय प्रजातन्त्र पार्टीद्वारा आफ्नो नाम र झन्डा रवीन्द्रनाथ शर्मा समूहले प्रयोग गरेकोमा आपत्ति प्रकट गरेपछि सो समूहद्वारा आफ्नो पार्टीको नाम राष्ट्रिय प्रजातन्त्र पार्टी (नेपाल)का साथै झन्डा परिवर्तनको घोषणा ।

### पक्राउ

अख्तियार अनुसन्धान आयोगद्वारा गरिएको छडकेमा घूस लिँदै गर्दा साना तथा घरेलु उद्योगका शाखा अधिकृत कर्णबहादुर खड्का पक्राउ ।

### घोषणा



राजाको स्थानका बारेमा जनमतसंग्रह उचित नभएको दाबा गर्ने वेल्जियमका विदेशमन्त्री कार्ल द गुख्तद्वारा नेपालको विकास निर्माणका लागि ४० लाख युरो सहयोग दिने घोषणा ।

### विरोध




महालक्ष्मी सुगर मिलको मामिलामा न्यायाधीशहरूमाथि महाअभियोग लगाउने संसदीय लेखासमितिको निर्णयको सर्वोच्च अदालतको पूर्ण इजलासमा सहभागी न्यायाधीशहरूद्वारा विरोध ।

### सुझाव



प्रतिनिधिसभा प्राकृतिक स्रोत समितिअन्तर्गत गठित उपसमितिद्वारा राजा ज्ञानेन्द्रको नाममा रहेको सम्पूर्ण सम्पत्ति राष्ट्रियकरण गर्न सरकारलाई सुझाव ।


### आपत्ति



बन्दोबस्तीको सामान लिएर पूर्वमा गइरहेको गाडीलाई सशस्त्र माओवादीले रोकेको भन्दै उक्त घटनाप्रति सैनिक जनसम्पर्क निर्देशनालयद्वारा आपत्ति ।

### मृत्यु

बाँकेका दस गाविसमा झन्डै दुई सातासम्म देखिएको औलो ज्वरोका कारण ३२ को मृत्यु । नारायणगढबाट बुटवलतर्फ जाँदै गरेको बस भारतीय बससँग गैंडाकोटको थुम्सीमा जुध्दा तीनको मृत्यु ।




## आयोगको औचित्य

*समय* (वर्ष ३, अंक १२९) को सम्पादकीयमा छापिएको रायमाझी आयोगको औचित्य उपयुक्त सान्दर्भिक लाग्यो। जनआन्दोलन-२ को सफलतापछि बनेको लोकतान्त्रिक सरकारले रायमाझी आयोगको गठन गर्दा सबै प्रफुल्लित थिए। तर, आयोग गठनको मसी नसुक्दै सरकारले आयोगको सिफारिसलाई अवमूल्यन गर्दै सुरक्षा संयन्त्रमा गुटबन्दी भित्र्याउने काम हुन थाल्यो। अन्ततः आयोगको औचित्य समाप्त भयो। आन्दोलनका दमनकारीलाई कारबाही गर्ने आशा भरोसा अन्ततः मरेर गएको हो। तैपनि राज्यको महँगो भत्ता खाएर आफ्नो आयु पटक पटक बढाउन सफल भएको आयोगले आफ्नो आयु समाप्त हुनलाग्दा पनि कुनै काम गर्न सकेन। अदालतसरह मान्यता पाएको आयोगले राजाको लिखित बयान समेत नपाएपछि पत्र काटी २४ घन्टाभित्र आयोगमा उपस्थित गराएर बयान लिन सक्नुपर्थ्यो। मौन रहनु नै गल्ती स्विकार्नुको प्रमाण हो। राजाले आफ्नो गल्ती स्विकारेका छन्। अब रायमाझी आयोगको प्रतिवेदन हेर्न मात्र बाँकी छ। तर, प्रतिवेदनबाट सत्यतथ्य कुरा आउने आशा ज्यादै कम छ। अन्तिम प्रतीक्षाको घडीमा आयोगको प्रतिवेदनबाट दमनकारीहरूले सजाय पाऊन् र लोकतन्त्र बलियो बन्न सकोस्।

■ **ज्ञानहरि ढकाल**
तारुका-६, नुवाकोट

## ध्यानाकर्षण

*समय* राष्ट्रिय साप्ताहिक (वर्ष ३, अंक १२७)मा छापिएको 'अगुवाहरू नै दुराचारी' शीर्षकको 'रिपोर्ट'प्रति यस संस्थाको ध्यानाकर्षण भएको छ।

उक्त लेखमा व्यापक रुपमा तथ्यहरूको सामान्यीकरण गरिएको छ। कुनै एक घटनालाई लिएर व्यापक गलत धारणा बनाउने प्रयास भएको छ र कुत्सित मनसायका साथ तथ्यहरूलाई बंग्याउने प्रयास भएको छ। उक्त रिपोर्टमा वर्ल्ड भिजनको हवाला दिँदै ६ सय युवती सदरमुकाममा मात्रै यौनशोषणमा परेको उल्लेख गरिएको छ। यो सरासर निराधार तथ्य हो। वर्ल्ड भिजनले जुम्लामा सञ्चालित सामुदायिक स्वास्थ्य कार्यक्रमअन्तर्गत यौनरोग तथा एचआइभी एड्सको सर्वेक्षण प्रतिवेदनको सारांश (२००५)मा जुम्ला जिल्लामा ५४ जना महिला यौनकर्मीहरूको साथी शिक्षकहरूद्वारा सर्वेक्षण भएको तथ्य दिइएको थियो।

लेखकको गैरजिम्मेवारीपूर्ण लेखका कारण जुम्लामा कार्यरत सामाजिक संघ-संस्थाका सयौं कार्यकर्ता तथा कर्मचारीसहित ती व्यक्तिहरूसँग दैनिक कामकाजमा सम्पर्कमा आउने स्थानीय व्यक्ति र सम्पूर्ण समुदाय नै लाञ्छित भएको छ।

■ **प्रदीप सिलवाल**
सञ्चार अधिकृत
वर्ल्ड भिजन नेपाल
नक्साल।

## सरकारी बेवास्ताको सिकार

*समय* (वर्ष ३, अंक १२९)मा छापिएको रिपोर्ट 'दादागिरी' पढ्दा अचम्मै लागेर आयो। राजाले पनि शक्ति त्यागिसकेका अवस्थामा सरकारले बेवास्ता गरेका कारण नै विधानमा समेत हवाला बोलेको हुनुपर्छ गणेश थापाले। सरकारले चासो नलिने खेलकुदमा हुने यस्ता अवैधानिक कामको जिम्मेवारबाट के सरकार पानीमाथिको ओभानो बन्न मिल्छ ? यस्ता कामलाई सरकारले निराकरण गर्न सक्नु पर्छ न कि खेलकुदलाई सधैं राजनीति मात्र गर्ने थलो बनाउने हो। सरकार सधैं लाचार बन्ने हो भने सबैभन्दा धेरै आम्दानी हुने, तर सबैभन्दा लथालिंग अवस्थामा रहेको नेपाली खेलकुदको विकास कहिल्यै पनि हुन सक्दैन। महत्त्वपूर्ण कुरा खेलकुद पनि सरकारी चासोको विषयभन्दा बाहिर रहनु हुँदैन।

■ **नीतेश प्रधान**
बानेश्वर-११
काठमाडौं।

## घाउमा नुनचुक ?

*समय* (वर्ष ३, अंक १२९) मा छापिएको घाउमा नुनचुक नामक रिपोर्ट पढ्ने मौका पाइयो। पक्कै पनि समयकै शून्य समयमा लेखिएझैं प्रचण्ड माडीमा पुग्ने प्रयास गर्नु नै उनको महानता मान्न सकिन्छ, तर त्यहाँ आफ्ना सन्तान गुमाएका आफन्तहरूका लागि प्रचण्ड त्यहाँ उपस्थित हुँदा घाउमा झन् नुनचुक हालेझैं पक्कै भएको हो। त्यसमाथि झन् पीडकहरूको मागलाई माओवादीबाट बेवास्ता गरिनुले उनीहरूको आत्मसम्मानमा नै चोट पुगेको भान जो सुकैले पनि गर्न सक्छ। अझ जनताकै लागि आवाज उठाएको बताउँदै जनताकै ढाडमा टेकेर अगाडि बढेको माओवादीले माडी घटना गराउनेलाई कारबाही गरेको समेत सार्वजनिक गर्न नसक्दा कतिको आत्मसम्मानमा चोट पुगेको होला माडीमा आफन्त गुमाएकाहरूमा यो माओवादीले बुजेको हुनुपर्छ र यो सत्यबाट माओवादी भाग्न सक्दैन र भाग्न पनि मिल्दैन।

■ **अजय शाह**
पुल्चोक इन्जिनियरिङ कलेज,
काठमाडौं।

## गंगा

मित्र नसोध मलाई कस्तो छ भनेर
म सिंगो आँसुको आहालमा डुबिरहेछु।

होसमा रोएँ वा म बेहोसीमा नै रोएँ
एउटै मुटुको रगतको साइनो चुँडिँदा
थाहा छैन मलाई म कहाँ कसरी रोएँ
मेरो सानी बहिनी गंगाले छोडेदेखि
म हरेक पलमा उनैको आँसुको साउनमा
हराए।

सोधेको उनले तिहारमा आउनु न दादा
कति रमाइलो हुन्छ हामी सबै साथमा हुँदा
कसरी भुलूँ यो उनको यो अभिलाषा
हरेक बतासको सुस्केराहरूमा आज
स्वर्गीय गंगा बहिनीको बिन्ती सुनिरहेछु।

*(दाङ-सल्यान खण्डको भन्टाखोलामा भएको बस दुर्घटनामा मारिएकी अठार वर्षीया बहिनी गंगा पुनको सम्झनामा।)*

■ **चन्द्रबहादुर पुन**
धहरान, साउदी अरेबिया।



**समयको ग्राहक बन्नुपरेमा वा पत्रिका नआएमा सम्पर्क गर्नुहोस्। फोनः ४४४३८८८/२११२०९४**

**अब म बुद्धिवादीहरूलाई होइन, साधकहरूका लागि मात्र उपलब्ध हुन्छु र उनीहरूको रूपान्तरणका लागि आफ्नो सम्पूर्ण शक्ति र समय लगाउनेछु । तर यी दुई आयोजनाले उनलाई घेरेर बसेका अहंकारी र तथाकथित बुद्धिवादीहरूलाई ठूलो चोट पुर्‍यायो ।**



■ स्वामी आनन्द अरुण

# बुद्धिवादीलाई होइन, साधकका लागि मात्र

**मुम्बई प्रवासका बेला** आचार्य रजनीशको प्रसिद्धि बढ्न थाल्यो र उनको वरिपरि ठूलो भीड जम्मा हुन थाल्यो । आचार्यको व्यक्तित्वमा एक अद्भुत आकर्षण थियो । त्यसबेला भारतमा नाम कमाएका अनेक व्यक्तिहरू उनको सम्पर्कमा आए, उनका प्रशंसक भए र उनलाई लगातार घेरिरहन्थे । त्यसमध्येका केही नाम हुन्: हिन्दीका प्रसिद्ध कवि हरिवंशराय बच्चन र अज्ञेय, फिल्मी क्षेत्रका प्रसिद्ध हस्तीहरू विजय आनन्द, महिपाल, हेमा मालिनी, मनोज कुमार तथा कल्याणजी आनन्दजी । त्यसैगरी बिरला र टाइम्स अफ इन्डियाका मालिक जैन परिवारका सदस्यहरू । नाम कमाएका व्यक्तिहरूको भीडले आचार्यलाई चौबीसै घन्टा घेर्न थाल्यो, जसको जिज्ञासा बौद्धिक मात्रै थियो । साधना र आत्मरूपान्तरणका लागि उनीहरू तयार थिएनन् । हामी जस्ता सामान्य व्यक्ति जो साधनाका लागि तयार थियौं, उडल्यान्डको सानो आवासमा हामीलाई आचार्यको सान्निध्य पाउन गाह्रो हुन थाल्यो । यो सबै देखेर आचार्यश्रीले केही निर्णय गरे ।

पहिलो निर्णयमा उनले नवसंन्यासको अवधारणा दिए । २६ सितम्बर १९७० का दिन सुरु भएको मनाली ध्यान शिविरमा आचार्यले नवसंन्यासको धारणा प्रस्तुत गर्दै त्यसमा आफ्ना केही अन्तरंग शिष्यलाई प्रथमपटक दीक्षित गरे । आचार्यले भने, 'पुरानो संन्यासको मूलमन्त्र नै संसारको परित्याग थियो । म त्यसको पक्षमा छैन । असल मानिसहरूले संसारलाई चटक्कै त्यागेर एकान्तमा बसेका हुनाले संसारको धेरै अहित भएको छ र संसार त्याग्ने व्यक्तिहरू पनि जीवनकै कटु र मधुर अनुभवबाट वञ्चित भएकाले उनीहरू पनि यथार्थवादी रहेनन् ।

मेरो संन्यासको अवधारणा नितान्त नौलो छ । यसको मूल सन्देश संसारको त्याग नभई संसारप्रतिको आसक्ति र सबैप्रकारका पूर्वाग्रहको त्याग हो । चाहे ती पूर्वाग्रह धार्मिक, जातीय, राष्ट्रिय, भाषागत, दार्शनिक, राजनीतिक किन नहुन् ? समाजले बाहिरबाट थोपरिदिएका यी सबै बन्धनबाट म आफ्ना शिष्यलाई मुक्त गराउन चाहन्छु । मेरो अवधारणामा संन्यास पवित्र, ताजा र निर्दोष जीवन बाँच्ने संकल्प हो र यो प्राप्त हुन्छ सतत साधना र आत्मनिरीक्षणले । मेरा सबै दीक्षित संन्यासी आध्यात्मिक रुपले मसँग जोडिएका हुन्छन् र मेरो आध्यात्मिक ऊर्जाका केही अंश उनीहरूमा प्रवाहित भइरहनेछ ।' दीक्षित नवसंन्यासीका लागि आचार्यको माला, गैरिक वस्त्र र नियमित ध्यान अनिवार्य भयो ।

आचार्य रजनीशले २१ मार्च १९५३ मै संबोधि प्राप्त गरिसकेका थिए, तर १८ वर्षपछि मई १९७१ मा मात्र यो कुरा उनले पहिलोपटक सार्वजनिक गरे र आफूलाई आचार्य रजनीशबाट भगवान् रजनीश भनाउने आयोजन रचे । किन यतिका दिनसम्म आफ्नो संबोधिको घटना लुकाएको भनी सोध्दा उनी भन्थे, 'म सतत यात्रामा हुन्थें र सामान्य व्यक्तिहरूको बीचमा मलाई बोल्नु पर्थ्यो जो यो बुझ्न र पचाउन सक्थेनन् । मैले विगतका



बुद्धहरूबाट धेरै सिकेको छु । यदि जिससले म परमात्माको पुत्र हुँ भन्ने कुरा लुकाएको भए उनी त्यति चाँडै मारिन्थेनन् र उनले मनुष्यताको अझ केही हित गर्न सक्थे ।' ठूला धनाढ्य, राजा र धर्मका स्थापित ठेकेदारहरूले यो कुरा कसरी पचाऊन् कि एउटा सामान्य जस्तो लाग्ने मानिस ज्ञान प्राप्त गरी ऊभन्दा अति विशिष्ट भइसकेको छ ।

जब अल हिल्लाज मन्सुरले 'अनहल हक - म परमात्मा हुँ' भन्न थाले । उनका गुरु जुन्नैदले उनलाई सावधान गरेका थिए, 'हेर मैले पनि समाधि प्राप्त गरिसकेको छु, तर मैले यो कुरा गोप्य राखेको हुनाले म यति वर्षसम्म बाँच्न पाएको छु । तिमी अझ 'अनहल हक' भन्दै हिँड्न थाल्यौ भने तिम्रा वरिपरिका व्यक्तिहरूको अहंकारलाई ठूलो चोट लाग्नेछ र उनीहरूले तिम्रो हत्यासम्म गरिदिन सक्नेछन् ।' तर मन्सुर युवक थिए र उनमा जोस थियो । युवा जोसले विरलै वृद्धावस्थाको अनुभवबाट सिक्न मान्छ । मन्सुरले 'मै परमात्मा हुँ' भन्न छोडेनन्, पक्राउ परे तथा खलिफा र धर्मगुरुहरूको निर्णयबाट टुक्राटुक्रा पारी काटिए ।

सरमदले पनि यही दुर्गति भोग्नु पर्‍यो र आफ्नो अनुभूति लुकाउन नसकेका कारण दिल्लीको जामा मस्जिदका इमामको निर्णयले उनको टाउको काटियो र मस्जिदको लामो भऱ्याङको टुप्पाबाट तल फालियो, ता कि सबैले त्यो भकुन्डो जस्तो गुडेको टाउको देखून् र कसैले भविष्यमा यस्तो भन्ने हिम्मत नगरून् । सुफीवाद अति सुन्दर धर्म हो । जसमा आज पनि बुद्धपुरुषहरू जन्मिरहेका छन् । मन्सुर र सरमदको हत्यापछि अरू धेरै सुफी सन्तहरू मारिए । त्यसपछि सुफीहरूले निर्णय गरे र सारा सुफी आन्दोलन नै भूमिगत भयो, तर अहिले पनि सुफीवाद जीवन्त छ र त्यसमा अनेक बुद्धपुरुषहरू भइराख्छन्, तर सबै लुकेर बस्छन् । कोही टाँगा चलाउँछन्, बिँडी बनाउँछन्, कोही जुत्ता सिउँछन्, तर आफूलाई ज्ञान प्राप्त गरेको सत्य प्रकट गर्दैनन् । सबै प्रकारको उन्माद र पूर्वाग्रह कति खतरनाक हुँदोरहेछ, त्यो भरखरै हामीले पनि भोगेका छौं । मात्र नेपालमा यही राजनीतिक र शासकीय पूर्वाग्रहले गर्दा पन्ध्रौं हजार व्यक्तिहरू मारिए । मानव जस्तो अमूल्य जीवनको विनाश गर्दा पनि हत्या गर्नेहरूको मनमा कुनै मानवीय संवेगको उदय हुन नसक्नुको कारण यही गहिरो जड जमाएको पूर्वाग्रह नै हो ।

आचार्यश्रीले अगाडि भने, 'अब म बुद्धिवादीहरूलाई होइन, साधकहरूका लागि मात्र उपलब्ध हुन्छु र उनीहरूको रूपान्तरणका लागि आफ्नो सम्पूर्ण शक्ति र समय लगाउनेछु । तर यी दुई आयोजनाले उनलाई घेरेर बसेका अहंकारी र तथाकथित बुद्धिवादीहरूलाई ठूलो चोट पुऱ्यायो । अहंकारीले सबैलाई अहंकारी देख्ने, बेइमानले सबैलाई बेइमान देख्ने स्वभावगत नियमअनुसारै उनीहरूले यसमा आचार्यको अहंकारको नै अभिव्यक्ति मात्र देखे । आचार्यको आयोजना सफल भयो र त्यो भीड विस्तार छाँटियो । आचार्यले हामीलाई भनेका थिए, 'हेर, म यो भगवान् शब्दलाई एक भीड हटाउने उपायको रुपमा प्रयोग गर्दै छु र यसको उद्देश्यपूर्ति भएपछि यो नामलाई म छोडिदिन्छु ।' सन् १९८९ कै प्रारम्भमा उनले यो वाचा पूरा गरे । भगवान् रजनीशबाट उनको नाम ओशो बन्न गयो ।

osho@tapoban.com


नजबुल खान

# रुढीवादलाई चुनौती

**मुस्लिम समुदायकी** छोरी चेलीहरूले सीमित पर्दाभित्र अनुहार लुकाएर बस्नुपर्ने परम्परालाई चुनौती दिँदै उदाहरणीय बन्न पुगेकी छन्, उदयपुर जिल्लाको त्रियुगा नगरपालिका-१० देउरीकी २६ वर्षीया युवती नजबुल खान। कुनै बेला समाज र परिवारबाट समेत परम्पराविरोधी भन्दै हेला, घृणा र तिरस्कार मात्र उपहार पाएकी नजबुल अहिले मुस्लिम समुदायकी मात्र होइन, सिंगो महिला जगत्का लागि प्रेरणापात्र बनेकी छन्।

आफ्नै गाउँ छिमेकका साथी-संगीहरू विद्यालय गएको देख्दा उनलाई पनि पढ्न रहर लाग्थ्यो, तर पढ्नु त के छाक टार्न पनि समस्या थियो। पोस्टर किताबका पानाहरू हेरेर मात्र चित्त बुझाउनुबाहेक उनका लागि अर्को विकल्प नै थिएन, तर उनले आफ्नो इच्छा पूरा गर्न संघर्षपूर्ण यात्रा जारी राख्दै अगाडि बढिन्।

माछा र तरकारीको व्यवसाय गर्ने बुवा जवायर मियाँको २०५३ सालमा मृत्यु भएपछि उनमा पारिवारिक जिम्मेवारी आयो। भवन निर्माणसम्बन्धी काममा इँटाढुंगा बोकेबापत पाएको ज्यालाबाट आमासहित सातजनाको परिवार चलाएको उनी बताउँछिन्।

मजदुरीसँगै २०५४ सालमा गाउँकै प्रौढ कक्षामा भर्ना भएकी नजबुल हाल जनता मावि देउरी कक्षा-९ मा अध्ययनरत छन्। गाउँमै मूलधार महिला सेवा केन्द्रको अध्यक्ष, नेपाल नागरिक मुस्लिम समाजको केन्द्रीय सदस्य, महिला मानवअधिकार रक्षक संस्था उदयपुरको सदस्य पदमा रहेर काम गर्दै आएकी छन् उनी।

साउँ अक्षर सिकाइसँगै २०५९ सालतिर छिमेकीको घरमा नेपाल टेलिभिजनबाट महिलाले टेम्पु चलाएको देखेपछि टेम्पु चलाउने उनमा चाहना जाग्यो। त्यो सपना साकार पार्न राजविराज र उदयपुरमै मागेर केही रकम जोहो गरी उनी काठमाडौं छिरिन्। राजधानीमा पनि केही रकम जोडजाम गरेर नेपाल महिला ड्राइभिङ सेन्टर बत्तीसपुतलीमा टेम्पु चलाउने तालिम लिइन्।

टेम्पु चलाउन जाने पनि उनलाई उदयपुरमा महिला भएकै कारणले कसैले टेम्पु भाडामा दिन मानेन। काठमाडौंबाट सिकेर आएको सीपलाई समाज तथा जिल्लावासीलाई देखाउने उत्कट इच्छा प्रकट गरेपछि एक्सन एडको सहयोगमा एक महिनाका लागि टेम्पु ठेक्कामा लिएर टेम्पु चलाएर सबैलाई आश्चर्य चकित पारिन्। सामाचार सुन्ने र टिभीमा देखिने कुरा आँखाअगाडि देख्दा स्थानीय महिलाहरूमा हौसला बढेर आयो। गाइघाट-जलजले रुटमा टेम्पु चलाउन लाग्दा मुस्लिम समुदायका ठूला भनाउँदा व्यक्तिहरूले मुस्लिम छोरी भएकै कारण पुरुषको जस्तो काम नगर्न चेतावनी पनि दिए, तर उनले त्यसको पनि वास्ता गरिन्। हाल उनी मुस्लिम समुदायकै पहिलो अर्थात् एक मात्र टेम्पु चालकको पहिचान बनाउन सफल छिन्।

अन्य महिलाको दाँजोमा मुस्लिम महिलाहरू पछाडि परेको बताउँदै उनी भन्छिन्, 'बुर्का लगाएकै कारण महिलाहरू पछाडि परेको हैनन्, उनीहरूलाई अवसर र हौसलाको खाँचो छ।'

■ श्यामसुन्दर यादव/राजविराज (तस्विर पनि)


## मिडिया मार्केटिङ सम्बन्धी सूचना

**नेपाल एफ.एम.91.8 MHz ले एफ.एम. स्टेशनहरुलाई चाहिने दक्ष जनशक्ति तयार गर्ने उद्देश्यले संचालन गरिरहेको तालिम श्रृंखला अर्न्तगत यही मंसीर १ गते देखी मिडिया मार्केटिङ सम्बन्धी तालिम शुरु गर्दैछ।**

**तालिम सहभागी हुन चाहिने न्युनतम योग्यता**

१) बी.बी.एस./बी.बी.ए. वा सो सरह

२) आधारभुत कम्प्युटरमा दक्ष

**थप जानकारीको लागी**

**नेपाल एफ.एम.91.8 MHz**

तालिम विभाग

रविभवन, काठमाण्डौ

फोनं. नं.:- ४२८९१२१,४२८९१२३

# सरर माइक्रो बसैमा

कुनै पनि प्रयोजनले डडेल्धुराबाट बिहान हिँडेको व्यक्ति अचेल दिनभर धनगढीमा काम गरेर साँझपख सजिलै फर्किन सक्छ। १ सय ३५ किलोमिटर दूरी रहेको यो यात्रा अब पट्यारलाग्दो रहेन। साना, सजिला र आरामदायी माइक्रोबसले यो यात्रा छोट्याइदिएका छन्। अब चार घन्टामै यो दूरी तय गर्न सकिने हुनाले समयको पनि बचत भएको छ। यो रुटमा मात्रै होइन, छोटो दूरीका प्रायः सबै रुटमा अचेल माइक्रोकै आकर्षक छाएको छ।

काठमाडौंबाट चम्केका जापानी र कोरियाली माइक्रोबसहरू अहिले आएर मोफसलमा पनि लोकप्रिय सवारीसाधनका रुपमा अग्रपंक्तिमा आएका छन्। अहिले डडेल्धुरामा मात्रै स्थानीय व्यक्तिहरूले आफ्नो लगानीमा डेढ दर्जन माइक्रोबसहरू संचालनमा ल्याएका छन्। २० लाखभन्दा धेरै मूल्य पर्ने यो सवारीसाधन यात्रुहरूको पनि पहिलो रोजाइ बन्न पुगेको छ।

यात्रुको चाहनालाई ध्यान दिएर यस क्षेत्रका ठूला बस व्यवसायी समिति सुदूरपश्चिम यातायात, महाकाली यातायात र पवनदूत यातायातले पनि आफ्ना समितिमा माइक्रोबसलाई सामेल गराउन थालेका छन्। जसकारण डडेल्धुराबाट मात्रै सञ्चालन हुने माइक्रोबसको संख्या तीन दर्जन पुगेको छ। ५० किलोमिटरदेखि अढाई सय किलोमिटरसम्मको दूरीका गन्तव्यहरूका लागि अचेल यात्रुहरूले माइक्रो नै खोज्ने गरेका छन्। योभन्दा लामो दूरीमा भने ठूला बसहरू नै उपयुक्त मानिन्छन्।



▲ डडेल्धुरा बसपार्कमा माइक्रोबसहरू

माइक्रोबस धनी इन्द्रबहादुर ऐरका अनुसार कुल रकमको २० प्रतिशत बुझाएमा किस्ताबन्दीमा माइक्रोबस पाउन सकिन्छ। यसप्रति बढेको यात्रुको मोहका कारण पनि कमाइ राम्रै हुने गरेको छ। मासिक किस्ताको रकम तिरेर ३० हजार रुपैयाँ आफूले बचाएको ऐर बताउँछन्। उद्योग वाणिज्य संघ डडेल्धुराका अध्यक्ष लोकराज भट्टका अनुसार ठूला सवारीसाधनले ठाउँ ठाउँमा रोक्ने र समय पनि धेरै लगाउने हुँदा छरिता मानिएका माइक्रोबसप्रति यात्रुहरू आकर्षित भएका हुन्।

कच्ची बाटोमा भने साना टायर र कम उचाइका कारण माइक्रोबस उपयुक्त नभएको सम्बन्धित व्यवसायीहरू मान्छन्, तर पछिल्लो समयमा सुदूरपश्चिमका पहाडी जिल्ला अछामसम्म कालोपत्रे भइसकेको र बैतडीको दशरथ चन्द राजमार्ग पनि निर्माणाधीन रहेकाले यस साधनको भविष्य राम्रो रहेको लगानीकर्ता मान्छन्। अहिले माइक्रोबसले यहाँका पहाडी जिल्ला डोटी, अछाम र डडेल्धुरामा आफ्नो सेवा पुऱ्याएका छन् भने तराईका जिल्लाबाट मध्यपश्चिमका नेपालगञ्ज, सुर्खेत र दाङसम्म माइक्रोमा यात्रा गर्न सकिन्छ।

■ **श्याम भट्ट डडेल्धुरा** (तस्बिर पनि)


## रेडियो सगरमाथा एफ. एम. १०२ थोप्लो ४ मेगाहर्ज




**रेडियो खबर पत्रिका**

पत्रपत्रिकाको संगालो, विशेषज्ञहरूको प्रतिक्रिया र विश्लेषण, फिचर र रिपोर्ट, शेयर बजारको साप्ताहिक विश्लेषण, दैनिक हुने औपचारिक कार्यक्रमको जानकारी साथै चाडपर्व, जात्रा, दिवस, जन्मदिन र महत्त्वपूर्ण घटनाहरूको संगालो। हरेक विहान (६:००-७:१५)

**हालचाल**

ताजा खबर थाहा पाउन- हालचाल, विहान, ८:४५, ११:४५, अपरान्ह, २:४५, ४:४५, साँझ ६:४५ र राती ९:४५ बजे

**बिबिसी नेपाली सेवा**

हरेक दिन राती (८:४५-९:१५)

**हरेक विहान ५:०० देखि राती ११:०० बजेसम्म सूचना, शिक्षा र स्वस्थ मनोरञ्जनका लागि भरपर्दो साथी रेडियो सगरमाथा एफ. एम. १०२ थोप्लो ४ मेगाहर्ज**

**नेपाली रेडियो**
**नेपाली आवाज**

ठेगाना :
रेडियो सगरमाथा एफ. एम. १०२ थोप्लो ४ मेगाहर्ज
बखुण्डोल, ललितपुर
फोन: ५५२८०९१, ५५४२२४५, ५५४५६८०
पोष्ठ बक्स, ६९५८, काठमाडौं
ईमेल : info@radiosagarmatha.org

# यात्रु नै पीडित

**सर्वाधिक बसहरू** रहेको पश्चिम नेपाल बस व्यवसायी संघ र रेसुंगा यातायातबीचको झगडाले धेरै दिनसम्म यात्रुलाई पीडित बनायो।

ती दुई संस्थाबीचको अस्वस्थ प्रतिस्पर्धाले गर्दा झन्डै एक सातादेखि गुल्मी-बुटवल रुटमा यातायात सेवा अवरुद्ध भइरह्यो र बल प्रयोगका घटना पनि दोहोरिए।

लामो समयदेखि पश्चिम नेपाल बस व्यवसायी संघले एकाधिकार कायम गर्दै आफ्ना मात्र बसहरू सञ्चालन गरिरहेको गुल्मी-बुटवल खण्डमा रेसुंगा यातायात नामक नयाँ संस्थाले पनि बसहरू संचालन गर्न थालेपछि तीव्र विवाद उत्पन्न भएको हो।

रेसुंगा यातायात गुल्मी जिल्लामा स्थापना भएको यातायात संस्था हो। दसैंअघिदेखि त्यसले सो रुटमा नयाँ साना माइक्रो बसहरू संचालन गर्न सुरु गरेको थियो, तर आफ्नो एकाधिकारमा बाधा ठानिएका ती बसहरू रोक्न पश्चिम समितिले शक्ति परिचालन गरेको थियो। समितिले रेसुंगा यातायात अस्वस्थ र अवैधानिक प्रतिस्पर्धामा उत्रिएको दाबी गर्दै बस सेवा बन्द गर्न चेतावनी पनि दिएको थियो।



पश्चिम नेपाल बस व्यवसायी संघले नियन्त्रणमा लिएको रेसुंगा यातायातको बस।

तर रेसुंगाले भने आफ्ना बसहरू संचालन गर्न पाउनु अधिकार भएको र यात्रुले छानी छानी बस चढ्न पाउनुपर्ने भन्दै पश्चिम नेपालको चेतावनी बाबजुद पनि बस संचालन गर्दै आएको थियो।

पछिल्लो पटक एकले अर्काका बसहरू नियन्त्रणमा लिन बल प्रयोग नै हुन थालेपछि अवस्था अरू जटिल बन्दै गएको हो। रेसुंगाले आफ्ना बस पश्चिम नेपालले नियन्त्रणमा लिई दादागिरी गरेको बताएको छ भने पश्चिम नेपालले रेसुंगाबाट आफ्ना कर्मचारीलाई नै नियन्त्रणमा लिई बल प्रयोग गरेको दाबी गरेको छ।

पश्चिम नेपाल बस व्यवसायी संघका महासचिवले वार्ताका लागि गुल्मी गएका आफ्ना कर्मचारीलाई रेसुंगा यातायात र प्रशासनको मिलेमतोमा नियन्त्रणमा लिइएको र जबरजस्त


PENTIUM IV
MULTIMEDIA COMPUTER

Rs. 17,899/- Only



Bampar Dhamaka

Till Date : 30* Kartic

* 3 months parts Guarranty
* 12 months Free service warrenty

We Deal any types of computer sales & service

SHREE GANESH COMPUTER

Tel. : 01-2110763, 2110829, Kupondol, Hanumansthan

होम डेलिभरी फ्रि

के तपाईं आफ्नो मोटोपनबाट दिक्क हुनुहुन्छ ?
यदि तुरुन्तै मोटोपन घटाउन चाहनुहुन्छ भने
आजै भेलर्फम सौना वेल्ट प्रयोग गरौं।

रू. २४९५ मात्र साथै AB King Pro को Rs. 6500/-
साथै टिभीमा देखाइने अन्य सामानहरु



ग्लोबल टिभी प्रोडक्ट सप
पुतली सडक (शंकरदेव क्याम्पस अगाडि),
फोन नः ४२४२०६१, चावहिल २००२७९९
बुटवल फोन नः ०७१५४५७९३,
नाराणघाट फोन नं.: ९८४५०४२९२९

AB King Pro

यो वेल्टले तपाईंलाई ५५ मिनेटको प्रयोगमै २ से.मी. पेट घटाउँछ।









के तपाईंले कपाल गुमाउनु भएको छ ?
निराश नहुनुहोस्।
हामी दुरूस्तै बनाइदिन सक्छौं !!

कपाल नभएर स्वभाविक उमेर भन्दा वढी देखिंदा कस्तो लाग्ला ? अवश्य पनि नरामो। अब चिन्ता लिनु पर्दैन। न त कुनै **Surgery** न त कुनै **Side Effect !** कम्प्युटर डिजाइनअनुरुप कपाल पुनर्स्थापनपद्धतिवाट पहिलेको जस्तो कपाल पाउनुहोस्। नुहाउन, सुत्न, स्विमिङ्ग खेल्न, खेलकुद गर्न आदि कत्ति पनि समस्या नहुने।





" Hair Replacement Technology बाट मैले आफ्नो गुमाएको कपाल पाए धन्यवाद छ के३३ हेयर होटल लाई "

सुधांशु जोशी (फिल्म अभिनेता)

पहिलेको मूल्य रू. ~~१८,०००~~
अहिलेको मूल्य रू. १३,५००

सम्पर्क { काठमाडौं ४४६२२०७, ४४६२२०८, ४४६२२०९
पोखरा : ०६१-५४१४८०

Visit Our Web Site: www.k33nepal.com

MINOXIDIL (Hair Regrowth Solution) Also Available

के ३३ हेयरहोटल
कोटेश्वर, बालकुमारी पुलसँगै
पो.ब.नं.: २३५३४, मो. ९८५१०११३१५
इमेल: info@k33nepal.com

के ३३ हेयरहोटल
रानीपौवा-११, पोखरा
सिद्धार्थ बोर्डिङ्ग स्कूलको पछाडि, स्विमिङ्ग पुलसँगै
इमेल: sales@k33nepal.com

सहमति भएको प्रचार गरेको आरोप लगाए ।

कात्तिक २० गते गुल्मीको तम्घासमा बसेको सर्वपक्षीय बैठकमा यातायात सुचारु गर्ने सहमति भएको निर्णय सार्वजनिक भएको थियो । उक्त सकभ्कदारी पत्रमा वार्ताका लागि गुल्मी पुगेका पश्चिम नेपालका दुई कर्मचारीको पनि हस्ताक्षर थियो, तर सो समितिले आफ्ना ती कर्मचारीलाई जबरजस्त नियन्त्रणमा लिई हस्ताक्षर गर्न बाध्य पारेको जनाउँदै त्यो सहमति आफूलाई मान्य नभएको जनाएको छ ।

रेसुंगाका बस बन्द गर्ने आफ्नो माग पूरा नभए जताततै बस सेवा रोक्ने पश्चिम नेपालको हठपछि यातायात क्षेत्रमा अरू अनिश्चितता बढेको छ ।

रेसुंगा यातायातलाई गुल्मीमा स्थानीयस्तरमा सबै राजनीतिक दल, संघ-संस्थाहरूले समर्थन जनाएको छन् । स्थानीयस्तरमा माओवादीको बलियो साथ रहेको भनिएको सो समितिमा आधा दर्जन बसहरू रहेका छन् ।

केही दिन अघिमात्र पश्चिम नेपाल बस व्यवसायी संघको नयाँ नेतृत्व चयन भएको थियो । माओवादीको समर्थनमा छुट्टै बसहरू संचालन हुने सम्भावनालाई टार्नकै लागि समितिले नेतृत्वको एक महत्त्वपूर्ण पदमा माओवादी निकट व्यक्तिलाई निर्विरोध गराएको थियो ।

■ **दीपक ज्ञवाली/बुटवल** (तस्वीर पनि)

# पाइएन क्षतिपूर्ति



**पहिले बाबु रेशम** सार्की (नेपाली)लाई सेनाको हातबाट मारिए, त्यही पीरले आमा राधाले भ्कुन्डिएर आत्महत्या गरेपछि १० वर्षीय मीना नेपाली र उनका ४ वर्षीय भाइ अनिलको ओठको हाँसो बिलाएको छ ।

२०५९ साल असार १६ गते दाङ, गोलटाकुरी-८, कौवाघारीका तेह्रजना गाउँलेहरू राजकोट सैनिक क्याम्पको सीमाक्षेत्रमा बिजुलीको पोलका लागि काठ काट्न गएका थिए । सेनाले माओवादीको आशंकामा बाह्रजनालाई घटनास्थलमा माऱ्यो । एकजना भने भागेर ज्यान जोगाउन सफल भए । मारिने सबै दलित परिवारका छन् । मारिनेमा ११ जना सार्की थरका सोमराज, जोखबहादुर, भूपाल, रेशम नामका दुईजना, मंगल, रामलाल, नीबबहादुर, देवीराम, रामप्रसाद, रमेश र अर्का विश्वकर्मा थरका खड्कबहादुर छन् ।

सेनाले गाउँलेहरूलाई मारेर वनमै खाल्डो खनेर पुऱ्यो । परिवारलाई लाससमेत दिइएन । स्थानीय संस्था समाजमा वातावरणीय शिक्षाको विकास (सिड)को पहलमा सेनाबाट निर्दोष गाउँलेहरू मारिएकाले क्षतिपूर्तिको लागि पीडित परिवारबाट राष्ट्रिय मानवअधिकार आयोगमा निवेदन दर्ता गराइयो । आयोगले आवश्यक छानबिन गरी सेना दोषी ठहरिएको बेहोरा जनाई मृतकका प्रत्येक परिवारलाई जनही ५० हजार रुपैयाँ क्षतिपूर्ति दिन २०६२ जेठ ३ गते सरकारलाई सिफारिस गऱ्यो, तर सिफारिस भएको वर्ष दिन नाँघ्दा पनि कुनै परिवारले क्षतिपूर्ति रकम हात पार्न सकेनन् ।

■ **कृष्णराज चौधरी/दाङ** (तस्विर पनि)






# किताब चाहिए बैंक जानु

**कक्षा ६ मा** पुगेकी वादीकी गीता विम्रेल (सार्की)लाई बाआमाले पढ्न छुटाए। धेरै छोराछोरी, गरिब परिवार, स्कुल पढाएरमात्रै हुँदैनथ्यो। पढ्नका लागि किताब नभई पनि भएन। परिवारलाई खानै समस्या भएका बेला बा-आमाले किताबको जोहो गर्न सकेनन्। त्यसैले गीताले पढाइ छाड्नुभन्दा अरू विकल्प रहेन।

तर, किताब किन्न नसकेरै गीताले पढाइ छोड्नुपरेन। 'मन भए संयोग मिल्छ' भनेझैं गुल्मी रानीवासको बुक बैंक नेपालले उनलाई किताब सापटी दियो। जसले गर्दा उनी फेरि स्कुल जान थालिन्। पढ्न मेहनती गीता अहिले पनि कक्षाकी उत्कृष्ट छात्रा गनिन्छिन्।

गीताका बाआमा भन्छन्, 'टाठी थिई। पढ्न भनेपछि हुरुक्कै हुन्थी। सबैले पढाइको तारिफ गर्थे। आँसु झारेर पढ्न छुटाएका थियौं। हाम्रो आँसु बुक बैंकले पुछिदियो।'

गुल्मीका गरिब बालबालिकाहरू अहिले किताब किन्न नसकेर स्कुल छोड्नु पर्दैन। त्यस्ता बालकालिकालाई किताबको जोहो बुक बैंक नेपालले गरिदिन थालेको छ। विशेषतः गरिब, असहाय, दलित र अपांग गरी जिल्लाका करिब १२ सय विद्यार्थीले अहिले बुक बैंकका किताब पढिरहेका छन्।

बुक बैंकको स्थापना २०५८ सालमा भएको हो। सुरुमा जनबोध उच्चमाध्यमिक विद्यालयका दुईजना शिक्षक कृष्णप्रसाद ज्ञवाली र अस्ट्रेलियाली स्वंयसेवक ड्रिक एम्ब्रे तथा तीनजना विद्यार्थी मिलेर संस्था खोलेका थिए। उनीहरूको उद्देश्य त्यस स्कुलमा पढ्ने ६ देखि १० कक्षासम्मका गरिब, अपांग, दलित र छात्रा विद्यार्थीहरूलाई किताब सापटी दिनु थियो। जहाँ तीनजना विद्यार्थीबाट तीनजोर पुराना किताब सहयोग पाएपछि संस्थाले कारोवार सुरु गरेको थियो। तर अहिले त्यहाँ करिब १५ सय थान किताब पुगेका छन्। जुन गुल्मीका २७ वटा सामुदायिक उच्च मावि, मावि, निमावि र प्राविमा बाँडिएको छ। बैंकले यसपालिदेखि दश जोड दुईका किताबहरू पनि दिएको छ। यसबाहेक जिल्लास्तरीय अन्तर उच्चमावि रनिङ सिल्ड, हाजिरी जवाफ, प्राविस्तरीय चित्रकलालगायतका अतिरिक्त कार्यक्रमहरू पनि गर्न थालेको छ।

बुक बैंकका कोषाध्यक्ष रमेश ज्ञवाली भन्छन्, 'बुक बैंकले धेरैबाट आर्थिक र वैचारिक सहयोग पाएको छ। नत्र यसरी फैलाउन सक्ने थिएन।'

बुक बैंकले किताब सापटी कसरी दिन्छ त ? अध्यक्ष कृष्णप्रसाद ज्ञवालीका अनुसार स्कुलमा एउटा बुक बैंक उपसमिति बनाइन्छ। जहाँ विद्यालय व्यवस्थापन समिति, गाविस प्रतिनिधि, विद्यालयका छात्रछात्रा, बैंक प्रतिनिधि, दलित, महिला एक-एकजना र एकजना अन्य गरी नौजना हुन्छन्। त्यसपछि त्यस स्कुलमा पढ्न चाहने वा पढ्ने विद्यार्थीले किताब चाहियो भनेर समितिमा निवेदन दिनुपर्छ। समितिले विशेषतः महिला, दलित, असहाय र गरिब विद्यार्थीलाई छनोट गर्छ। छनोट गरेका विद्यार्थीबाट १० रुपैयाँ लिई एक वर्षका लागि किताब दिन्छ। ती विद्यार्थीले अर्को वर्ष पनि किताब लिन चाहेमा त्यही नियम दोहोरिन्छ।

■ **अमृता अनमोल/गुल्मी रानीवास** (तस्बिर पनि)







▲ जनतासँग नजिक हुने प्रतिस्पर्धा : एमालेका नेता तथा कार्यकर्ता बाटो खन्दै ।

माओवादी नेता तथा कार्यकर्ता धान काट्दै ।▲

# काम, दाम र प्रचार

**नेतादेखि कार्यकर्तासम्म** अल्छी प्रवृत्तिले गाँजेको भनेर टिप्पणी हुने गरेको एमालेदेखि जबरजस्त चन्दा उठाएर जनतालाई अप्ठ्यारोमा पार्दै आएको भनेर आलोचना हुने गरेको माओवादीसम्मले अचेल गाउँगाउँमा श्रम अभियान चलाएका छन् ।

जनतासँग नजिक देखिने यस्तो प्रतिस्पर्धामा एमाले र माओवादी दुवै उत्तिकै गतिमा लागेका छन् ।

बाटा खन्ने, धान काट्ने र यस्तै श्रमका अन्य कामहरू गरेर ती दलका नेता तथा कार्यकर्ताले पार्टी कामका लागि प्रशस्त अर्थ संकलन गरिरहेका छन् । उनीहरूले त्यस्तो रकम आजसम्म अधिकतम रुपमा जनतासँग चन्दा उठाएरै जुटाउने गरेका थिए ।

नेकपा एमालेले यस्तो श्रम अभियानमार्फत देशभरबाट झन्डै आठ करोड रुपैयाँ केन्द्रीय कोषमा जम्मा गर्ने भएको छ । त्यसका लागि एमाले जिल्ला जिल्लाका नेता तथा कार्यकर्तालाई धान काट्न र बाटोघाटो खन्न खटाएको छ ।

एमाले लुम्बिनी अञ्चल सचिव नेत्र पन्थी भन्छन्, 'रुपन्देही जिल्लाबाट मात्रै ३० लाख रुपैयाँ जुटाउन खटिएका छौं ।'

श्रमदान भनिए पनि यस्तो अभियानबाट पार्टीले रकम संकलन गरिरहेका छन् । ज्यालादारी रुपमा श्रममा खटिएका कार्यकर्ताहरूले श्रमबापत पाउने रकम एकमुष्ट रुपमा पार्टीलाई बुझाउने गरिएको छ । यस्तो अभियान एमाले र माओवादीमा मिल्दोजुल्दो छ । मगरात मुक्ति मोर्चाका सल्लाहकार मनवीर गर्बुजा भन्छन्, 'श्रम गर्नुपर्छ । ठगेर खानु हुँदैन, व्यक्तिगत लाभ लिनु हुँदैन ।'

माओवादी जनमुक्ति सेनाले नवलपरासी, कपिलवस्तु लगायतका जिल्लाहरूमा धान काट्ने अभियान चलाएको छ । सधैं युद्ध, आक्रमण र प्रत्याक्रमणमा व्यस्त रहने माओवादी सेना फुर्सदमा यस्तै गतिविधि गरिरहेका छन् ।

एमालेले त आफ्ना कार्यकर्तालाई विशेष निर्देशन नै जारी गरेको छ । जसअनुसार एमाले पार्टी सदस्यहरूले न्यूनतम पाँच दिनसम्म श्रमदान गर्नुपर्छ ।

श्रम अभियानका उत्प्रेरक समेत बनेका एमाले लुम्बिनीका नेता पन्थी भन्छन्, 'पार्टीका प्रत्येक सदस्यले अनिवार्य रुपमा पाँच दिनसम्म श्रमदान गर्नुपर्छ । त्यस्तो श्रम धान काट्ने, बाटो खन्ने वा त्यस्तै अन्य काम हुन सक्छ ।'

राजनीतिक निकासका लागि सकारात्मक परिणामहरू हात लागिरहेका बेला एमालेले श्रमदानबाट उठाएको रकम संविधानसभा र गणतन्त्रको प्रचार प्रसारका लागि खर्चिने दाबी गरेको छ ।

रुपन्देहीमा मधौलियाबाट उसले धान काट्ने अभियान थालेको हो । अहिलेसम्म उसले मधौलिया, टिकुलीगढ, आनन्दवन, बिसनपुरा लगायतका गाविसमा धान काटिसकेको छ । यसैगरी प्रत्येक गाविसमा कार्यकर्ताहरूबाट धान काटिने र त्यसबापतको रकम पार्टी कोषमा जम्मा गर्ने उक्त पार्टीले जनाएको छ ।

एमालेको त्यस्तो अभियानमा श्रमदान गर्नेहरूमध्ये बिसनपुराका ७० वर्षीय हवि उल पनि थिए, जसले द्वन्द्वमा छोरा गुमाएका थिए । श्रमदानमा हिँड्दा उनले भने, 'श्रम गर्दा कोही सानो भइन्नँ, सबै परिश्रमी बन्नुपर्छ, यस्तो काममा हिँड्दा मलाई आनन्द भएको छ ।'

रुपन्देहीको छिमेकी जिल्ला नवलपरासीमा माओवादी सेनाहरूले ७५ बिघा क्षेत्रफलको धान काटेको चौथो ब्रिगेड ३ नम्बर बटालियनका कम्पनी कमिसार आदर्शले बताए । उनले जिल्लाका नयाँ बेलानी, तमाससुर, वेणीमणिपुर, मैनाघाट, दुम्कीबास, देउराली लगायतका स्थानमा धान काटेको छ । गण्डक क्षेत्रको निर्देशनअनुसार माओवादी सेनाले यस्तो श्रम गरिरहेका छन् ।

माओवादी सेनाले जनताको मन जित्ने रणनीतिअनुसार युद्धपीडितहरूको धान पनि काटिदिएको छ ।

धान काट्ने अभियानमै जुटेको एमालेले रुपन्देहीको टिकुलीगढमा बाटो पनि खनिरहेको छ । एक नम्बर वडादेखि पाँचसम्मको कच्चीसडक निर्माणबाट सिसौडाँडादेखि बिसौहियासम्म बाटो जोडिनेछ । स्थानीय रीता सुवेदीले भनिन्, 'अब कुट्न, पिस्न र धानचामल बजार लैजान सजिलो हुने भयो ।'

माओवादी र एमालेको यस्तो श्रम अभियानलाई देखेर पाका मान्छे डिल्ली पौडेलले बताए, 'नेता तथा कार्यकर्ता सुविधाभोगी बनेका थिए, बल्ल श्रम गर्नु पर्छ भन्ने चेत खुलेछ । राम्रो भयो ।' जनतामा जाने र जनताको पक्षमा देखिने एमाले र माओवादीको यस्तो होड अर्थपूर्ण छ ।

एमालेका पन्थी भन्छन्, 'माओवादीको जबरजस्त चन्दाले सास्ती पाएका जनतासँग केको चन्दा माग्न जानू ? काम पनि हुने र रकम पनि संकलन हुने । त्यसैले नेता तथा कार्यकर्ताले नै श्रमदान गरेर रकम संकलन गर्ने योजना अघि सारेका हौं ।'

अल्छी बनेका नेता तथा कार्यकर्तालाई श्रममा खटाउने र पार्टीका लागि रकम जुटाउने ती पार्टीको योजना राम्रो भए पनि कृषि श्रमिकहरू आफ्नो भाग खोसिएको टिप्पणी गर्छन् । एक कृषि मजदुर राकेश चौधरी गुनासो गर्छन्, 'हामीले काट्ने र ज्याला लिने सप्पै धान पार्टीले काटेपछि हाम्ले के गर्ने ?'

■ **दीपक ज्ञवाली/बुटवल** (तस्बिर पनि)



दर्ताविहीन ट्राभल एजेन्सी

# गैरकानुनी व्यवसाय

**विराटनगरको मुटु** महेन्द्रचोकमा रहेको हलेसी ट्राभल्स एन्ड टुर्स एजेन्सीका मालिक ट्राभल एजेन्सी एसोसिएसन अफ विराटनगरका अध्यक्ष ख्याम नेपाल हुन्, तर अध्यक्षले नै संचालन गरेको एजेन्सी दर्ताविहीन छ भने पूर्वाञ्चलका अरू ट्राभल एजेन्सीको के कुरा गर्नु ? यसैगरी काँकरभिट्टा ट्राभल्स एन्ड टुर्स संघका अध्यक्ष यज्ञ मैनालीले संचालन गरेको सहारा ट्राभल्स एन्ड टुर्स पनि दर्ताविहीन छ, तैपनि उनको व्यवसाय पनि निर्धक्क चलिरहेको छ।

पर्यटन ऐन २०३५ अन्तर्गत जारी ट्राभल्स ट्रेकिङ एजेन्सी नियमावली २०६२ का अनुसार पर्यटन मन्त्रालयअन्तर्गतको पर्यटन कार्यकालयमा अनिवार्य दर्ता गराउनु पर्छ। नियमावलीअनुसार कम्पनी दर्ता गर्न न्यूनतम १० लाखको चुक्ता पुँजी र ३ लाख धरौटी राख्नु पर्छ भने फर्म दर्ता गर्न ५ लाखको चुक्ता पुँजी र ३ लाख नै धरौटी लाग्छ। नियमावलीमा नै एअर टिकट बिक्री गर्न एजेन्सी अनिवार्य दर्ता गर्नुपर्ने भए पनि पूर्वाञ्चलमा संचालित ३ सयको हाराहारीमा रहेका एजेन्सीहरू गैरकानुनी रहेको क्षेत्रीय पर्यटन कार्यालय काँकरभिट्टाले जनाएको छ।

ऐनमा भएका बुँदाहरूलाई ठाडो उल्लंघन गर्दै एजेन्सीहरू खोल्ने काम जारी रहेको कार्यालयका प्रमुख पदम कटेल बताउँछन्। यस कार्यालयमा मेची-कोशी दस जिल्लामा खोलिने एजेन्सीहरूलाई दर्ता गर्नु पर्छ, तर यस कार्यालयमा हालसम्म नौवटा मात्र एजेन्सी दर्ता छन्। जसमा झापामा ३, मोरङ ३, इलाम १ र सुनसरीमा २ वटा रहेका छन्। तर, कार्यालयका प्रमुख कटेल अनुगमनका आधारमा झापामा एक सय, मोरङमा एक सय, सुनसरीमा ५० र इलाम, ताप्लेजुङ, खाँदबारीमा दर्जनौंको संख्यामा अवैधानिक एजेन्सीहरू पाइएको बताउँछन्।

एजेन्सी नियमावलीअनुसार ५ वर्षमा एकपटक १५ हजार रुपैयाँ तिरेर नवीकरण गर्नु पर्ने, ६-६ महिनामा आवधिक प्रतिवेदन बुझाउनु पर्ने प्रावधान छ। तर दर्ताविहीन एजेन्सीहरूले हालसम्म कुनै पनि सरकारी निकायमा न त नवीकरण गराएका छन् न त प्रतिवेदन बुझाउँछन्।

आधिकारिक रुपमा दर्ता भएका एजेन्सीहरू यसको मारमा परेको संचालकहरू बताउँछन्। बोर्डमा दर्ता गराएर संचालन भइरहेको स्टर्न एसिया टुर्स एन्ड ट्राभल मोरङका पुष्प भट्टराई अवैधानिक एजेन्सीहरूलाई कारबाही गर्न नसक्नु सरकारको निकम्मापन भएको बताउँछन्। 'उनीहरू न दर्ता छन् न नवीकरण गर्छन् न प्रतिवेदन बुझाउँछन्, यस्ता एजेन्सीहरूसँग कसरी प्रतिस्पर्धा गर्ने', उनको भनाइ छ।

एयरलाइन्सहरूले आधिकारिक हो वा होइन नबुझी टिकट बिक्रीको अधिकार दिएको आरोप पनि उनीहरूको छ। टिकट धेरै बिक्री हुने लोभमा एयरलाइन्सहरूले विकृति बढाइरहेको उनीहरूको भनाइ छ। एयरलाइन्सहरूले टिकट बिक्री गर्ने क्षमता हेरी टिकट बिक्रीको अधिकार एजेन्सीहरूलाई दिने गरेका छन्। जसका लागि एजेन्सीहरूले प्रतिटिकट न्यूनतम ३ हजार रुपैयाँका दरले रकम धरौटी राख्नु पर्ने हुन्छ। जसबाट एजेन्सीहरूले न्यूनतम ४ देखि ८ प्रतिशतसम्म कमिसन पाउने गर्छन्। एयरलाइन्सहरू यो आरोप स्विकार्न तयार छैनन्, एजेन्सीहरूले आफूखुसी एयरलाइन्सको नाम लेखेर टिकट बिक्री गर्ने गरेको उनीहरूको दाबी छ। बुद्ध एयर विराटनगर क्षेत्रीय निर्देशक गिरीराज नेपाल दर्तावाला एजेन्सीलाई मात्र स्वीकृति दिएको बताउँछन्। कुनै एजेन्सीले एयरलाइन्सको नाम लेखेर टिकट बिक्री गर्दैमा आधिकारिक नहुने उनको भनाइ छ।

अवैधानिक तवरले एजेन्सीहरू सञ्चालन भइरहेको थाहा पाउँदा पाउँदै कुनै कारबाही गर्न नसकिएको क्षेत्रीय पर्यटन कार्यालय काँकरभिट्टाका अधिकारीहरूको भनाइ छ। 'हामीलाई कुनै अधिकार नै दिइएको छैन', प्रमुख कटेल भन्छन्, 'एजेन्सीहरू धमाधम गैरकानुनी तरिकाले खुलिरहेका छन् हामीलाई तिनीहरूलाई रोक्ने अधिकार त दिइएको छैन भने अन्यलाई कसरी कारबाही गर्ने।'

■ **नारायण खड्का/झापा** (तस्बिर पनि)


## मकालु यातायातको बस सेवा

**कलङ्कीबाट छुट्ने : मुख्य कार्यालय, फोन नं. ४२७७५५२, ४२८१९७२, ४२८७३०६**

### काठमाडौंबाट जाने

| | | | |
|---|---|---|---|
| काकडभिट्टा | बिहान ५.०० बजे | पोखरा | बिहान ७.३० बजे |
| भद्रपुर | बिहान ५.१० बजे | वीरगञ्ज रात्रि | बेलुकी ८.१५ बजे |
| मधुमल्ला | बिहान ५.२० बजे | कलैया | बिहान १०.१५ बजे |
| धरान | बिहान ६.०५ बजे | भरतपुर | बिहान ११.४५ र दिउँसो १२.१५ बजे |
| विराटनगर | बिहान ५.४५ बजे र ६ ४५ बजे | शिवनगर | दिउँसो १२.३० बजे |
| राजविराज | बिहान ६.०० बजे | टाँडी पर्सा | दिउँसो १.०० बजे |
| सिरहा/माडर | बिहान ६.१५ बजे | टाँडी-खोलेसिमल | दिउँसो १.४५ बजे |
| मलङ्गवा | बिहान ६.३५ बजे | पर्सा-कपिया | दिउँसो २.२० बजे |
| जनकपुर | बिहान ७.२० बजे | पर्साढाप-मेघौली | दिउँसो ४.४५ बजे |
| गौर | बिहान ६.५५ बजे | गीतानगर-जगतपुर | दिउँसो ४.१५ बजे |
| वीरगञ्ज | बिहान ७.०५, १०.१५ र ११.०० बजे | वरथवा | बिहान ७.४० बजे |

### काठमाडौंमा टिकट पाइने स्थानहरू

| कलङ्की | सुन्धारा | गौशाला | लगनखेल |
|---|---|---|---|
| २७३९१२/२८१७०४ | २५३१४२ | ४९३५५७/४९७१३७ | ५५२१६६६ |

### काठमाडौंतर्फ आउने

| | | | |
|---|---|---|---|
| काकडभिट्टाबाट | बिहान ५.०० बजे | वीरगञ्जबाट | बेलुका ८.३० बजे |
| भद्रपुरबाट | बिहान ४.५० बजे | कलैयाबाट | बिहान ८.०० बजे |
| मधुमल्लाबाट | बिहान ४.५० बजे | भरतपुरबाट | बिहान ५.३० बजे |
| धरानबाट | बिहान ४.२० बजे | पर्साबाट | बिहान ५.४५ बजे |
| इटहरीबाट | बिहान ५.००, ५.२०, ६.३० र ७.०० बजे | खोलेसिमलबाट | बिहान १०.३० बजे |
| विराटनगरबाट | बिहान ४.३० बजे | पर्सा-कपियाबाट | बिहान ६.३० बजे |
| राजविराजबाट | बिहान ५.३० बजे | मेघौलीबाट | बिहान ८.४५ बजे |
| सिरहा/माडरबाट | बिहान ५.१५ बजे | जगतपुरबाट | बिहान ८.१५ बजे |
| लहानबाट | बिहान ६.१५, ७.००, ७.१५ र ९.०० बजे | वीरगन्ज रात्रि | बिहान ६.४५ बजे |
| मलङ्गवाबाट | बिहान ५.१५ बजे | नारायणगढबाट | बिहान ६.१५, ६.४५, ७.००, ७.४०, ८.००, ८.१५, ८.४५ र दिउँसो ३.०० बजे |
| जनकपुरबाट | बिहान ८.१५ बजे | पार्वतीपुरबाट | दिउँसो १२.०० बजे |
| गौरबाट | बिहान ५.३० बजे | | |
| वीरगञ्जबाट | बिहान ९.००, ११.०० र ११.३० बजे | | |

अन्य स्थानहरू : काँकडभिट्टा र भद्रपुरमा मेची संघको काउन्टर, धरानमा बसपार्क (०२५)२०३७२, विराटनगरबाट बसपार्क नजिकै (०२१) ३०७२७, इटहरीमा पश्चिमचोक, राजविराजमा (०३१) २००९, लाहानमा (०३३) ६०३६६, सिराहामा (०३३) २०२३३, सिराहा/माडरमा (०३३) २०१३१, जनकपुरमा भानुचोक र रामानन्द चोक, मलङ्गवामा (०४६) २००४२, वीरगन्जमा (०५१) २१५२६, हेटौडामा भानुचोकमा (०५७) २०५३५, नारायणगढमा पुल्चोक बसपार्क (०५६) २४२०८।

*यात्रुहरूको सुविधाका लागि गौशाला र सुन्धाराबाट निःशुल्क मिनिबस सेवा उपलब्ध गराइएको छ।*



# यात्रामा सुधार

**मालवाहक गाडीजस्ता** देखिने दाङ-सल्यान सडकखण्डमा सञ्चालित यात्रुवाहक बसहरूमा कात्तिक ११ गते भएको दुर्घटनापछि केही सुधार आएको छ।

भाटाखोलाको त्यो दुर्घटनामा ४२ जनाको मृत्यु भएपछि आक्रोशित पीडित तथा स्थानीय बासिन्दाले राप्ती राजमार्गको दाङ-सल्यान सडकखण्ड २ दिनसम्म अवरुद्ध गरेका थिए। त्यसपछि विभिन्न ६ वटा बुँदामा भएको सहमतिअनुसारको क्रमिक रुपमा कार्यान्वयन भइरहेको छ। यात्रुवाहक बसहरूले सिटभन्दा बढी यात्रु राख्न छोडेका छन् भने सामान पनि राख्न छाडेका छन्।

दुर्घटनाको २ दिनपछि प्रमुख जिल्ला अधिकारी कृष्णश्याम बुढाथोकीको संयोजकत्वमा राप्ती अञ्चल बस व्यवसायी समिति, पीडित पक्ष, राजनीतिक दल, स्थानीय बासिन्दाहरूबीच छलफल भई ६ वटा बुँदामा सहमति भएको थियो। सहमतिअनुसार दुर्घटनामा परी मृत्यु भएका मृतकका परिवारलाई प्रतिव्यक्ति १७ हजार रुपैयाँका दरले किरियाखर्च राप्ती अञ्चल बस व्यवसायी समितिले २०६३ कात्तिक मसान्तभित्र बुझाइसक्नु पर्नेछ भने मृतकको बिमा रकम ५० हजार रुपैयाँ २०६३ माघ मसान्तभित्र समितिले बुझाउनु पर्ने। यसैगरी सहमतिअनुसार बसको छतमा यात्रु राख्न पाइँदैन भने यात्रुवाहक बसले मालवाहक गाडीको जस्तो गरी जस्ता पाता, सरिया राख्न पाइँदैन र अन्य सामान पनि १५ क्विन्टलसम्म मात्र राख्न पाइन्छ। यसैगरी दाङ-सल्यान सडकखण्डका कन्डिसन बिग्रिएका बसहरू तत्काल हटाउने पनि सहमति भएको छ।

जिल्ला प्रहरी कार्यालय सल्यानका प्रहरी नायव उपरीक्षक रोहबरबहादुर बस्नेत कडाइका साथ विभिन्न ठाउँमा ट्राफिक प्रहरी राखी सामान, अनियन्त्रित रुपमा राखिने यात्रुहरू राख्ने बसहरूलाई कारवाही गर्न लागी परेको बताउँछन्। उनी भन्छन्, 'अहिले सदरमुकाम खलंगा र कपुरकोटमा ट्राफिक प्रहरी राखिएको छ। त्यसैगरी शीतलपाटी र लुहाम बजारमा पनि ट्राफिक प्रहरी राख्ने तयारी भइरहेको छ।'

■ **रेशम डिसी/सल्यान**



# सूर्यनाथपछिको अख्तियार

■ किरण भण्डारी/काठमाडौं
तस्बिरहरू : भास्वर ओझा

**सूर्यनाथले नियुक्तिलगत्तै पूर्वसचिवको हैसियतले पाउने पेन्सन छाड्ने घोषणा गरेर तरंग ल्याए। राज्यकोषबाट तलब र पेन्सनको दोहोरो सुविधा लिनु अनैतिक हुने उनको घोषणामा आयोगकै आयुक्तहरू समेत सहमत भएनन्, तर सूर्यनाथलाई व्यापक जनसमर्थन मिल्यो।**

**सूर्यनाथ उपाध्याय** प्रमुख आयुक्त नियुक्त भएको केही दिनमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगले जग्गासम्बन्धी उजुरीको अनुसन्धान सकेर अदालतमा मुद्दा दायर गर्ने निर्णय गऱ्यो।

अभियोग पत्र तयार गर्न कागजातहरूको दर्जनौं प्रतिलिपि आवश्यक भयो। अख्तियारमा भएको एक मात्र फोटोकपी मेसिन सधैंजसो बिग्रेकैले बाहिर डुलाएर फोटोकपी गर्नुपर्ने अवस्था थियो।

भ्रष्टाचार जस्तो संवेदनशील विषयका प्रमाणहरू पसलमा पुऱ्याएर फोटोकपी गर्नुपर्ने अवस्था देखेर नवनियुक्त प्रमुख आयुक्त, आयुक्त र सचिव चकित परे। त्यति बेलाको भौतिक अवस्था मात्र हैन, अख्तियारको कार्यक्षमताको हविगत पनि त्यस्तै थियो भन्ने तथ्यांकहरूले प्रस्ट पार्छ।

२०५७ कात्तिकमा सूर्यनाथले प्रमुख आयुक्तको कार्यभार सम्हालेको ६ वर्षमा अख्तियारको भौतिक अवस्थाले अग्रगामी छलाङ मारेको छ। अहिले टंगालस्थित अख्तियारको नवनिर्मित कार्यालय भवन नेपालकै उदाहरण भन्न लायकको छ।

अख्तियारको भौतिक सुविधामा जुन अनुपातमा परिवर्तन आयो, यसको कामकारबाहीमा पनि पूर्ववर्तीहरूको तुलनामा त्यत्तिनै परिमाणात्मक र गुणात्मक वृद्धि भएको तथ्यहरूले देखाउँछ।

सूर्यनाथले कात्तिक १६ गते अवकाश पाएपछि भ्रष्टाचारविरुद्ध कार्यरत संघ-संस्था र व्यक्तिहरूले उनको अनुपस्थितिको खाडल पुर्न असम्भवप्राय: भएको बताएका छन्।

राजनीतिक र उच्च प्रशासनिक व्यक्तिहरूलाई कठघरामा उभ्याएर सूर्यनाथले छेडेको भ्रष्टाचारविरुद्धको जेहादको गरिमा जोगाउन मात्र पनि अख्तियारको भावी नेतृत्वले अथक परिश्रम गर्नुपर्ने निष्कर्ष ट्रान्सपरेन्सी इन्टरनेसनल, प्रो-पब्लिक, स्वशासन अध्ययन प्रतिष्ठान जस्ता सरोकारवाला संस्थाहरूले निकालेका छन्।

'भ्रष्टाचारीलाई कारबाही भएन, ऐन कानुनको परिपालना भएन, अख्तियारको अनुसन्धान वैज्ञानिक भएन, भ्रष्टाचार नियन्त्रणका लागि निरोधात्मक उपाय अवलम्बन गरिएन भन्ने जस्ता आरोपलाई अख्तियारको पछिल्लो नेतृत्वले मत्थर गरिदिएको थियो', स्वशासन अध्ययन प्रतिष्ठानका अध्यक्ष खेमराज नेपाल भन्छन्, 'भ्रष्टाचारविरुद्ध संस्थागत लडाइँ र दण्डहीनताको अवस्था अन्त्य गर्न अख्तियारले उल्लेख्य योगदान गरेको छ।'

अख्तियारमा परेका उजुरीको फर्स्योट लगत, मुद्दा र अन्य कारबाहीको विवरणले पनि नेपालको दाबीलाई पुष्टि गर्छ।


'विगतमा थोरै संख्यामा मुद्दा लाँदा समेत अख्तियारले ९० प्रतिशतभन्दा बढी हार्थ्यो', नेपालले भने, 'सूर्यनाथ उपाध्यायको नेतृत्वकालमा मुद्दाको संख्या मात्र दोब्बर भएन, अख्तियारको जित ९० प्रतिशतभन्दा माथि पुगेको छ।' नयाँ नेतृत्व आएपछि अख्तियारले ४ सयभन्दा बढी मुद्दा दायर गरेको छ।

अख्तियारले भ्रष्टाचारको छानबिन र कारबाहीमा चासो देखाएपछि 'सानालाई ऐन ठूलालाई चैन' भन्ने सामन्तवादी मान्यतामा केही आँच पुगेको छ। अख्तियारको सक्रियताले भ्रष्टाचारविरोधी लहर र सक्रियता ह्वात्तै बढेको छ।

२०४७ सालमा अख्तियार गठन भएको वर्ष ५ सय ६४ उजुरी परेकोमा त्यसको १० वर्षसम्म पनि उजुरी दोब्बरभन्दा नाघेन।

तर सूर्यनाथको नियुक्तिपछि उजुरीमाथिको कारबाहीले तीव्रता पाएको र 'मै हुँ' भन्नेहरूमाथि समेत कानुनको लाठो बज्रेपछि बर्सेनि १ हजारको दरले उजुरी बढेको छ। २०५७/५८ मा १२ सय ६१ उजुरी परेकोमा २०६१/६२ मा ४३ सय २४ पुगेको थियो।

सक्रिय शासनकालमा राजाको शाही आयोग गठन गरेपछि अख्तियारको गतिमा ब्रेक लाग्यो। राजाको शासनकाल र यस वर्ष पनि नेपाल भ्रष्टाचारको अवस्थामा सुधार नआएको



ट्रान्सपरेन्सीको वार्षिक प्रतिवेदनले देखाएको छ ।

सूर्यनाथले नियुक्तिलगत्तै पूर्वसचिवको हैसियतले पाउने पेन्सन छाड्ने घोषणा गरेर तरंग ल्याए । राज्यकोषबाट तलब र पेन्सनको दोहोरो सुविधा लिनु अनैतिक हुने उनको घोषणामा आयोगकै आयुक्तहरू समेत सहमत भएनन्, तर सूर्यनाथलाई व्यापक जनसमर्थन मिल्यो । उनी जनसमर्थन र सचिवालयको सहयोगमा अघि बढ्न सफल भए ।

लगनशील, मेहनती र व्यवस्थापकीय क्षमताका धनी सूर्यनाथले नियुक्ति भएको एक वर्ष नपुग्दै नक्कली प्रमाणपत्र, शिक्षक परीक्षाको नतिजा, भारतीय नोट, लाउडा प्रकरण लगायतमा हात हालेर भ्रष्टाचारीहरूको मुटुमा ढ्यांग्रो ठोकिसकेका थिए ।

जसरी धन कमाए पनि समाजमा सम्मानित हुन सकिन्छ भन्ने मान्यतामा अख्तियारको सक्रियतापछि केही परिवर्तन आयो । लामो समय सत्तासीन बनेको कांग्रेसका 'हेभी वेट'हरू खुमबहादुर खड्का, गोविन्दराज जोशी, जयप्रकाश गुप्ता, चिरञ्जीवी वाग्लेमाथि अनुसन्धान थालेर राजनीतिक भ्रष्टाचारमा आक्रमण गरेर अख्तियारले हिम्मत देखायो ।

राजस्वका २२ कर्मचारीको घरमा २०५९ साउन ३२ गते मध्यरातमा छापा मारेको घटना सूर्यनाथको ६ वर्षे कार्यकालको सबैभन्दा चर्चित घटना हो ।

समर्थनमा सडकमा नारा जुलुस मात्र निक्लेनन्, 'सूर्यनाथ आऊ देश बचाऊ' भन्दै सर्वसाधारण समेत ओर्लिए, अर्कोतिर उनका विरुद्धमा तीनवटा पुस्तक नै प्रकाशित भए ।

६ वर्षे कार्यकाल गाली र तालीको संगम भए पनि समर्थनकै पल्ला भारी भएको अख्तियारलाई नजिकबाट हेरेकाहरूको विश्लेषण छ । आयुक्तहरू र प्रमुख आयुक्तको निर्णयमा समान सहभागिता भए पनि जस र अपजसको भागीदार सूर्यनाथ मात्र बने । प्रेस, देशी, विदेशी निकायले सूर्यनाथ र अख्तियारलाई ६ वर्षसम्म पर्यायवाचीका रुपमा प्रस्तुत गरिरहे ।

आयुक्तहरूले अधिकांश निर्णयको स्वामित्व र जवाफदेहिता नलिएका कारण यस्तो परिस्थिति आएको हो । भ्रष्टहरूसँग लड्नु जोखिमपूर्ण ठानेर सूर्यनाथको काँधमा थमाउने प्रवृत्तिले उनलाई नै नायक बनायो ।

प्रो-पब्लिकले आयोगको आठ वर्षको समग्र क्रियाकलापको तुलनात्मक अध्ययन गरेर पछिल्लो काललाई निकै उपलब्धिपूर्ण ठहऱ्याएको छ । उक्त अध्ययनले अनुसन्धान, तहकिकात, उजुरीमाथिको कारबाही, मुद्दाको संख्या, विभागीय कारबाही, सचेत, ध्यानाकर्षण, सुझाव लगायत आधारमा पूर्ववर्ती नेतृत्वभन्दा सूर्यनाथको नेतृत्वको निकै अगाडि लम्केको देखाएको छ ।

यो कार्यकालको सफलता अख्तियारको कार्यढाँचामा ल्याइएको परिवर्तन, अनुसन्धानको गाम्भीर्य, भ्रष्टाचारसम्बन्धी कानुनमा संशोधन, कर्मचारीहरूको अथक मेहनतको योगफल हो । आयुक्तहरूबीच विभिन्न मन्त्रालय र क्षेत्र बाँडेर मुद्दा चलाउने-नचलाउने विषयमा एकजनाको निर्णय प्रभावी हुने गरेकोमा सूर्यनाथले सामूहिक निर्णयको परिपाटीको विकास गरे । कुनै पनि विषयको अनुसन्धान दुईजना आयुक्तले हेर्ने र त्यसमा आयोगको निर्णयपछि मुद्दा जाने परिपाटीले आयुक्तहरूले चलखेल गर्ने सम्भावना अन्त्य गरिदियो ।

उजुरको प्रकृतिअनुसार कानुनव्यवसायी, डाक्टर, इन्जिनियर लगायतका विज्ञ सल्लाहकारको परामर्श लिने परिपाटीको विकासलाई पनि उल्लेखनीय मानिएको छ । मुद्दामा भएको प्रक्रियागत त्रुटिका कारणले अख्तियारले पछिल्ला वर्षमा मुद्दा नहार्नुले अनुसन्धान पाटोलाई व्यवसायिक बनाइएको पुष्टि हुन्छ ।

ट्रान्सपरेन्सी इन्टरनेसनलका कार्यकारी निर्देशक आशिष थापाका अनुसार राजनीतिक वृत्त र कर्मचारीतन्त्रमा दण्डहीनताको अवस्थाको अन्त्य गर्दै त्रास सृजना गर्न सक्नु नै अख्तियारको सफलता हो ।

'अख्तियार पूर्ववर्ती नेतृत्वको तुलनामा कयौं गुणा सक्रिय देखियो', थापा भन्छन्, 'कार्यशैलीमा विभिन्न नवीन र वैज्ञानिक अवधारणाहरूको सुरुवातले नै सफलता सम्भव भएको हो ।' माघ १९ यताको झन्डै दुई वर्ष भने अख्तियारको यही नेतृत्व पनि अन्योलपूर्ण अवस्थामा रहेको भान भइरहेको उनले बताए ।

समान अधिकार र सुविधामा एकजना व्यक्तिको नेतृत्वले उही समूहमा कति प्रभावकारी परिणामा दिन सक्छ भन्ने उदाहरण सूर्यनाथ भएका छन् । त्यसैले अख्तियारको सफलता र कमजोर पक्षमा उनको व्यक्तित्व गाँसिएको छ ।

उत्तेजित स्वभाव उनको ठूलो कमजोरी मान्छन्, सहकर्मीहरू । सामूहिक निर्णयमा काम गर्नुपर्ने अख्तियारमा सूर्यनाथले एक्लो निर्णयमा राजस्वका २२ जनाको घरमा छापा मारेर अस्वभाविक व्यहोरा प्रदर्शन गरे भनी आलोचना गर्नेहरू पनि नभएका होइनन् ।

भ्रष्टाचारमा कारबाही गर्दा वामपन्थीहरूप्रति नरम र प्रजातन्त्रवादीहरूप्रति कडा नीति लिएको आरोप उनीमाथि सबैभन्दा जोडदार रुपमा लागेको छ । कांग्रेसका जल्दाबल्दा मन्त्रीमाथिको कारबाही र राजस्वका २२ कर्मचारीको घरमा छापा मारिएको घटनालाई राजनीतिक भेदभाव पुष्टि गर्ने आधारको रुपमा प्रस्तुत गर्ने गरिएको छ ।

एमाले समर्थक नेता तथा कर्मचारी भ्रष्ट नै छैनन् त ? भन्ने प्रश्न प्रजातन्त्रवादीहरूबाट सबैभन्दा टड्कारो रुपमा उठ्ने गरेको छ । मुटुको शल्यक्रिया गराउन अस्पतालमा भर्ना भएका कारण सूर्यनाथसँग यस विषयमा प्रतिक्रिया लिन सम्भव भएन ।

तर, अख्तियारका अधिकारीहरू एकपक्षीय भयो भन्ने आरोप निराधार र पूर्वाग्रहपूर्ण होइन र भन्ने प्रश्न गर्छन् । भ्रष्टाचारको स्रोत शक्तिको दुरुपयोग र शक्तिको स्रोत सरकार भएकाले सत्ताधारीहरू भ्रष्टाचारको मुद्दामा तानिनुलाई अस्वभाविक मान्न नहुने उनीहरूको सुझाव छ । '२०४७ यता कांग्रेसले ११ वर्षभन्दा लामो शासन गरेकाले स्वभाविक रुपमा भ्रष्टाचारमा ऊ अग्रपंक्तिमा छ ।' ती अधिकारी भन्छन्, 'अख्तियारले सबै दलकालाई समावेश गरेर भ्रष्टाचारको मुद्दा चलाउनुपर्ने आसय व्यक्त गर्नु त वैज्ञानिक भएन नि ।'

असोज १८ पछि अख्तियार राजाको गोटी भएर निर्देशित ढंगले चल्यो भन्ने आरोप पनि सदावहार बनेको छ । गिरिजाप्रसाद कोइरालादेखि झलकनाथ वाग्लेसम्मका नेताहरूमाथि अख्तियारले छानबिन थालेको घटनालाई त्यसको दृष्टान्त बनाउने गरिएको छ ।

सूर्यनाथका प्रशंसकहरू यो आरोपलाई पनि निराधार मान्छन् । कांग्रेसका प्रधानमन्त्री शेरबहादुर देउवाले २०५८ साल चैतमा सर्वोच्च अदालतका न्यायाधीश भैरवप्रसाद लम्सालको अध्यक्षतामा गठन गरेको सम्पत्ति जाँचबुझ आयोगको प्रतिवेदनले तयार गरेको सूचीअनुसार पत्र काट्दा अख्तियार कसरी पूर्वाग्रही हुने भन्ने उनीहरूको प्रश्न छ ।

'सरकारले अहिले पनि प्रतिवेदन सार्वजनिक गरेर हेर्ने हो भने अख्तियार पूर्वाग्रही हो कि लम्साल आयोग भन्ने पुष्टि हुन्छ', अख्तियारका अधिकारी भन्छन्, 'लम्साल आयोगले अनावश्यक आधारमा पोलेकालाई हामीले छानबिनपछि सफाइ दिएका दर्जनौं उदाहरण छन् ।'

'पर्नुपर्ने परेनन्' भ्रष्टहरूको योग्यताक्रम मिचियो भन्ने आवाज उठे पनि 'नपर्नुपर्ने'ले मुद्दा खेप्नुपऱ्यो भन्ने उदाहरण नै नभएकाले अख्तियारको कार्यसम्पादनलाई प्रशंसनीय नै मान्नुपर्छ ।

अख्तियारका अधिकारीहरूले जतिसुकै बचाउ गरे पनि यसले कसैलाई लाखापाखा गरेन वा पूर्ण रुपमा तटस्थता देखायो भन्नु अर्को अतिरञ्जना हुन सक्ने दृष्टान्तहरू प्रशस्त छन् । चियापसल खोलेर जीविका गर्नुपर्ने सांसदलाई भ्रष्टाचारमा पोल्नेदेखि इमानदार भनेर चिनिएका कर्मचारीलाई अनियमितताको आरोप लगाउनुले अख्तियारको संयन्त्र पूरै व्यवसायिक भने भइनसकेको पुष्टि हुन्छ ।

भ्रष्टाचारको आरोप लागेकाहरूको सम्पत्ति मूल्यांकन, बिगो कायम, धरौटी माग गर्ने प्रक्रियामा पनि समान प्रकृतिका मुद्दामा काखापाखा हुने गरेका उदाहरणहरू प्रशस्त छन् ।

जे भए पनि त्रास सृजना गरेर भ्रष्टाचार नियन्त्रण गर्न सूर्यनाथको नेतृत्व निकै हदसम्म सफल थियो । उनको बिदाइपछि सुशासनका लागि योगदान पुऱ्याउने जिम्मेवारी स्वभाविक रुपमा भावी नेतृत्वको उत्तरदायित्व भएको छ । ■



# अनियन्त्रित

■ मनीष गौतम/काठमाडौं

तस्वीरहरू : तेजबहादुर बस्नेत



**काठमाडौं उपत्यकाभर** फैलिएको झन्डै सातसय किलोमिटर सडकमा गुड्ने गरेका तीन लाखभन्दा बढी सवारीसाधनबाट सृजित ट्राफिक जामले काठमाडौंवासीको जीवन तनावग्रस्त हुन थालेको छ। कामकाज र व्यवसायका लागि दौडधुप गर्नुपर्ने राजधानीवासीहरू समयमै गन्तव्यमा नपुग्ने समस्याबाट पिरोलिएकै छन्। त्यसबाट उत्पन्न स्वास्थ्यसम्बन्धी समस्याले पनि उनीहरूलाई पिरोलेको छ।

'नियमित नै बनेको काठमाडौंको ट्राफिक जामका कारण मेरा छोराछोरी समयभन्दा अघि स्कुल जानु पर्ने र अबेर फर्कनु पर्ने समस्या छ', राजधानीवासी गृहिणी प्रतिभा शर्मा भन्छिन्, 'यसबाट उनीहरूले थप थकान महसुस गरेको पाएकी छु।'

सवारीसाधनको चापको अनुपातमा सडकको कमी, उचित ट्राफिक व्यवस्थापनको अभाव तथा सवारीचालकको लापर्वाहीले राजधानीको यातायात व्यवस्था जटिल र अनियन्त्रित हुन गएको हो। १९५८ सालमा राजधानीमा पहिलो गाडी भित्रिएको झन्डै पचास वर्षपछि मात्र सवारीसाधन व्यवस्थापनका लागि ट्राफिक प्रहरीको आवश्यकता महसुस गरिएको थियो। अहिले उपत्यकाको ट्राफिक व्यवस्थापनका लागि सात सयभन्दा बढी ट्राफिक प्रहरीहरू खटिएका छन्। 'सवारीसाधनको चाप हेर्ने हो भने यो जनशक्ति अझै कम मानिन्छ', नेपाल ट्राफिक प्रहरी केन्द्रीय कार्यालयका प्रहरी उपरीक्षक सौरभ राणा बताउँछन्।

मुलुकभर रहेको सडकको दूरी र सवारीसाधनको चाप गणना गर्ने हो भने एकजना ट्राफिक प्रहरीको भागमा झन्डै १५ किलोमिटर सडक र ४ सयको हाराहारीमा सवारीसाधन पर्न आउँछन्। ट्राफिक प्रहरी केन्द्रीय कार्यालयका अनुसार करिब १७ हजार किलोमिटर बाटो रहेको मुलुकमा ५ लाखको हाराहारीमा सवारीसाधन गुड्ने गरेका छन्। यसको अनुगमन तथा निरीक्षणका लागि १ हजार १ सय ८३ जना ट्राफिक प्रहरी खटिएका छन्।

तर ट्राफिक समस्याबाट सबैभन्दा बढी राजधानीवासी नै पिरोलिएका छन्। आयात हुने अधिकांश गाडी काठमाडौंमै दर्ता हुन्छन्। 'मुलुकभरको दर्ता भएको तथ्यांक केलाउने हो भने ७० प्रतिशतभन्दा बढी गाडी बागमती अञ्चलमा दर्ता हुने गरेका छन्', यातायात व्यवस्था विभागका अधिकृत जीवन सेढाई भन्छन्,

गत वर्ष मात्रै बागमती अञ्चलमा दर्ता भएका विभिन्नथरिको सवारीसाधनको संख्या २६ हजार ७ सयभन्दा बढी रहेको छ। जब कि गाडी आयात हुने मुख्य नाका मानिएको नारायणी अञ्चलमा त्यो वर्ष दर्ता हुने सवारीसाधनको संख्या १० हजारभन्दा बढी रहेको छ। २ सय ४६ वटा

## अब महिलाको जिम्मा

**राजधानीको ट्राफिक** व्यवस्थापनको जिम्मा उत्तरदायी हिसाबले महिला ट्राफिक प्रहरीले सम्हालेका छन्। उपत्यका केन्द्रित सत्तरीजना महिला ट्राफिक प्रहरीमध्ये थापाथलीस्थित ट्राफिक बिटको नेतृत्व सई लक्ष्मी गुरुङले लिएकी छन्। उनी भन्छिन्, 'हामी महिला ट्राफिक यहाँ सवारी व्यवस्थापनका लागि दिएको जिम्मेवारी वहन गर्न सक्षम छौं।'

साढे सात सय सिसीको मोटरसाइकलमा हुइँकिने गुरुङको जिम्मामा अहिले भोटेबहाल, त्रिपुरेश्वर, सुन्धारा र थापाथली चोकको ट्राफिक व्यवस्थापनको जिम्मा परेको छ। 'सायद सक्षम भएर काम गरेकाले होला यसपटकको उत्कृष्ट ट्राफिक पुरस्कार मैले पाएँ', गर्वका साथ गुरुङ भन्छिन्, 'पुरुष सहकर्मीले भन्दा राम्रो काम गरेको प्रतिक्रिया मैले पाएकी छु।' गुरुङको नेतृत्वमा अहिले २५ जना महिला ट्राफिक प्रहरीहरू राजधानीको सडक अस्तव्यस्ततालाई सुदृढ गर्न खटिएका छन्।



सवारीसाधन दर्ता भएको महाकाली अञ्चल सबैभन्दा कम सवारीसाधन दर्ता हुने क्षेत्रमा परेको छ। सवारीसाधनको चाप बढी हुनु र त्यसको अनुपातमा सडक कम भए पनि राजधानीको यातायात व्यवस्था अनियन्त्रित हुनुमा मानवीय कारणहरू पनि त्यत्तिकै जिम्मेवार छन्। राजनीतिक दल र उनीहरूको भातृ संगठन अनि पेसागत संघ-संगठनले गर्ने जुलुस धर्नाबाट पनि यहाँको ट्राफिक अस्तव्यस्त बनेको छ। अवरोध नभएको अवस्थामा यात्रुहरू सवारीसाधनको माध्यमबाट कुनै निश्चित स्थानमा पुग्न घन्टौं जाममा पर्ने गरेका छन्।

राजधानीमा पछिल्लो समयमा यातायात व्यवसायीहरू पनि चक्काजाम गर्ने सवालमा बढी सक्रिय र अराजक देखिएका छन्। सवारीसाधनमा चढेका यात्रुहरूलाई कहाँ कुन बेला जाममा परिने हो भन्ने पत्ता हुँदैन। यस्तै घटना कात्तिक १९ गते कलंकीमा देखिएको थियो। स्थानीय 'गुन्डा'ले ट्याक्सी चालकलाई हातपात गरेको भन्ने निहुँमा एक्कासि चालकहरूले बस तथा माइक्रोबस बीच सडकमा खडा गरी चक्का जाम गरेका थिए। यसका कारण यात्रुहरू अलपत्र देखिन्थे।

ट्राफिक अस्तव्यस्तको प्रमुख उदाहरण कलंकीको जामलाई लिन सकिन्छ। बालाजुको नयाँ बसपार्कबाट उपत्यका बाहिर हिँडेको गाडीलाई कलंकी छिचोल्दै थानकोट पुग्न घन्टौं लाग्ने गरेको छ। 'काठमाडौं आउन लागेकी मेरी आमाले थानकोटबाट ५ बजे फोन गरेर कलंकी लिन आउन बोलाउनु भएको थियो', दुई साताअघि कलंकी चोकमा आमालाई लिन गएका अनुप घिमिरे भन्छन्, 'तर थानकोटमा रहेको त्यो बस आठ बजेमात्र कलंकीमा आइपुग्यो।' माओवादीको भातृ संगठन अखिल क्रान्तिकारी ट्रेड युनियनका कार्यकर्ता एक साताअघि कलंकीको जाम व्यवस्था गर्नका लागि खटिएका देखिन्थे।

चक्रपथको सवारीसाधन अधिक जाम हुने भित्री क्षेत्रमा कालिमाटी, त्रिपुरेश्वर, रत्नपार्क, जमल, पुतलीसडक, सिंहदरवार, बानेश्वर, कोटेश्वर, चावहिल, बौद्ध, बालाजु बसपार्क आदि क्षेत्र प्रमुख पर्छन्। त्यसैगरी ट्राफिक जामको मुख्य भार बिहान ८ देखि ११ बजे र दिउँसो ३ बजेदेखि ७ बजेसम्मको समय रहेको छ। 'सवारीचालकहरूले निश्चित ट्र्याकमा नचलाई खाली ठाउँ देख्दा गाडी छिराइहाल्ने प्रवृत्तिले पनि गाडी जाम हुने गरेका छन्', थापाथलीस्थित ट्राफिक कार्यालयकी सई लक्ष्मी गुरुङ भन्छिन्, 'सवारीचालकहरू पनि अलिकति संयम भएर गाडी एक ट्र्याकमा चलाएपछि पनि यसको जामको समस्यामा केही सुधार आउँछ।'

सडकनियम उल्लंघन गर्नेहरूमा बढी जिम्मेवार मोटरसाइकल चालकहरू रहेका छन्। कहीं जाम हुनासाथ एक छिन रोकिने संयमता कायम नगरी फुटपाथमै मोटरसाइकल चढाएर पैदलयात्रीलाई जोखिममा पारेको देखिन्छ। त्यसैगरी काठमाडौंको साँघुरो सडकमा तीव्र र अनियन्त्रित वेगमा माइक्रोबस चलाउने गर्दा यसले सम्भावित दुर्घटना निम्त्याउने खतरा उत्तिकै छ।

सार्वजनिक यातायताका साधन जस्तै बस, टेम्पो तथा ट्याक्सी सीधै सडकमा रोक्नु पर्ने बाध्यताले पनि आवागमनलाई असर पारेको छ। राणा भन्छन्, 'सम्बन्धित निकायले सार्वजनिक सवारीसाधन अड्ने ठाउँ निश्चित गर्नु पर्छ।'

## समस्या स्वास्थ्यको

राजधानीमा चल्ने अधिकांश सवारीसाधनको उचित मर्मत सम्भारको अभाव तथा मिसावट गरिएको इन्धन प्रयोगका कारण यसले स्वास्थ्यलाई असर गर्ने धुवाँ फ्याँकिरहेको हुन्छ। 'सवारीसाधनबाट निस्कने धुवाँमा आँखाले देख्न नसकिने स-साना कण निस्किएका हुन्छन्, जुन मानव शरीरका लागि विष मानिन्छन्', त्रिवि शिक्षण अस्पतालमा कार्यरत डा. खगेन्द्र दाहाल भन्छन्, 'यसका कारण राजधानीमा श्वास-प्रश्वासजन्य समस्याबाट पीडित हुनेको संख्या बढ्दो छ।' यसखाले वायु प्रदूषणबाट सर्वसाधारण लगायत विशेष गरी कालकालिका, बूढाबूढी र फोक्सो तथा मुटुरोगीहरू प्रभावित हुने गरेको चिकित्सकहरू बताउँछन्। मोटरसाइकलबाहेक अधिकांश सवारीसाधन डिजेलबाट चल्ने गरेका छन् र यसबाट 'कार्सिनोजिन' उत्पादन हुन्छ, जुन मानव शरीरका लागि घातक भएको प्रमाणित भएको छ। सधैं धुवाँ र धुलोको सम्पर्कमा आउने राजधानी केन्द्रित ट्राफिक प्रहरीमा पनि श्वास-प्रश्वाससम्बन्धी समस्या देखिएको छ। ■



# ढाँट्नुको हद

**सेनाले रहस्यमय मौनता देखाइरहेको समयमा उनीहरूको शरीरको अवशेष फेला परेको हो**

चार वर्षअघि मारेर जंगलमा गाडिसकेको मान्छेलाई सेनाले गत वैशाखमा अझैसम्म आफ्नो सम्पर्कमा रहेको भन्ने प्रतिवेदन दियो। त्यसैको आधारमा असोजको ४ गते तत्कालीन गृह मन्त्रालय सहसचिव वामनप्रसाद न्यौपानेको एकल समितिले लमजुङ ईशानेश्वरका चोतनाथ घिमिरेलाई सैन्य हिरासतमा रहेको प्रतिवेदन सार्वजनिक गऱ्यो। दसैंको मुखमा घरमूलीको पत्तो लाग्ने आशामा बसेका उनका श्रीमती र छोराहरू कात्तिक १८ गते कास्की सौरवासको जंगलमा उनैको कंकाल खोतल्दै थिए।

२०६२ साल वैशाख ५ गते चलानी नं १६५ को पत्रमा सेनाको कार्यरथी विभाग मानवअधिकार शाखाले घिमिरे भोर्लेटारस्थित सैनिक ब्यारेकको सम्पर्कमा रहेको पत्र गृह मन्त्रालयलाई पठाएको थियो। उनलाई सार्वजनिक गर्न दबाब दिन असोज २४ गते पोखराबाट गएको मानवअधिकारवादीको टोलीलाई त्यहाँ रहेका उपसेनानी कृष्णकाजी थापाले चोतनाथ घिमिरेको नाम आफ्नो रेकर्डमै नभएको जवाफ दिएपछि आफन्तहरू आक्रोशित भएका थिए। त्यसपछि लगातार आन्दोलनमा उत्रिएका पीडितका आफन्त तथा स्थानीय बासिन्दाले यसअघि मारिएका व्यक्तिहरूको लास खोज्दै जाँदा उनीहरूको शरीरको अवशेष फेला परेको थियो।

घिमिरे दाजुभाइलाई सार्वजनिक गर्न माग गर्दै पीडितका परिवार तथा आफन्तले एक महिनाअघिदेखि ब्यारेक घेराउ र रिले अनशन लगायतका आन्दोलनका कार्यक्रम गर्दै आएका थिए। यसबीचमा सेनाको मानवअधिकार शाखाका अधिकारी लगायत मानवअधिकारवादीले भोर्लेटार ब्यारेकको भ्रमण गरेका थिए, तर सेनाले उनीहरूको नाम आफ्नो रेकर्डमै नरहेको दाबी गर्दै आएका थिए। उपसेनानी कृष्णकाजी थापाले प्राड विभागको पत्र गलत भएको भन्दै त्यसलाई सच्याउन लगाउने चुनौती आन्दोलनरत स्थानीयवासीलाई दिएका थिए। तर पछिल्ला दिनहरूमा सेनाले रहस्यमय मौनता देखाइरहेको समयमा उनीहरूको शरीरको अवशेष फेला परेको हो।



चोतनाथ घिमिरेको कंकालअगाडि आफन्तजन

राम गुरुङ

एमालेका ईशानेश्वर गाउँ समितिका सचिव ज्ञानप्रसाद अधिकारीका अनुसार २०५८ सालको मंसिरमा गएको सेनाको गस्ती टोलीले लमजुङको ईशानेश्वरदेखि कास्कीको तालचोकसम्म भेटिएका बटुवा तथा गाउँमा पसेर गाउँलेलाई जथाभावी कुटपिट गरेको थियो। त्यसै समयमा ईशानेश्वरका चोतनाथ घिमिरे र शेखरनाथ घिमिरेसहित दर्जनौं गाउँलेलाई तारेखमा लगाइदिएको थियो। घिमिरेद्वय तेस्रोपटक तारेख खेप्न जाँदा क्रमशः माघको २० र २५ गते समातिएका थिए। त्यसपछि उनीहरू कहिल्यै फर्केनन्।

सेनाको मानवअधिकार शाखाले आफ्नो सम्पर्कमा रहेको भनेका दुई व्यक्तिको अवशेष चार वर्षअघि आतंककारी गाडेको भनिएको ठाउँमा फेला परेको हो। गत वैशाख ५ गते सेनाको कार्यरथी विभाग मानवअधिकार शाखाले पठाएको चलानी नं १६५ को पत्रको आधारमा गृह मन्त्रालयले असोज २४ गते लमजुङ ईशानेश्वर-४ चिसंखुका चोतनाथ घिमिरे लमजुङ भोर्लेटारस्थित ब्यारेकमा रहेको सार्वजनिक गरेको थियो।

राज्यद्वारा बेपत्ता पारिएकाहरूको सूचीमा रहेका घिमिरे दाजुभाइलाई सेनाले २०५८ सालको माघमा पक्राउ गरेको हो। चोतनाथकी श्रीमती भागीरथी घिमिरेका अनुसार तेस्रो पटकको तारेखमा माघ २० गते तारेखमा गएका चोतनाथ त्यसपछि फर्किन पाएनन्। माघ २५ गते चोतनाथका दाजु शेखरनाथ घिमिरे र भागीरथी सँगै तारेखमा गएका बेला सेनाले भागीरथीलाई यातना दिएर छाडिदिएको थियो भने शेखरनाथलाई त्यसैबेला आँखामा पट्टी बाँधेर भित्र लगिएको भागीरथीले बताइन्।

उनीहरूसँग एउटै सैनिक हिरासतमा रहेका धर्मदत्त बरालका अनुसार गिरफ्तार गरेको ५४ दिनसम्म दुवै जनालाई सोही ब्यारेकमा यातना दिएर राखिएको थियो। त्यसपछि सँगै रहेका अर्का ईशानेश्वरकै बासिन्दा श्रीकान्त अधिकारीलाई काठमाडौं कारागारमा चलान गरिएको थियो भने धर्मदत्त छुटेका थिए। घिमिरे दाजुभाइ त्यहाँदेखि बेपत्ता थिए।

सँगै रहेका अन्य सर्वसाधारणलाई सरुवा वा छोडेकोलगत्तै सेनाले सीमावर्ती कास्कीको सौरावास जंगलमा दुईजना आतंककारी मारिएको समाचार दिएको थियो, तर मारिएकाहरूको नाम नखुलेको बताएको थियो। मानवअधिकार संगठन कास्कीका सभापति खगराज आचार्यका अनुसार त्यसैबेला पनि उनीहरू मारिएको शंका गरिए पनि गाउँका अधिकांश बासिन्दा सेनाको तारेखमा रहेकोले कसैले पनि खोज्ने आँट गरेका थिएनन्।

आन्दोलनबाट पर्याप्त दबाब सिर्जना हुन नसकेको भन्दै कात्तिक १७ गते बिहान बसेको पीडितका परिवार तथा स्थानीय बासिन्दाको भेलाले त्यसबेला आतंककारी भनेर मारिएकाहरूको शव उत्खनन गर्ने निर्णय गरेको थियो। चोतनाथका छोरा चन्द्रनाथ, शेखरनाथकी श्रीमती राधिका घिमिरे सहितको गाउँलेहरूको टोलीले त्यसबेला शव गाडिएको ठाउँमा उत्खनन गर्दा दुवैलाई सेनाले पक्राउ गर्दा लगाएका स्वेटर, टोपी लगायतका कपडा, शेखरनाथले हालेको नक्कली दाँत लगायत स्पष्ट चिनिने शरीरका अवशेष फेला परेको स्थानीय बासिन्दा ज्ञानप्रसाद अधिकारीले जानकारी दिए।

ढाँट्नुको हद कतिसम्म थियो भने पक्राउ परेको सात महिनादेखि सेनाले उनीहरूलाई आफूले पक्राउ नै नगरेको दाबी गरेको थियो। चोतनाथकी श्रीमती भागीरथीलाई सेनाले २०५९ साल असोज १५ गते ब्यारेकभित्रका खाडलहरू देखाएर घिमिरे दाजुभाई आफूसँग नभएको दाबी गरेको थियो।

सेनाले आफ्नो सम्पर्कमा रहेको भनेर जानकारी दिएको व्यक्तिका शव चार वर्षअघि नै गाडिएको ठाउँमा फेला परेपछि पीडितले मानवअधिकारवादी तथा सञ्चारकर्मीलाई स्वतन्त्र छानबिनको गरेका गरेका छन्।

■ केशव लामिछाने/पोखरा

# कम छैनन् माओवादी



माओवादी श्रम शिविरमा राखिएका बर्दिया, कालिका-५ का रामबाबु रेग्मीका बुवा, श्रीमती र छोरा

**द्वन्द्वको नाममा नागरिक बेपत्ताका यस्ता अनगिन्ती हृदयविदारक घटना देशैभरि भएका छन् । कमाइ गरेर पाल्ने परिवारको सहारा गुमाएर मानसिक एवं आर्थिक पीडामा पिल्सिएका असहाय परिवारजनलाई कुनै पनि सहयोग एवं राहत दिने नीति राज्यसँग हालसम्म छैन ।**

■ **सुमन अधिकारी /बर्दिया**

**२०६० साल** भाद्र २५ गते कोहलपुर-४, बाँकेका भोजराज ढकाललाई बाबुको श्राद्धमा बसिरहेका बेला माओवादीले अपहरण गरेपछि उनकी १६ वर्षीया छोरी दीपा ढकाल अझै पनि बुबालाई सम्झँदै पटकपटक बेहोस हुन्छिन् । अपहरणअगावै श्रीमतीले अर्को विवाह गरेका कारण भोजराजकी आमा विष्णुमाया र तीनजना बालबच्चा बेसहारा बनेका छन् । उनले आफ्नो छोरा सार्वजनिक गर्न माग गर्दै प्रचण्डलाई ०६३ भदौ २५ गते पत्र पठाएकी छन् ।

२०६२ फागुन ११ गते नेपालगन्जको आक्रमणमा आफ्नो ट्र्याक्टर प्रयोग नगर भन्ने आफ्नो आग्रहलाई माओवादीले पटक्कै नमानेपछि मोतीपुर-९ बर्दियाका केशव थारू ट्र्याक्टरसँगै गए, तर अझैसम्म फर्केका छैनन् । भिडन्तमा मारिएका मानिसहरूको खातमा आफ्नो छोरो जस्तो लागेकाले सद्गत गर्न लान्छु भन्दा उनका बुबा दरवारी थारूलाई प्रहरीले केशवको लास होइन होला भनेर फर्कायो । त्यसैले पनि छोरा फर्कने आशामा दरवारी थारूका बूढा आँखा अझै बाटो हेर्दै छन् ।

गुलरिया-४ का पन्नालाल बन्जाराका जेठा छोरो राजिन्दर बन्जारालाई माओवादीले कुटपिटबाट सख्त घाइते बनाएर छोडे । परिवारले भारतमा लगेर उपचार गराइरहेका बेला कान्छा छोरा धनेश बन्जारालाई २०६१ पुस २५ मा अपहरण गरे । माओवादीको कुटाइबाट सख्त राजिन्दरको मृत्यु सोही वर्षको माघमा भयो भने कान्छा धनेशको अहिलेसम्म अत्तोपत्तो छैन । माओवादीबाट आफूले पनि पिटाइ खाएका पन्नालाल ६ जना नातिनातिनालाई के खुवाउने र कसरी पढाउने भनी चिन्तित छन् ।

ताराताल-५, शक्रबस्ती बर्दियाकी चारमहिने सुत्केरी अनिता विकलाई छोरालाई दूध ख्वाइरहेका बेला बच्चाबाट छुटाई माओवादीले अपहरण गरेपछि उनकी छोरालाई बाख्रीको दूध ख्वाएर हुर्काइएको छ भने अनिताको अत्तोपत्तो छैन ।

साँझमा घरमा बसिरहेका कालिका-४, बर्दियाका नारायण सापकोटालाई अपहरण गर्न २०६० फागुन २ गते दुईजना आए । 'बिरामी छु, जान सक्दिनँ' भनेपछि लगत्तै पाँचजना आई लिएर गए । केही समयपछि पत्रिकामार्फत माओवादीले मारेको भनिए पनि परिवारजनले कुनै दशी प्रमाण नपाएका कारण काजकिरिया गर्ने-नगर्ने अन्योलमा छन् । उनकी आमा पदममाया सापकोटा भन्छिन्, 'छोराको मुख देख्न पाए आँखाको आँसु रोकिन्थ्यो कि बाबु, बच्चाबच्चीको दवाइ गर्दागर्दा हैरान परियो, ऋणै-ऋण छ, घरजग्गा धितोमा छ ।'

डेउडाकला-९ का सेनामा रहेका दाजुभाइ कृष्णप्रसाद अधिकारी (माओवादीको दबाबमा केही समयअघि जागिर छोडी घरमै बसिरहेका) र धर्मेन्द्र अधिकारीलाई बेपत्ता पारिएपछि बाबु संन्यासी बनेका छन् । बेसहारा बनेकी धर्मेन्द्रकी श्रीमती २३ वर्षीया तुलसी बालबच्चाको लालनपालन कसरी गर्ने पिरोलोमा छन् ।

कालिका-४ बर्दियाका दिलबहादुर खड्कालाई 'काम छ, एकैछिनमा आउनुहुन्छ' भनी मुखमा रुमाल बाँधेका, टिसर्ट र कट्टु लगाएका एक र सर्ट पाइन्ट लगाएका अर्को गरी दुईजनाले लिएर गएका थिए । अपहरणबारे दिलबहादुरको ठूलो छोराले केही भन्न खोज्दा घर विस्फोट गर्ने धम्की दिए । माओवादीले हत्या गरेको भन्ने हल्ला बेलाबेलामा गरिए पनि परिवार यकिन हुने आधार भेटिएको छैन । परिवारजन भन्छन्, 'कुकुर भुक्दा पनि वहाँ आउनुभयो कि जस्तो लाग्छ ।' घरमा धान नभएकी उनकी श्रीमतीलाई जसरी पनि धान दिनुपर्ने उर्दी लगाएपछि उनले ३ क्विन्टल धान सापट गरेर दिन बाध्य भइन् ।

श्रम शिविरमा राखिएका कालिका-५ बर्दियाका रामबाबु रेग्मी एवं बानियाभार-३, बर्दियाका सन्तोष थारूलाई परिवारजनलाई भेट्न नदिने, तर बिरामी खर्च परिवारले व्यहोर्नु पर्ने बाध्यता छ । अपहरण गरिएका गुलरिया-२ का नीरज यादवलाई छुटाइदिन्छौं भन्दै माओवादी कार्यकर्ता तथा केही टाठाबाठाले आफ्नो माओवादीसँग सम्पर्क भएको र पैसा दिए छुटाइदिने भन्दै परिवारबाट लाखौं रकम मागेर खाइदिएका छन् ।

यी केही उदाहरण मात्र हुन् । द्वन्द्वको नाममा नागरिक बेपत्ताका यस्ता अनगिन्ती हृदयविदारक घटना देशैभरि भएका छन् । कमाइ गरेर पाल्ने परिवारको सहारा गुमाएर मानसिक एवं आर्थिक पीडामा पिल्सिएका असहाय परिवारजनलाई कुनै पनि सहयोग एवं राहत दिने नीति राज्यसँग हालसम्म छैन । त्यत्रो लामो समयसम्म परिवारजन बपत्ता पारिएर पीडैपीडाको चक्रव्युहमा परेका परिवारप्रति लोकतन्त्रको दुहाइ दिने सरकार र नेताहरूको कुनै दायित्व हुँदैन र ? राजनीतिक समाधान अनि कुन दलले सत्तामा कति भाग पाउने टुंगो लगाउनु मात्रै द्वन्द्व समाधान होइन । मानवीय संवेदनाको यस मुद्दाले आपसी समझदारीमै प्राथमिकता पाउनुपर्ने होइन र ? शिक्षा, स्वास्थ्य एवं आर्थिक आय आर्जनको त के कुरा आफ्नै

घरआँगनबाट बेपत्ता पारिएका परिवार पाल्ने परिवारजनको वर्षौंसम्म अत्तोपत्तो नहुँदाको पलपलको मानसिक पीडामा पिल्सिएर वर्षौं काट्नु पर्दाको छटपटी कति पिडादायक होला ? बेपत्ता पारिएको परिवारजनलाई सकुशल भेटाउन चाहनु स्वभाविक हो, तर हत्या गरिएकै भए पनि त्यसको यथार्थ जानकारी तुरुन्त पाउनुपर्ने जोडदार माग परिवारजनको रहेको छ ।

बेपत्ताजनका सम्बन्धमा बेलाबेलामा चलाइने राम्रा नराम्रा हल्ला एवं परिवारका साना बालबच्चाले बारम्बार सोधिरहँदा झनै दुखित तुल्याउने गरेको छ । बेपत्ता परिवारजन भन्छन्, 'यतिका वर्षको क्षति एवं मानसिक पीडाको क्षतिपूर्ति कसरी हुन्छ?, विनाकसुर मानिसलाई लगेर बेपत्ता पार्नेलाई त्यस्तो काम गर्दा परिवारलाई कस्तो पीडा हुन्छ भन्ने महसुस हुने गरी सजाय दिनुपर्छ ।' आफ्नो मान्छे अपहरण गर्ने माओवादी निरन्तर उर्दी एवं धम्की ती परिवारले खेपिरहेका छन् । उल्टै ज्यू हजुर र आदर सत्कार गर्नुपर्ने बाध्यता छ । आर्थिक एवं अभिभावक अभाव, चेतना एवं प्रतिकूल पारिवारिक परिस्थितिका कारण बालबालिका विद्यालय जाने वातावरण नै छैन ।

शान्तिवार्ता सफल भएर द्वन्द्वको निकासको संघारमा मुलुक उभिएका बेलामा समेत बेपत्ता पारिएका नागरिक र परिवारजन, द्वन्द्वपीडित एवं विस्थापितहरूले कुनै राहतको महसुस गर्न पाएका छैनन् । द्वन्द्वसँग सरोकारै नभएर पनि विस्थापित भएका नागरिकलाई स्थापित गराउने एवं द्वन्द्वको नाममा बेपत्ता पारिएका नागरिकहरू खोजबिन गर्ने काम कागजमै सीमित छन् । लोकतन्त्रको स्थापनापछि यतिका महिना बितिसक्दा समेत द्वन्द्वको नाममा बपत्ता पारिएका नागरिकको खोजबिन जस्तो संवेदनशील मुद्दामा कुनै पहल भएको छैन । धेरैभन्दा धेरै जनतालाई दुःख दिन सफल भएको कारण शक्तिका रुपमा स्थापित माओवादीको सरकारमा आउने प्रक्रिया सुरु भइसकेका छन्, विदेश भ्रमणका सिलसिला सुरु भइसकेका छन् । तर सत्ताका भऱ्याङ बन्न पुगेका ती पीडित नागरिकको कुनै अत्तोपत्तो छैन ।

राज्यपक्षबाट बेपत्ता पारिएका नागरिकको स्थिति सार्वजनिक गर्ने सम्बन्धमा माओवादीले बेलाबेलामा एकतर्फी रुपमा हंगामा उठाउने गरेको भए पनि माओवादी पक्षबाट बेपत्ता पारिएका नागरिकका बारेमा खोजबिन त परै जाओस् कुनै चर्चा परिचर्चा समेत भएको पाइँदैन । माओवादीद्वारा बेपत्ता पारिएका भनिएको राष्ट्रिय मानवअधिकार आयोगको आधिकारिक तथ्यांकमा समेत समावेश हुन नसकेका कयौंको संख्यामा रहेका ती बेपत्ता नागरिकहरूको सम्बन्धमा सरोकारवाला एवं जिम्मेवार पक्षहरू मौन छन् । नेपालमा जन बलिदान अन्य देशको तुलनामा कम भएको भन्दै प्रचण्डले विभिन्न टेलिभिजनमार्फत आफ्नो तर्फबाट बेपत्ता पारेको जानकारी दिएमा एक महिनाभित्र सबैको स्थिति सार्वजनिक गर्ने बताएलगत्तै राष्ट्रिय मानवअधिकार आयोगद्वारा पेस गरिएको १ सय ५२ जनाको सम्बन्धमा महिनौं बितिसक्दा पनि ती नागरिकको स्थिति सार्वजनिक गर्नेतर्फ कुनै पहल भएको छैन । उता बेपत्ता पार्ने अमानवीय कार्यको संवेदना ख्यालै नगरी विगतमा आफूले बेपत्ता पारेका नागरिक सार्वजनिक गर्ने मुद्दामा समेत परस्परमा मोलतोल चलेको थियो ।

हुनत बेपत्ता पारिएका नागरिकका सम्बन्धमा राष्ट्रिय मानवअधिकार आयोगको तथ्यांक समेत अपूरो एवं अद्यावधि गरिएको छैन । आयोगले माओवादीलाई अद्यावधिक विवरण बुझाएको भनिए पनि यसमा एकातिर अवस्था ज्ञात भइसकेका नागरिकहरूको समेत नाम समावेश छ भने अर्कोतिर देशको विभिन्न भागमा बेपत्ता पारिएका कयौं नागरिकहरू त्यसमा समावेश छैनन् । देशैभरिबाट माओवादीद्वारा बेपत्ता पारिएका नागरिकसम्बन्धी राष्ट्रिय मानवअधिकार आयोग मानवअधिकारको १५२ जनाको विवरणमा सबैभन्दा बढी २२ जना बर्दियामा रहेको छ । आतंक पीडित टुहुरा समाज नेपालको एक अध्ययनले तीमध्ये १५ जनाको स्थिति सार्वजनिक भइसकेको र सातजनाको स्थिति अझै अज्ञात रहेको छ । तर बेपत्ता पारिएका अन्य धेरै नागरिकहरू उक्त विवरणमा समावेश हुन सकेका छैनन् । उक्त अध्ययनले माओवादीद्वारा बेपत्ता पारिएका अन्य २१ जना नागरिकको बारेमा जानकारी प्राप्त गरेको छ । राज्य पक्षले अझ ठूलो संख्यामा नागरिकहरू बेपत्ता पारेको दाबी माओवादीको छ । एक जिल्लाको उक्त अध्ययनले द्वन्द्वको नाममा देशभरिबाट बेपत्ता पारिएका नागरिकको संख्या निकै ठूलो हुन सक्ने इंगित गर्दछ । विस्तृत खोजबिनको क्रममा अझै बढी नागरिकहरू बेपत्ता पारिएको तथ्य फेला पर्ने देखिन्छ ।

देशमा मानवअधिकारको हनन अत्यधिक भएको समयमा मानवअधिकार रक्षाको लागि स्थापना गरिएको राष्ट्रिय मानवअधिकार आयोग मानवअधिकार ज्यादती रोक्नभन्दा मानवअधिकार हननका घटनाहरूको तथ्यांकीकरण गर्नेतर्फ बढी तल्लीन भएको देखिन्छ । यदाकदा मानवअधिकार ज्यादतीको सत्यतथ्य पत्ता लगाउन स्थलगत भ्रमणमा निस्कने सिलसिलामा प्रायः सडक सुविधा भएका ठाउँमा मात्र जाने, माओवादी अवरोध भएको खण्डमा माओवादीबाटै प्रेषित सूचना लिएर फर्कने गरिएको समेत सुनिन्थ्यो । आफैंले गरेको ज्यादतीको बारेमा माओवादीले दिने जानकारी कतिसम्म तथ्यपरक होला ?

मानवअधिकार आयोगको पीडित वर्गको तथ्य संकलन गर्ने प्रक्रिया वैज्ञानिक छैन । देशको कुनाकुनामा रहेका आम जनताको समेत मानवअधिकार रक्षाको दायित्व बोकेको मानवअधिकार आयोगमा पीडित आफैंले वा पीडितको पक्षबाट अरू कसैले उक्त पीडाको बारेमा उजुरी हाल्नुपर्छ । तिनै उजुरीहरूको आधारमा तयार गरिने मानवअधिकार आयोगको तथ्यांकमा आयोगको पहुँच बाहिर भएको कारणले त्यस सम्बन्धी आयोगको तथ्यांकमा उनीहरू समावेश रहने त सम्भावना नै रहेन । शिक्षा, स्वास्थ्य एवं जनचेतना जस्ता आधारभूत अधिकारबाट वञ्चित वर्ग नै सबैभन्दा बढी पीडित भएको यथार्थ हाम्रा सामु छ । हामीले ती पीडित वर्गलाई आफूलाई परेको अन्यायको बारेमा सम्बन्धित निकायहरूमा उजुरी दिनुपर्छ भन्ने चेतना जगाउन सकेका छैनौं । न त अधिकांश पीडित उजुरी गर्ने आर्थिक एवं सामाजिक हैसियत नै राख्दछन् । अर्कोतिर उक्त जानकारी राख्नेहरू समेत अपहरणपछि आफन्तको खोज तलास तथा उजुरी गरेमा मारिदिने माओवादी धम्कीका कारण उजुर गर्न जाने अवस्था छैन । मुलुकका यस प्रकारका संयन्त्रसँग सम्बन्ध स्थापित नभएका ती परिवारजनको सुनुवाइ गर्ने जिम्मेवारी राज्यको होइन र ? राज्यका यस प्रकारका संयन्त्र हुनु र नहुनुको तात्त्विक फरक उक्त पीडित परिवारलाई छैन । आधारभूत मानवअधिकारबाट समेत वञ्चित ती नागरिकको सुनुवाइ गर्न स्थानीयस्तरसम्म संयन्त्र निर्माण गरिनु पर्ने होइन र ?

आर्थिक, सामाजिक एवं भौगोलिक हैसियत जस्तोसुकै भए पनि प्रत्येक नागरिकले न्याय र समानताको अनुभूति गर्न पाउनुपर्छ । ती सबै नागरिकप्रति राज्य, यसका संयन्त्र एवं देश चलाउने जिम्मेवार राजनीतिक दलहरू उत्तिकै संवेदनशील हुनुपर्छ । स्थानीय तहसम्म पुगेर अहिलेसम्म अज्ञात रहेका द्वन्द्वको नाममा बेपत्ता पारिएका नागरिकहरूको खोजबिन, तिनीहरूको स्थिति सार्वजनीकरणका साथै लामो समयसम्म तनाव एवं आधारभूत आवश्यकताको अभाव झेलिरहेका परिवारजनलाई न्यायको प्रत्याभूति नै चालू शान्ति प्रक्रियाको एक महत्त्वपूर्ण कडी हो । ■



For Free Delivery to your Doorstep
Please Contact:
Himalayan Spring Water Inc.
Tel: 2052347, 2052349 (Tinkune),
2053107 (New Road),
2051649 (Kamal Pokhari),
2054220 (Tripureshwor),
2051651 (Jawalakhel)



भास्कर ओझा

# गाँस र वासको जबरजस्ती

■ गोविन्द परियार/काठमाडौं

**माओवादीले** राजधानीवासीलाई आफ्ना कार्यकर्ताहरूलाई तीन दिनसम्म गाँसवासको व्यवस्था गराउन दबाब दिएपछि बढेको चौतर्फी विरोधले पहिलोपटक पार्टीका अध्यक्ष प्रचण्डले सम्बोधन गर्ने भनिएको आमसभा स्थगित गरेको छ।

आफ्नो प्रभावित क्षेत्रमा राज गर्दै आएका माओवादीले शान्ति प्रक्रियाको थालनीसँगै राजधानीमा त्यही शैली प्रदर्शन गर्दै आफ्ना कार्यकर्ताहरूलाई घरमा राख्न दबाब दिएका थिए। राजधानीवासीले भने माओवादीको त्यस्तो शैलीको विरोधमा उत्रिएका थिए। माओवादीले राजधानीमा ठूलो संख्यामा जनता आउने भएकाले तीन दिनको लागि गाँसवासको सहयोग गर्न अनुरोध गरेको तर बलजफ्ती नगरेको बताएको थियो। जबरजस्ती वासगाँसको व्यवस्था गराउनु पर्ने दबाबपछि ललितपुरका बासिन्दाहरूले कुपन्डोलस्थित माओवादीका जातीय मोर्चाहरूको कार्यालयमा कात्तिक २२ गते घेराउसमेत गरेका थिए। जनताको यस्तो आक्रोशले पनि माओवादीमा राजधानीमा गरिन लागेको आमसभा स्थगित गर्न दबाब पुगेको विश्लेषकहरू बताउँछन्।

सात दल र माओवादीबीच भएका शान्ति सम्झौतालाई लत्याएर माओवादीले प्रदर्शन गरेका यस्ता व्यवहारले विशेष गरेर काठमाडौंको चक्रपथ क्षेत्रका जनता आतंकित भएका थिए। ललितपुरको कुसुन्ती क्षेत्रका घरधनीहरूले घरमा माओवादी कार्यकर्ता राख्न नसक्ने बरु प्रत्येक घरले चार सय रुपैयाँ सहयोग गर्ने बताएका थिए। समाजशास्त्री कृष्णबहादुर भट्टचन भन्छन्, 'राजधानीका घरहरूमा पाँच सातजना मानिस थप राख्नु भनेको समस्या हो। त्यसैले त्यसको वैकल्पिक व्यवस्था माओवादीले गर्नु पर्छ।' माओवादीले दबाब दिएर गाँसवास दिनुपर्ने भनेपछि मानवअधिकार आयोगमा लिखित र मौखिक उजुरीहरू समेत परेको आयोगले बताएको छ। जनताको आफ्नो निजी सम्पत्तिमा स्वतन्त्रतापूर्वक बस्न पाउने अधिकारमाथि हस्तक्षेप गरेर माओवादीले न्यूनतम मानवअधिकारको उल्लंघन गरेको आरोप मानवअधिकारवादीहरूले लगाएका छन्।

इन्सेकका अध्यक्ष सुबोध प्याकुरेल भन्छन्, 'माओवादीले राजधानीमा प्रदर्शन गरेको व्यवहार मानवअधिकार, जनताको मौलिक अधिकार र मानवीय स्वतन्त्रतामाथिको नांगो आक्रमण हो।' राष्ट्रिय मानवअधिकार आयोगले माओवादीलाई बलजफ्ती चन्दा र आफ्ना कार्यकर्ताहरू राख्नको लागि काठमाडौंवासीलाई दबाब दिएको बताउँदै यस्तो कार्यले भयमुक्त वातावरणमा जीवनयापन गर्न, गोपनीयता राख्न पाउने जस्ता नागरिक तथा राजनीतिक अधिकार विषयक अन्तर्राष्ट्रिय अनुबन्ध १९६६, प्रचलित नेपाल कानुन तथा मानवअधिकार र मानवीय कानुनका आधारभूत सिद्धान्तको उल्लंघन गरेको बताउँदै तुरुन्त यस्तो कार्य रोक्न आग्रह गरेको थियो।

माओवादी र साता दलबीच भएको पछिल्लो सम्झौताले मुलुक शान्ति पथमा अग्रसर भएको भए पनि माओवादीको व्यवहार नसुध्रिएको भन्दै व्यापक विरोध हुनथालेपछि माओवादी अध्यक्ष प्रचण्डले कात्तिक २४ गते राजधानीमा गर्ने भनिएको आमसभा स्थगित गरेका हुन्। प्याकुरेल भन्छन्, 'माओवादीको कार्यशैलीले बालुवाटारमा भएको सात दल र माओवादीको सम्झौताको अन्तरवस्तु समेत उदांगो भयो।'

जनताबाट स्वेच्छिक चन्दा लिने गरेको माओवादीको नेतृत्वले बारम्बार बताउने गरे पनि राजधानीका व्यवसायिक सानाठूला सबैजसो पसलमा रकम तोकेर चन्दा उठाउने अभियान झनै तीव्र भएको छ। नयाँबजारमा मोटरसाइकल वर्कसप सञ्चालन गर्दै आएका एक व्यापारी नाम नबताउने सर्तमा भन्छन्, 'दुई महिनाअगाडि मात्रै २० हजार चन्दा दिएको थिएँ, तर अहिले ५० हजार दिनुपर्ने बताएको छ। मसँग त्यो रकम दिनसक्ने क्षमता नभएकाले नेवाः मुक्ति मोर्चाको कार्यालयमा गएर सबै जानकारी गराउँदा समेत कुनै सुनुवाइ भएन।' अहिले राजधानीमा रहेका माओवादीको सम्पर्क कार्यालयमा तोकिएको चन्दा दिन नसक्ने भन्दै उजुरी परे पनि माओवादीले उनीहरूको समस्याको खासै सुनुवाइ नगरेको पीडितहरूको गुनासो छ।

राजधानीमा कात्तिक २४ गते हुने आमसभामा माओवादीले दस लाख जनता उतार्ने बताएको थियो। कम्तीमा पनि प्रत्येक घरमा दसजना आफ्ना कार्यकर्तालाई वास दिनुपर्ने माओवादीले बताएपछि यहाँका बासिन्दा हैरानीमा परेका थिए। उता राजधानीका धर्मशाला, स्कुल लगायतका क्षेत्रमा पनि माओवादीले निःशुल्क आफ्ना कार्यकर्ता राख्न दबाब दिएको थियो। नेपाल राष्ट्रिय शिक्षक संगठनका अध्यक्ष हीरा नेपाल भन्छन्, 'माओवादीले नै तोकेको चन्दा दिनुपर्ने, तीन दिन गाँसवासको व्यवस्था गराउनु पर्ने भन्दै स्कुलहरूमा माओवादीको दबाब आएको छ।' माओवादीको यस्तो दबाबले स्कुलको पठनपाठन र वातावरणमै नकारात्मक असर पारेको नेपाल बताउँछन्। माओवादीको यस्तो रवैयाले जनताको मत जित्नुको साटो उल्टै आक्रोश बढ्ने राजनीतिक विश्लेषकहरू बताउँछन्। माओवादीको चन्दा लगायतका गतिविधि नरोकिएपछि सात दल र माओवादीबीच भएको बालुवाटारको सहमतिमा समेत माओवादीहरूले चन्दा उठाउने, हतियार प्रदर्शन गर्ने लगायतका क्रियाकलाप गरेमा दण्डनीय हुनु पर्ने अडान सात दलले राखेका थिए।

माओवादीले काठमाडौंवासी जनतालाई प्रत्येक घरले उसका १०-१५ जना कार्यकर्तालाई पाल्नु पर्ने दबाब दिएपछि बुधवार ललितपुरमा त्यसको सशक्त प्रतिरोध गरेका थिए। बिहान सात बजेदेखि बेलुका अबेरसम्म प्रदर्शन जारी थियो भने सडक पूरै बन्द थियो। 'हामी माओवादी पाल्दैनौं' भन्ने लगायतका विभिन्न खाले प्लेकार्ड बोकेर जनता विरोधमा निस्किएका थिए।

माओवादी कार्यकर्ताले जुलुसका सहभागीप्रति दुर्व्यवहार गरेपछि पटक-पटक वातावरण तनावग्रस्त बनेको थियो। माओवादी कार्यकर्ता लालध्वजले मोवाइल फोनबाट फोटो खिचेर जनतालाई धम्क्याउने प्रयास गरेका थिए।

घटनाको जानकारी पाएपछि आएको संयुक्त राष्ट्रसंघीय मानवअधिकार उच्चायुक्तका प्रतिनिधिले माओवादी नेता र जनताबीच वार्ता गराउने प्रयास गरेका थिए। वार्ताका लागि आएका माओवादी कार्यकर्ता हतियार लिएर आएको बताउँदै जनताका प्रतिनिधिले विरोध गरेपछि वार्ता हुन सकेको थिएन।

विगतमा दुर्गमस्थलमा आक्रमण गर्दा त्यसको प्रेस विज्ञप्ति निकालेर सञ्चारमाध्यमलाई तत्काल जानकारी दिने गरेका माओवादी नेताहरूले काठमाडौं उपत्यकामै करिब दस घन्टासम्म जनताको विरोध प्रदर्शन हुँदासम्म पनि चुप लागेका देखिन्थे। यसरी माओवादी नेतृत्वतह आफ्ना कार्यकर्ताबाट भएको ज्यादतीप्रति आँखा चिम्लने गरेको स्पष्ट हुन्छ। यतिखेर माओवादी अध्यक्ष प्रचण्ड उपत्यकामै हुँदा समेत गल्ती स्विकार्नु पर्नेमा उल्टै जुलुसमा दरवारियाहरूको घुसपैठ भएको भन्दै आरोप लगाएका छन्। यस्ता कार्यले माओवादीले आफ्ना कार्यकर्तालाई जबरजस्ती चन्दा उठाउन घुमाउरो पाराले प्रोत्साहन गरेको विश्लेषकहरू बताउँछन्। ■

# जबरजस्ती सदस्यता

■ ज्योति देवकोटा/काठमाडौं



अखिल (क्रान्तिकारी) को कार्यक्रममा सहभागी स्कूले विद्यार्थीहरू

तेजबहादुर बस्नेत

**बाहवर्षे सशस्त्र द्वन्द्वपछि** माओवादी शान्तिपूर्ण खुला राजनीतिमा प्रवेश गर्न लागेको अवस्थामा पनि माओवादी समर्थित विद्यार्थी संगठन अखिल क्रान्तिकारीले भने अझै शिक्षण संस्थालाई तारो बनाउन छोडेको छैन। क्रान्तिकारीले पछिल्लोपटक राजधानी र आसपास क्षेत्रका सरकारी तथा निजी शिक्षण संस्थालाई राजनीतिक गतिविधिको अखडा बनाउने काम निरन्तर जारी राखेका छन्।

अखिल (क्रान्तिकारी)को राजधानीमा सम्पन्न सातौं केन्द्रीय सम्मेलनमा जनवादी शिक्षालाई कडाइसाथ लागू गर्ने नीति पारित गरेको थियो। त्यसलगत्तै केन्द्रीय सदस्य खगेश्वर केसीको संयोजकत्वमा जिना मगर र नरेन्द्र न्यौपाने सदस्य रहेको समिति बनाएर राजधानी र काँठ क्षेत्रका शिक्षण संस्थामा 'गणतान्त्रिक विद्यार्थी अभियान'को नामबाट कार्यक्रम सञ्चालन भइरहेका छन्।

राजधानी र काँठ क्षेत्रमा आफ्नो सांगठनिक स्थिति सुदृढ गर्ने रणनीति पारित भएपछि क्रान्तिकारीले यस क्षेत्रमा आफ्नो कार्यक्रमलाई तीव्रता दिएको छ। यो अभियानअन्तर्गत विद्यालय तथा क्याम्पसमा प्रवेश गरेर जबरजस्ती सदस्यतापत्र वितरण गर्नुका साथै पढाइ बाधा पुऱ्याएका छन्।

क्रान्तिकारीले पत्रमार्फत गणतान्त्रिक अभियानबारे विद्यार्थीलाई कक्षा लिन पाउनुपर्छ भन्दै कक्षा अवरोध पुऱ्याएको विद्यालयले जनाएका छन्। यसबाट पठनपाठन अवरुद्ध भए पनि कुनै विद्यालयले विरोध गर्ने हिम्मत गरेका छैनन्। गणतान्त्रिक अभियानका नाममा पढाइमा बाधा पुगेको विषयमा आधिकारिकरुपमा कुनै विद्यालयले गुनासो नगरेको प्याब्सनले जनाएको छ। प्याब्सनका वरिष्ठ उपाध्यक्ष भोजबहादुर शाह भन्छन्, 'क्रान्तिकारीको कार्यक्रमले विद्यालयको पढाइमा बाधा पुगेको मौखिक कुरा सुनिएको छ।'

पछिल्ला दिनमा क्रान्तिकारीका सदस्यमात्र होइन, माओवादी कार्यकर्तासमेतले राजनीतिक अभीष्टका लागि सञ्चालित कार्यक्रममा स्कूले विद्यार्थीहरूको प्रयोग गर्ने क्रम बढिरहेको छ। उनीहरूले विद्यालयको स्वीकृतिविना भौतिक सामग्री पनि जबरजस्ती प्रयोग गरिरहेको जनाइएको छ। 'अहिलेका बोलवाला माओवादी नै हुन्, उनीहरूको दादागिरीको अगाडि हामीहरू मौन बस्न बाध्य छौं', धापासीस्थित एक निजी विद्यालयका प्राधानाध्यापक बताउँछन्।

विद्यालयमा हुने यसप्रकारका गतिविधिबाट बालबालिकामा नकारात्मक असर पुग्ने निश्चित छ। कलिला उमेरका विद्यार्थीमाथि जबरजस्ती राजनीति थोपर्न खोज्ने माओवादी भातृ संगठनको अभियानप्रति अभिभावकले असन्तुष्टि जनाएका छन्। अभिभावक संघ, नेपालले राजनीति गर्ने बहानामा कलिला मस्तिष्कमा राजनीतिक विचार थोपर्न नहुने जनाउँदै यस्ता क्रियाकलापप्रति असहमति जाहेर गरेको छ। 'राजनीतिक दलहरूले आफ्नो अस्तित्व बचाउनका लागि बालबालिकालाई प्रयोग गरिनु हुँदैन', अभिभावक संघ नेपालका अध्यक्ष सुप्रभात भण्डारी बताउँछन्।

अहिले उपत्यकाभित्र मात्रै १ हजार ५ सय निजी तथा आवासीय विद्यालय र ५ सयको हाराहारीमा सरकारी विद्यालयहरू रहेका छन् र यी विद्यालयमा अध्ययनरत झन्डै आठ लाख विद्यार्थीहरूलाई पार्टीगत शिक्षा दिने रणनीतिलाई माओवादी भ्रातृ संगठनले आफ्नो प्रमुख एजेन्डा बनाएका छन्।

विद्यालयलाई शान्ति क्षेत्र बनाउने अवधारणा अगाडि आइरहेकै बेला माओवादी समर्थित संगठनले कलिला विद्यार्थीलाई इच्छाविपरीत राजनीतिक प्रशिक्षण दिँदा मानसिक आघात पुग्ने मनोविज्ञ प्रा. डा. मुरारीप्रसाद रेग्मी बताउँछन्।

शिक्षक, विद्यार्थी र अभिभावकको विरोधका बाबजुद पनि आफ्नो अभियानलाई अगाडि बढाएको क्रान्तिकारीले भने यो अभियान स्वेच्छिक भएको जनाएको छ। राजनीतिक अधिकारबाट स्कूले विद्यार्थीलाई वञ्चित गर्न नमिल्ने उनीहरूको धारणा छ। गणतान्त्रिक अभियानका सदस्य न्यौपाने भन्छन्, 'हामीले जबरजस्ती कसैलाई दबाब दिएर विद्यालयमा कार्यक्रम गरेका छैनौं र सदस्यता पनि वितरण गरेका छैनौं।'

राजधानीमा रहेका विद्यालयमा एकमहिने कार्यक्रमका लागि माओवादीले सातवटा अभियान समूह बनाएको छ। भक्तपुर र ललितपुरमा एक, एक, काठमाडौंमा दुई र काँठ क्षेत्रका लागि तीनवटा अभियान टोलीले अहिले विद्यालय तथा क्याम्पसमा गएर क्रान्तिकारी संगठन विस्तारको नाममा जबरजस्ती सदस्यता वितरण गर्ने गरेका छन्। 'संगठनको विधानलाई स्विकार्दै विद्यार्थीको स्वेच्छाले सदस्यता दिइएको' भन्दै उनीहरूले वितरण गरेको सदस्यतामा लेखिएको छ, 'हाम्रो संगठनमा सक्रिय रहनु भएकोले तपाईंलाई यो सदस्यता दिइएको छ।' शिक्षाजस्तो संवेदनशील क्षेत्रमा राजनीतिक उद्देश्यका लागि जबरजस्ती गरिएका कार्यक्रमलाई बन्द नगर्ने हो भने यसले शिक्षा क्षेत्रमा प्रतिकूल असर पार्ने निश्चित छ। ■

# थोरै तर राम्रै

**यथेष्ट एजेन्डाविना नै भारत भ्रमणमा आएका उपप्रधानमन्त्री केपीशर्मा ओलीले भारत भ्रमणको चार दिन मुलुकको हितमा राम्रैसँग सदुपयोग गरे ।**

■ **मनोज दाहाल/नयाँ दिल्ली**

**एक साताव्यापी** भ्रमणका लागि भारत आएका उपप्रधान तथा परराष्ट्रमन्त्री केपी शर्मा ओलीले न 'केरलाको विकास' हेर्न पाए, न बंगाली मुख्यमन्त्री वसुदेव भट्टाचार्य र वरिष्ठ कम्युनिष्ट नेता ज्योति वसुसँग भेटै गर्न पाए । भारतीय राजधानी नयाँ दिल्लीको चारदिने भ्रमण सकेर केरला र पश्चिम बंगाल हिँड्न ओली पोकापन्त्यौरा के बाँध्दै थिए, नेपालबाट उनलाई बोलाहट आयो, 'तुरुन्त फर्किनू ।'


'यो विदेश घुमेर हिँड्ने बेला होइन, मुलुकमै निर्णायक मोड आएका बेला', अघिल्लो दिनसम्म केरला घुमेर त्यहाँको विकास हेर्ने योजना बनाइरहेका ओलीले कात्तिक २१ गते भने । राजधानी काठमाडौंमा माओवादी अध्यक्ष प्रचण्ड र प्रधानमन्त्री गिरिजाप्रसाद कोइरालाबीचको वार्ताले निर्णायक मोड लिएको खबरले देशविदेश तातेका बेला सायद मुलुकमा वाक्पटु र तीक्ष्ण एमाले नेता ओलीको खाँचो परेको थियो । त्यसैले त सात दल र एमाले दुवैले ओलीलाई तुरुन्त फर्कन आग्रह गरेका थिए ।

तर, भारत भ्रमणको चार दिनमै ओलीले यहाँका वरिष्ठ राजनीतिक हस्तीहरूसँग लामै गफगाफ र छोटामोटा निर्णय पनि गर्न भ्याए । भारत भ्रमण उनकै शब्दमा, 'उपलब्धिमूलक' रह्यो । यथेष्ट एजेन्डाविना नै भारत भ्रमणमा आएका उनले चार दिनको राम्रैसँग सदुपयोग गरे, मुलुकको हितमा । भारतीय प्रधानमन्त्री मनमोहन सिंहसँग सोमवार बिहान भएको भेटघाटमा ओलीले माओवादी र सात दलबीचका पछिल्ला निर्णयहरू सुनाए र नेपालमा अहिले चलिरहेको वार्ता प्रक्रिया र हतियार व्यवस्थापनमा सात दलको निर्णयलाई समर्थन गर्ने आश्वासन पाए । सिंहले प्रधानमन्त्री कोइरालालाई आफ्नो शुभकामनामात्र पठाएनन्, नेपालमा चाँडै शान्ति, स्थायित्व र आर्थिक सुदृढीकरण हेर्न चाहेको बताए ।

ओलीले भरखरै रक्षाबाट परराष्ट्र मन्त्रालयको जिम्मेवारी पाएका भारतीयमन्त्री प्रणव मुखर्जीसँगको भेटघाटमा थुप्रै नीतिगत विषयमा छलफल भएको र केही निर्णयसमेत भएको जानकारी त दिए, तर यसबारे पत्रकारहरूलाई विस्तारमा बताएनन् । परराष्ट्र मामिलामा नेपाल-भारतको आठौं महत्त्वपूर्ण चासो भएको रिपोर्ट सार्वजनिक भएको झन्डै एक महिनापछि ओलीसँग भेटेका भारतीय परराष्ट्रमन्त्री मुखर्जीले भने, 'नेपाल-भारत सम्बन्धलाई भारतले एकदमै महत्त्व दिएको छ ।' शान्ति, विकास र समुन्नतिका लागि भारतले नेपालसँग मिलेर काम गरिरहेको उनको भनाइ थियो । परराष्ट्रमन्त्रीद्वयले प्रधानमन्त्री गिरिजाप्रसाद कोइरालाको भारत भ्रमणका बेला सहमति भएको ७ अर्ब ५० लाख रुपैयाँको आर्थिक प्याकेज लागू गर्नेबारे समेत छलफल गरेका थिए । भेटका क्रममा परराष्ट्रमन्त्रीद्वयले नेपाल र भारतबीचका आर्थिक र वाणिज्य क्षेत्रका थुप्रै सन्धिहरूका विषयमा समेत छलफल गरे । आउँदो मार्चमा म्याद सकिन लागेको नेपाल-भारत वाणिज्य सन्धिलाई नवीकरण गर्नेबारेसमेत मुखर्जीसँग छलफल भएको ओलीले जानकारी दिए । उपप्रधानमन्त्री ओलीले भारतीय प्रधानमन्त्री र परराष्ट्रमन्त्रीलाई नेपाल भ्रमणको निम्तोसमेत दिएका छन् ।

ओलीकै भ्रमणका क्रममा बहुचर्चित पञ्चेश्वर परियोजनाको प्राविधिक समितिको बैठक चाँडै बस्नसमेत नेपाल र भारत सहमत भएका छन् । नेपालको अनुरोधमा प्राविधिक समितिको बैठक चाँडै बोलाउन सहमति भएको भारतीय परराष्ट्र मन्त्रालयका अधिकारीले बताए । नौ वर्षअघि प्रभावमा आएको यो परियोजनालाई जलविद्युत् र सिँचाइका क्षेत्रमा दुवै मुलुकको हितका लागि प्रयोग गर्ने सहमति भएको थियो । नेपालतर्फ ९३ हजार र भारततर्फ १० लाख हेक्टर भूमिमा सिँचाइ पुग्ने र पाँच हजार मेगावाटभन्दा बढी बिजुली निकाल्न सकिने यो परियोजनाको म्याद ७५ वर्ष छ ।

यसबाहेक ओलीले भारतीय वाणिज्य क्षेत्रका हस्तीहरूसँग पनि भेटघाट गरे । भारतीय उद्योगपतिहरूसँगको भेटघाटमा ओलीले नेपालका जलस्रोत, उद्योग र पर्यटन क्षेत्रमा लगानी गर्न उनीहरूलाई आग्रह गरे । भारतीय उद्योगपतिहरूका लागि नेपालमा लगानीको वातावरण बनाउन सरकारले चाँडै नीति बनाउने उनले सुनाए । दक्षिण एसियाली सहयोगका लागि भारतीय परिषद् र विश्वमामिलासम्बन्धी भारतीय परिषद्को आयोजनामा कात्तिक २१ गते साँझ भएको कार्यक्रममा नेपालको पछिल्लो विकासक्रम र विदेश नीतिमा यसले पारेको प्रभावबारे ओलीले जानकारी गराए । भ्रमणका क्रममा ओलीले भाजपा नेता लालकृष्ण आडवाणी र कम्युनिष्ट नेताहरू प्रकाश कारत र आनन्द वर्धनसँग समेत भेटघाट गरेका थिए । ■



# सुध्रिएन कूटनीति

■ किरण भण्डारी/काठमाडौं

**राष्ट्रिय मानवअधिकार आयोग,** संवैधानिक निकाय, राजदूत, मन्त्रालयका सचिव लगायत विभिन्न महत्त्वपूर्ण पद माओवादी सरकारमा सामेल भएपछि मात्र पूर्ति हुने भएका छन्।

सात दल र माओवादीबीच भएको पन्ध्रबुँदे सहमतिपछि विकसित राजनीतिक घटनाक्रमले माओवादीको सत्ता साझेदारी निश्चित गरेपछि नियुक्ति र फेरबदल केही साताका लागि पर सरेका हुन्। कात्तिक २१ गते भएको सहमतिअनुसार माओवादी मंसिर १५ भित्र सरकारमा सामेल हुनेछ।

माओवादी नेतृत्वले प्रधानमन्त्री गिरिजाप्रसाद कोइरालासमक्ष विभिन्न नियुक्ति र फेरबदलका लागि केही साता धैर्य लिन अनुरोध गरेको जानकारी बालुवाटार स्रोतले दिएको छ। ठूला नियुक्ति र फेरबदल मात्र हैन, विभिन्न मन्त्रालय तथा सार्वजनिक संस्थानका अधिकृत र सहायक कर्मचारीको सरुवा समेत आफ्नो सत्ता साझेदारीपछि मात्र हुनुपर्छ भन्ने धारणा माओवादीले सरकारसमक्ष राखिसकेको स्रोतहरूको दाबी छ।

प्रधानमन्त्री कोइरालाले मानवअधिकार आयोग, अख्तियारको प्रमुख आयुक्त र सदस्यको नियुक्तिमा लामो प्रतीक्षा गर्न नसकिने धारणा निकटस्थहरूसँग राख्ने गरेका छन्।

मानवअधिकार आयोगको अध्यक्ष र सदस्यहरू, दर्जनभन्दा बढी सचिव र १५ मुलुकको राजदूत पद महिनौंदेखि रिक्त छ। मन्त्री, सचिव, वन र वन्यजन्तु तथा राष्ट्रिय निकुञ्ज विभागका महानिर्देशकद्वयको घुन्सा हेलिकोप्टर दुर्घटनामा परी मृत्यु भएपछि टुहुरो बनेको वन मन्त्रालय र अन्तर्गतका २ विभाग अझै प्रशासनिक नेतृत्वविहीन छ।

मुलुकले ऐतिहासिक राजनीतिक फड्को मारेको वर्तमान अवस्थामा मित्र राष्ट्रहरूमा रहेका दुई तिहाइभन्दा बढी राजदूतावासहरू ६ महिनादेखि नेतृत्वविहीन छन्। लोकतन्त्र स्थापनापश्चात् शाही सरकारले नियुक्त गरेका राजदूतहरूलाई तत्काल फिर्ता बोलाइए पनि हालसम्म पूर्ति हुन सकेको छैन।

उपप्रधान तथा परराष्ट्रमन्त्री केपी शर्मा ओलीले महिनैपिच्छे राजदूत नियुक्तिको तिथि तोके पनि कार्यान्वयन हुन सकेको छैन। राजदूत नियुक्तिमा उनको प्रतिबद्धता खराब जुणीको 'फागु पूर्णिमा'को भाका जस्तो भएको छ।

नियुक्ति मात्र हैन, परराष्ट्र प्रशासन र नीतिलाई समयानुकूल सुधारका नाममा निक्कै हल्लीखल्ली गरिए पनि उपलब्धिपूर्ण रहेको छैन। भारतमा सुब्बास्तरको कर्मचारीले पटक पटक राजदूतको कार्यभार सम्हाल्नुपर्ने अवस्था यसबीचमा गुज्रिरहेको छ। कात्तिक महिनामै पनि नायब सुब्बा दिल्ली दूतावासको कार्यवाहक राजदूत बनेका थिए।

प्रशासनिक बेथिति मात्र हैन, राजदूतावासहरूको कार्यशैलीमा कुनै नवीनता आएको देखिँदैन। गतिशील र नवीन संसारको संसर्गमा रहेका दूतावासहरूको सोच र शैली स्वदेशका अदालत र मालपोत कार्यालयको जस्तै जडतावादी छ।

परराष्ट्रका अधिकारीहरू दरवारको विस्तारको रूपमा गठन भएका राजदूतावासहरू अहिले पनि आफ्नो कर्मकाण्डी भूमिकामा नै सबैभन्दा अभ्यस्त छन्। २०४६ वा २०६३ को ऐतिहासिक परिवर्तनको छनक दूतावासहरू र परराष्ट्रमा पाउन सकिएको छैन। चाकरी, चाप्लुसी र कोसेली संस्कारबाट परराष्ट्र प्रशासन अहिले पनि गाँजिएको भुक्तभोगीहरू बताउँछन्।

जनताले शक्तिहीन तुल्याइदिएको दरवारको खुसामदमा दूतावासहरूले अहिलेसम्म आँच आउन दिएका छैनन्। पार्टीका नेताहरूले नै विदेश भ्रमण गएका बेला छोटे राजाको व्यवहार खोज्ने हुँदा पनि कूटनीतिक प्रशासन लोकतान्त्रीकरण हुन उत्प्रेरित हुनुको साटो पश्चगामी नै भइरहेको छ।

जर्मनी दूतावासबाट दरवारका कुकुरलाई फ्लोरिक दाना, दिल्लीबाट फलफूल तथा सारी-पेटिकोट, बंगलादेशबाट दही, कलकत्ताबाट मिठाई ओसार्ने क्रमलाई राजनीतिक परिवर्तनले प्रभावित गर्न सकेको छैन।

'दरवारले पठाएको सारीसँग म्याच गर्ने पेटिकोट र ब्लाउज रोज्ने काम मैले हालै पनि गरेको छु', दिल्ली दूतावासमा कार्यरत एक अधिकृतले काठमाडौं आएका बेला *समय*सित भने, 'करोलबागको 'रुप सारिज'सँग विवरण माग्यो भने को को राजदूत नै पेटिकोट किन्न आए भन्ने विवरण नै पाइन्छ।'

बंगलादेशका राजदूतावासको अधिकांश समय दरवारिया, नेता तथा उच्चपदस्थका छोराछोरीहरूका लागि कलेज खोज्नेदेखि भर्ना गराउनमै बित्छ। बैंकक दूतावासले पनि कपडा र मौसमअनुसारको फलफूलको कार्गो साप्ताहिक रुपमा अझै दरवार पठाइरहेकै छ।

ओली जस्ता चतुर र 'सर्वहारावादी' व्यक्तिको नेतृत्व परराष्ट्रका यस्ता विकृति अन्त्य गर्न कुनै भूमिका निर्वाह गर्न अग्रसर भएको छैन। बरु यसै अवधिमा संयुक्त राष्ट्रसंघ सुरक्षापरिषद्को अस्थायी सदस्यको चुनावमा नेपालले शर्मनाक हार व्यहोर्नुपर्‍यो।


त्यतिमात्र हैन, महत्त्वाकांक्षाका साथ गठन भएको उच्चस्तरीय परराष्ट्र नीति कार्यदलको प्रतिवेदन तीन महिनादेखि थन्किएर बसेको छ। यसमाथि गहन विचार विमर्श र उपयुक्त देखिएका सुझाव कार्यान्वयनमा ओलीको विदेश भ्रमणको व्यस्त तालिकाले गर्दा प्रवेशसमेत हुन सकेको छैन। आफैंले गठन गरेको आयोगका प्रतिवेदन कार्यान्वयनप्रति ओली तत्पर देखिएका छैनन्।

पूर्व परराष्ट्र सचिव तथा संयुक्त राष्ट्रसंघका लागि पूर्व स्थायी प्रतिनिधि मुरारिराज शर्माको संयोजकत्वमा गठित कार्यदलले परराष्ट्र नीतिमा राष्ट्रिय सहमति, कूटनीतिक आचारसंहिता, सन् २०१० सम्म मेसिनद्वारा पढ्न सकिने राहदानी वितरण लगायतका सुझाव दिएका छन्। डेनमार्क, दक्षिण कोरिया, ब्राजिल, दक्षिण अफ्रिका र अस्ट्रेलियामा नयाँ नियोग खडा गर्न, परराष्ट्र सेवा गठन, आधा नियोगमा परराष्ट्र अधिकारीहरूबाट नियुक्ति जस्ता कार्यदलका सुझाव पनि अहिलेसम्म प्रतिवेदनका पानाहरूमै सीमित छन्।

राजदूत भइसकेका र अन्य वरिष्ठ व्यक्तिहरू सम्मिलित कार्यदलले अध्ययन र सुझाव दिने काममा खेलाची गरेको प्रस्ट हुन्छ। नेपाल-भारतबीचको १९५० को सन्धि पुनरावलोकन गर्न नेपालको प्रयत्न केन्द्रित हुनुपर्ने सुझाव दिएर कार्यदलले आम समुदायको आँखामा धुलो हाल्ने काम गरेको आरोप लागेको छ।

१९५० को विवादास्पद सन्धिमा पुनरावलोकनको गुन्जायस नभएको यथार्थलाई कार्यदलले जानाजान लुकाएर सतही सुझाव दिएको छ। उक्त सन्धिका प्रावधान चित्त नबुझ्ने पक्षले एक वर्षको सूचना दिएर खारेज गर्न सक्ने हुँदाहुँदै त्यसो नगरी पुनरावेदनको रट लगाएर सरकार र दलहरू 'राष्ट्रवादी' देखिन दाउमा मात्र छन्। ■





प्रचण्ड



गिरिजाप्रसाद कोइराला

तस्बिरहरू : भास्वर ओझा

# ऐतिहासिक फड्को

**सात दल र माओवादीबीच सम्पन्न ऐतिहासिक सम्झौताले शान्ति स्थापनाको प्रक्रिया सुरु भएको छ र माओवादी अन्तरिम संसद् तथा सरकारमा सहभागी हुने निश्चित भएको छ। तर, शान्ति प्रक्रिया पहिलो खुट्किलोमै रहेको र आगामी बाटो चुनौतीपूर्ण भएको सात दल र माओवादीका नेताहरू नै स्विकार्छन्।**

■ सुवास देवकोटा/काठमाडौं

**सत्तारुढ सात दल** र विद्रोही नेपाल कम्युनिष्ट पार्टी (माओवादी)बीच कात्तिक २१ गते राति साढे १२ बजे ऐतिहासिक सम्झौता भएको छ। सात दल र माओवादीबीच लामो कसरतपछि भएको यो सम्झौताले ११ वर्ष लामो हिंसात्मक जनयुद्ध अन्त्य हुनुसँगै शान्तिको बाटोमा मुलुक अघि बढ्ने सम्भावना प्रशस्त भएको छ। सम्झौताले राजतन्त्रलाई पहिलो पटक अधिकारविहीन र निलम्बनको स्थितिमा पुऱ्याएको छ भने विद्रोही माओवादीलाई अन्तरिम संसद् र सरकारमा पुऱ्याउने सुनिश्चित गरेको छ। सम्झौताका दुवै पक्ष सात दल र माओवादीले विश्वका अन्य सशस्त्र द्वन्द्व समाधानका निम्ति समेत यो सम्झौता उदाहरणयोग्य रहेको दाबी गरेका छन्।

हतियार व्यवस्थापन, अन्तरिम संविधान, अन्तरिम व्यवस्थापिका, राजतन्त्रको स्थान र संविधानसभा निर्वाचनको विधिबारे सम्झौताले टुंगो लगाए पनि शान्ति प्रक्रियाको आगामी बाटो सजिलो नभएको सरकार र माओवादीले पनि स्वीकार गरेका छन्। उनीहरूले ऐतिहासिक सम्झौता कार्यान्वयन हुन नदिन प्रतिगामी र पुनरुत्थानवादीहरूबाट षड्यन्त्र हुनसक्ने उल्लेख गर्दै त्यस्तो षड्यन्त्रविरुद्ध तयार रहन जनतालाई आह्वान गरेका छन्। सम्झौताको भोलिपल्ट कात्तिक २२ गते प्रधानमन्त्री गिरिजाप्रसाद कोइरालाले 'प्रतिक्रान्तिकारीले सम्झौता सफल नहोस् भनेर प्रयास गर्ने' बताए। प्रधानमन्त्री निवास बालुवाटारमा पार्टीका कार्यकर्ताहरूलाई सम्बोधन गर्दै उनले संक्रमणकालमा गम्भीर र जिम्मेवार भएर अघि बढ्न पनि सबैलाई आह्वान गरेका थिए।

माओवादी अध्यक्ष प्रचण्डको भनाइ पनि प्रधानमन्त्री कोइरालाको भन्दा भिन्न छैन। कात्तिक २२ गते राजधानीको 'याक एन्ड यती' होटलमा पत्रकारहरूलाई सम्बोधन गर्दै प्रचण्डले सम्झौता कार्यान्वयन हुन नदिन प्रतिक्रियावादीहरूले षड्यन्त्र गर्ने तथा सम्झौता गर्नुभन्दा सम्झौता कार्यान्वयन गर्न र संविधानसभाको निर्वाचन गर्न चुनौतीपूर्ण हुने बताए। प्रचण्डले प्रतिक्रियावादीका सम्भावित षड्यन्त्र परास्त गर्न मुलुक एक हुनुपर्ने पनि उल्लेख गरे।


कांग्रेस कार्यकर्ताहरूलाई माओवादीसँगको समझदारीबारे जानकारी दिँदै प्रधानमन्त्री कोइराला



## प्रचण्ड सांसद नबन्ने

मंसिर १० गतेभित्र बनिसक्ने अन्तरिम संसद्मा माओवादी अध्यक्ष प्रचण्ड सदस्य नबन्ने भएका छन् । यसैगरी माओवादीका अन्य वरिष्ठ नेताहरू डा. बाबुराम भट्टराई, रामबहादुर थापा 'बादल', र पोष्टबहादुर बोगटी 'दिवाकर'लाई पनि अन्तरिम संसद्मा देख्न पाइनेछैन । 'मुख्य नेतृत्व संसद् र सरकारमा नगएर पार्टी हाँक्ने नीतिअन्तर्गत उहाँहरू नजाने निश्चय भएको हो', माओवादीका एक केन्द्रीय नेताले नाम उल्लेख नगर्ने सर्तमा बताए । वरिष्ठ नेताहरू संसद् र सरकारमा नजाने निश्चित भए पनि त्यसबारे कुनै निर्णय भइनसकेको पनि उनले स्पष्ट पारे ।

तर, माओवादीबाट संसद् र सरकारको नेतृत्व पार्टी प्रवक्ता कृष्णबहादुर महराले गर्ने भने निश्चित भइसकेको छ । एक माओवादी नेताका अनुसार प्रवक्ता महरासँगै वार्ता समितिका अन्य सदस्यहरू देव गुरुङ र दीनानाथ शर्मा संसद् र सरकारमा जाने सम्भावना छ । 'अन्तरिम संसद्मा आफ्नो पार्टीले सभामुख पाए महराबाहेक कुनै वरिष्ठ नेतालाई बनाइनेछ', उनले जानकारी दिए । स्रोतहरू, माओवादीले सभामुख पाए देव गुरुङको त्यस्तो सम्भावना रहने बताउँछन् । गुरुङ माओवादीमा पुराना नेता मानिन्छन् ।

अन्तरिम संसद्मा आफूले पाउने ७३ सदस्यमा क्षेत्र, लिंग, जाति र भाषाको उचित प्रतिनिधित्व गराउने माओवादीको योजना छ । यसैगरी विगत जनयुद्धमा प्रत्यक्ष युद्ध लडेकाहरूलाई सांसद बनाउन प्राथमिकता दिइने पनि माओवादी नेतृत्वले निश्चय गरेको छ । 'माओवादीले तल्लो वर्ग र पिछडिएको समुदायलाई जिम्मेवारी दिन्छ भन्ने हाम्रो निर्णयले थप स्पष्ट गर्नेछ', उनको दाबी छ ।

तर, सम्झौता कार्यान्वयनका आगामी चुनौती प्रतिगामी र प्रतिक्रियावादीबाट मात्र आउनेमा कोही विश्वस्त छैनन् । गत वैशाखमा लोकतन्त्र स्थापनासँगै सुरु भएको सरकार, सात दल र माओवादीबीचको वार्तामा विवादको विषय बनेको हतियार व्यवस्थापन आगामी दिनका लागि पनि चुनौतीपूर्ण नै हुने बताउँछन्, विज्ञहरू । उनीहरूका अनुसार माओवादी सेना र हतियारको गणना, उनीहरू बस्ने अस्थायी शिविरको सुरक्षाका निम्ति कति हतियार छाड्ने, माओवादीसँग रहेका साना र घरेलु हतियारको व्यवस्थापन कसरी गर्ने र शिविरबाहिर हतियार भेटिए वा राजनीतिक प्रतिद्वन्दीमाथि प्रयोग भए के गर्ने भन्ने विवाद समाधान गर्नु आगामी दिनका चुनौती हुन सक्नेछन् । सम्झौताको तयारीका लागि भएका पछिल्ला वार्तामा प्रधानमन्त्री कोइरालाबाट सम्झौता सम्पन्न भएपछि माओवादीबाट बल प्रयोगका घटना भए संलग्नहरूलाई कानुनअनुसार दण्ड गरिने प्रचण्डलाई बताइए पनि त्यसलाई व्यवहारमा लागू गर्न कठिन हुने सात दल सम्बद्ध नेताहरू नै स्विकार्छन् ।

सम्झौतामा माओवादी सेना कैलाली, सुर्खेत, रोल्पा, पाल्पा, काभ्रे, सिन्धुली र इलाममा स्थापना गरिने मुख्य शिविरहरू र प्रत्येक मुख्य शिविर वरपर राखिने तीन साना शिविरमा रहने व्यवस्था



पत्रकार भेटघाटमा प्रचण्डलगायत माओवादी नेताहरू

गरिएको छ। माओवादी सेना शिविरमा रहेपछि शिविरको सुरक्षार्थ चाहिने हतियार र गोली गट्ठाबाहेक अन्य सबै हतियार शिविरभित्र सुरक्षित भण्डारण गरी ताल्चा लगाउने र साँचो माओवादीले नै राख्ने पनि सम्झौतामा उल्लेख छ। हतियारमा ताल्चा लगाउने प्रक्रियामा राष्ट्रसंघको निगरानीका लागि उसको रेकर्ड र साइरनसहितको संयन्त्र सम्मिलित गर्ने पनि सम्झौतामा उल्लेख छ। शिविरमा रहेका माओवादी सेनालाई रसद पानी सरकारले व्यवस्था गर्ने र उसको रेखदेख, समायोजन र पुनःस्थापनाका निम्ति अन्तरिम मन्त्रिपरिषद्ले विशेष समिति बनाएर व्यवस्था गर्ने सम्झौतामा टुंगो लगाइएको छ। यसैगरी नेपाली सेनाका हतियार कोही विरुद्ध प्रयोग नगर्ने ग्यारेन्टी गर्दै माओवादी सेनाको हतियार बराबर संख्यामा माओवादी सेनाको हतियार व्यवस्थापन गरे जसरी नै संयुक्त राष्ट्रसंघको निगरानीमा ब्यारेकमा राख्ने सम्झौतामा उल्लेख छ। स्रोतका अनुसार हतियार अनुगमनका निम्ति राष्ट्रसंघका दुई सय अनुगमनकर्ता छिटै नेपाल आइपुग्नेछन् तथा माओवादी शिविर र नेपाली सेनाका तोकिएका ब्यारेकमा अनुगमन प्रक्रिया थाल्नेछन्।

### माओवादी अवतरण

समाजवाद र साम्यवाद स्थापनाका लागि २०५२

## समय तालिका

१. नेपाल सरकार र नेकपा (माओवादी)बीच विस्तृत शान्ति सम्झौता २०६३ कात्तिक ३० गतेसम्म गर्ने।

२. २०६३ मंसिर ५ गतेभित्र माओवादी सेनाका लडाकुहरू हातहतियारसहित निर्धारित शिविरमा जम्मा भइसक्ने र हतियार भण्डारण गर्ने। संयुक्त राष्ट्रसंघद्वारा उनीहरूको प्रमाणीकरण र अनुगमन गर्ने।

३. २०६३ मंसिर ५ गतेभित्र नेपाली सेना ब्यारेकभित्र सीमित रहने, निर्धारित हातहतियार भण्डारण गर्ने र त्यसको अनुगमन संयुक्त राष्ट्रसंघले गर्ने।

४. २०६३ मंसिर ५ गतेभित्र अन्तरिम संविधानलाई पूर्णता दिने।

५. २०६३ मंसिर १० गतेभित्र अन्तरिम संविधान जारी गर्ने, अन्तरिम व्यवस्थापिकाको गठन गर्ने र प्रतिनिधिसभा र राष्ट्रियसभाको विघटन गर्ने।

६. २०६३ मंसिर १५ सम्म अन्तरिम मन्त्रिपरिषद्को गठन गर्ने।

## सात दल–माओवादी वार्ता र समझदारीको घटनाक्रम

- २०६२ मंसिर २ गते भारतको दिल्लीमा बाह्रबुँदे समझदारी निर्माण ।
- मंसिर ७ गते सात दलले काठमाडौं र माओवादीले नयाँदिल्लीबाटै उक्त समझदारीको घोषणा ।
- चैत २ गते सात दल र माओवादीबीच दिल्लीमा बाह्रबुँदे समझदारीलाई निरन्तरता दिने दोस्रो समझदारी ।
- चैत ६ गते सात दलले काठमाडौंबाट र माओवादीले दिल्लीबाट त्यसको घोषणा । १९ दिने आन्दोलनका कार्यक्रमहरू त्यही समझदारी र त्यसपछिका वार्ताबाट निर्धारण ।
- २०६३ असार २ गते सात दल र माओवादीबीच प्रधानमन्त्री निवास बालुवाटारमा आठबुँदे सहमति । तर, सहमति भए लगत्तै विवाद ।
- असोज २२ गतेदेखि २९ गतेसम्म सात दल र माओवादीबीच शीर्षस्थ नेताहरूबीच निरन्तर वार्ता । तर, असफल ।
- कात्तिक १९ गते प्रधानमन्त्री गिरिजाप्रसाद कोइराला र माओवादी अध्यक्ष प्रचण्डबीच वार्ता, सोही दिन प्रधानमन्त्री र राष्ट्रसंघीय विशेष दूत इयान मार्टिन तथा प्रचण्ड र मार्टिन र कोइराला, प्रचण्ड र मार्टिनबीच वार्ता । हतियार व्यवस्थापनबारे सहमति ।
- कात्तिक २१ गते १२:३० मा सात दल र माओवादीबीच सम्झौता सम्पन्न ।



देखि हिंसात्मक जनयुद्ध थालेको माओवादी सत्तारुढ सात दलसँगको यो सम्झौतापछि औपचारिकरुपले शान्तिपूर्ण राजनीतिको मूलधारमा प्रवेश गरेको छ । हुनत माओवादीले शान्तिपूर्ण राजनीतिमा आफ्नो प्रवेशलाई अन्य राजनीतिक दलहरूसँग तुलना गर्न नमिल्ने दाबी गरेको छ र आफ्नो भावी राजनीति पनि आफूले भन्दैआएको मार्क्सवाद, लेनिनवाद, माओवाद र प्रचण्डपथ अनुसार नै हुने बताएको छ । तर, सम्झौतापछि प्रचण्डले 'हामीले सशस्त्र संघर्षबाट केन्द्रीय सत्ता कब्जा गर्न नसक्ने महसुस गरेकाले' उल्लेख गरेर हतियारको राजनीति सफल हुननसक्ने निष्कर्ष निकालेको बताउनुले माओवादी शान्तिपूर्ण राजनीतिमा प्रवेश गरेको नै स्पष्ट हुन्छ । यद्यपि, माओवादीले अझै आफ्नो ११ वर्ष लामो जनयुद्ध अन्त्य भएको र फेरि हतियार नउठाउने घोषणा गरेको छैन ।

माओवादी कार्यकर्ताका अराजनीतिक र पेलाहा व्यवहारका कारण उसलाई शान्तिपूर्ण राजनीतिमा समस्या पर्ने स्पष्ट भए पनि उसैका कारण समाज क्रान्तिकारी परिवर्तनको संघारमा पुगेको स्विकार्नेहरू धेरै छन् । विगत जनआन्दोलनलाई माओवादी शक्तिबाट प्राप्त भएको प्रेरणा, सामाजिक र आर्थिक असमानता समाप्त पार्न माओवादीले मुलुकलाई दिएका एजेन्डाहरू र राजनीतिक, आर्थिक तथा सामाजिक समस्या समाधानका निम्ति अघि सारेको संविधानसभा निर्वाचनको विकल्पलाई माओवादीको योगदान मानिएको छ । यसैगरी मुलुकमा राजाको तानाशाही स्थापना गर्न र तीव्र सैन्यकरणको सुरुवातमा माओवादीको नकारात्मक उत्प्रेरकको भूमिका रहेकोमा पनि विवाद गर्नेहरू थोरै छन् ।

राजाको प्रत्यक्ष शासनको सुरुवातपछि गत वर्ष सात राजनीतिक दलसँग बाह्रबुँदे समझदारी गरेर माओवादीले आफूलाई शान्तिपूर्ण राजनीति र प्रजातान्त्रिक मूलधारमा आउने स्पष्ट संकेत दिइसकेको थियो । त्यसपछि माओवादी राजाविरोधी संघर्षमा सधैं राजनीतिक दलहरूसँगै रह्यो र राजाको शासन समाप्त भइसकेपछि शान्तिपूर्ण राजनीतिमा उत्रने निष्कर्षसहित सात दल र सरकारसँग निरन्तर र धैर्यपूर्वक वार्ता गर्‍यो । माओवादी सशस्त्र विद्रोह समाधानउन्मुख हुनुमा सात राजनीतिक दलको नेतृत्व तथा प्रधानमन्त्री गिरिजाप्रसाद कोइरालाको जत्तिकै माओवादी अध्यक्ष प्रचण्डसहित त्यसको नेतृत्वको भूमिका रहेको सबै स्विकार्छन् ।

माओवादीले यो समझदारीबाट संविधानसभा निर्वाचनसम्म आफ्नो सैन्यको अस्तित्व बचाउने सफलता पाएको छ भने एकात्मक ढाँचाको वर्तमान राज्य संरचनाको साटो संघीय राज्य बनाउने आफ्नो माग संविधानसभाको निर्वाचनले टुंगो लगाउने सहमति गर्न तयार भएको छ । यो सहमतिअनुसार अहिले मुलुक एकात्मक राज्य नै रहनेछ । यद्यपि, राज्य पुनर्संरचनाबारे आयोग गठन गर्ने निर्णय समझदारीले गरेको छ । क्रान्तिकारी भूमिसुधार लगायत उसले उठाएका मुद्दाहरू पनि संविधानसभाको निर्वाचनअघि क्रियान्वयन नगर्ने सहमतिमा माओवादी पुगेको छ । आफ्ना मुद्दाहरू त्याग्नुपरेको कारण उल्लेख गर्दै प्रचण्डले भने पनि, 'यो लेनदेनको दस्तावेज भएकाले यसमा हाम्रा सबै कुरा नपर्ने निश्चित छ, हामी हाम्रा मुद्दा लिएर निर्वाचनमा जानेछौं ।'

हतियारसहितको माओवादीलाई सरकारमा लान नहुने अडान राखेको अन्तर्राष्ट्रिय समुदायले यो समझदारीको स्वागत गरेको छ र माओवादीको निकट सत्तारोहणलाई स्विकारेको छ । तर, विश्व महाशक्ति अमेरिका माओवादीप्रति अरू केही समय पूर्ण सकारात्मक नहुने पनि स्पष्ट छ । अमेरिकाले माओवादीका चन्दा र जबरजस्ती अभियानप्रति सार्वजनिकरुपमै आपत्ति प्रकट गरिरहेको छ । माओवादीको आक्रोश पनि अमेरिकाप्रति उस्तै छ । सम्झौतापछि भएको पत्रकार भेटमा पनि प्रचण्डले अमेरिकाको अन्तर्राष्ट्रिय नीतिप्रति स्पष्ट शब्दमा आक्रोश व्यक्त गरेका थिए । तर, प्रचण्ड भारतप्रति अनुमान गरिए जस्तै सकारात्मक देखिए । विगतमा सात दलसँगको १२ बुँदे समझदारी गर्न दिल्लीमा अनुकूल वातावरण बनाइदिएकोमा उनले भारतको खुलेरै प्रशंसा गरे । माओवादीप्रति भारतले अमेरिकाभन्दा अन्य समयमा पनि नरम व्यवहार देखाउँदै आएको छ । आगामी साता भारतको दैनिक पत्रिका हिन्दुस्तान टाइम्सले आयोजना गर्न लागेको 'लिडरसिप समिट'लाई सम्बोधन गर्न प्रचण्ड नयाँदिल्ली जाने कार्यक्रम रहेको छ ।

### भावी राजनीति

अन्तरिम संसद् र सरकार निर्माण गर्न, हतियार व्यवस्थापन, संविधानसभाको निर्वाचन र ११ वर्ष लामो सशस्त्र द्वन्द्वले सिर्जना गरेका भौतिक र मानवीय क्षतिको लेखाजोखा गर्न तथा पीडितलाई न्याय दिलाउन सात राजनीतिक दल र माओवादीबीच लामो सहकार्य आवश्यक मानिए पनि समझदारी निर्माण भएकै दिन उनीहरूबीच द्वन्द्वको बिउ रोपिएको छ ।


वार्ताको परिणामको प्रतीक्षा गर्दै सञ्चारकर्मी र सर्वसाधारण

महिनौंको गृहकार्य र छलफलपछि निर्माण भएको समझदारीमा सत्तारुढ दोस्रो ठूलो दल एमालेले राजतन्त्र राख्ने वा नराख्नेबारे जनमतसंग्रहबाट टुंगो लगाउनुपर्ने र संविधानसभाको निर्वाचन समानुपातिक प्रणालीका आधारमा हुनुपर्ने फरकमत समझदारीपत्रमै उल्लेख गरेको छ। यद्यपि, एमालेले समझदारीका अन्य सबै बुँदामा सहमति रहेको उल्लेख गर्दै त्यसका महासचिव माधवकुमार नेपालले समझदारीपत्रमा हस्ताक्षर गरेका छन्।

एमालेको फरक मत सार्वजनिक हुनुले समझदारी निर्माणका बेलाका भएका विवाद र घात-प्रतिघात स्पष्ट पारेको त छ नै, आगामी दिनमा माओवादीसहित आठ दलको सम्बन्ध आममानिसले चाहे जस्तो सुमधुर नहुने पनि संकेत गरेको छ। एमालेले 'राजतन्त्रको उन्मूलन सुनिश्चित गर्न र संविधानसभामा सबै जाति र क्षेत्रको प्रतिनिधित्व सुनिश्चित गर्न उपर्युक्त विकल्पहरू पछि पनि प्रयोगमा ल्याउन सकियोस् भनेर' फरक मत उल्लेख गरेको बताएको छ। जनमत संग्रह र समानुपातिक निर्वाचन प्रणालीको पक्षमै रहेका सान वाम दलहरू भने एमालेले फरक मत उल्लेख गर्नु वार्ताका बेला नेपाली कांग्रेस र ऊबीचको तिक्तताको परिणाम मान्छन्। एमालेका झलनाथ खनाल फरक मत उल्लेख गर्नुको औचित्य पुष्टि गर्दै भन्छन्, 'नेपाली जनताले सडकमा उठाएको आवाज जीवन्त राख्न भिन्न मत राख्ने निर्णय गरेका हौं।' नेपाली कांग्रेस लगायत अन्य दलहरू भने एमालेको उक्त निर्णयलाई राजनीतिक दाउपेच मान्छन्। एमालेले जनमत संग्रह र समानुपातिक निर्वाचन पद्धतिको फरक मत राखेर गणतन्त्र र समावेशी पक्षधरहरूको मत आफ्नो पक्षमा तान्न यस्तो रणनीति बनाएको विपक्षीहरू बताउँछन्।

तर, अन्तिम दिनको वार्तामा नेपाली कांग्रेस र एमालेबीच उत्पन्न तनावलाई केलाउने हो भने एमालेले बनाएको यो रणनीति नेपाली कांग्रेससँगको कटुताकै कारण हो भन्ने स्पष्ट हुन्छ। पहिले माओवादीलाई तेस्रो शक्ति मात्र बनाउने बताउँदै आएका प्रधानमन्त्री कोइरालाले कात्तिक २१ गते एमाले बराबरको शक्ति बनाउने बताएर एमालेलाई आक्रोशित बनाएका थिए। समझदारीले माओवादीलाई तीन सय ३० संख्याको अन्तरिम संसदमा एमाले बराबर ७३ सदस्य दिने निर्णय गरेको छ। नेपाली कांग्रेसले ७५, नेपाली कांग्रेस प्रजातान्त्रिकले ४२ तथा ४८ जना पेसा र व्यवसायगत क्षेत्रबाट आठै दलको सहमतिमा मनोनीत गर्ने समझदारीमा उल्लेख छ। प्रतिनिधिसभा सदस्यमध्ये प्रतिगमनको पक्षमा नलागेका र राष्ट्रियसभाका सबै १९ सदस्य गरी २०९ जना अन्तरिम सांसद बन्ने सहमति छ। सात दल र माओवादीले पेसा र व्यवसायगत क्षेत्रबाट ल्याइने सांसद पनि आठ दलले शक्ति र सहमतिका आधारमा भाग लगाउने सहमति गरिसकेका छन्।

यसैगरी कात्तिक २१ गते नै प्रधानमन्त्री कोइरालाले आठै दलका नेता उपस्थित बैठकमा आफूलाई 'विद्रोहीबाट सहयोग भएको तर, सहयात्री सात दलभित्रैबाट अप्ठ्यारो पारिएको' उल्लेख गर्दै एमालेका महासचिव माधवकुमार नेपालले केही दिनअघि 'कांग्रेसले राजतन्त्रसँग घाँटी जोडेको' बोलेको प्रसंग उठाएका थिए। त्यही प्रसंगमा कोइरालासँगको विवाद चर्को बनेपछि महासचिव नेपालले केही बेर बालुवाटार छाडेका थिए। यद्यपि, केही समयपछि नै उनी बैठकमा फर्किएका थिए। एमालेले जनमत संग्रह र समानुपातिक निर्वाचनको पक्षमा फरक मत राख्ने अडान राखेपछि पनि प्रधानमन्त्री कोइराला र एमाले महासचिव नेपालबीच विवाद चर्केको थियो। कोइरालाले विवादका बेला सात दलका नेताहरू सम्झौतामा हस्ताक्षर गर्न तयार नहुने हो भने प्रचण्ड र आफूले मात्रै हस्ताक्षर गर्ने उल्लेख गरेका थिए। यद्यपि, पछि फरक मत उल्लेख गर्न दिन प्रधानमन्त्री कोइरालाले सहमति जनाए।

दशक लामो सशस्त्र द्वन्द्वका नकारात्मक प्रभाव कम गर्दै समाप्त पार्न, शान्ति प्रक्रिया अघि बढाउन र भावी राजनीतिमा हिंसाको प्रभाव कम गर्न विगतका घटनाहरूको सत्यनिरुपणका लागि 'उच्चस्तरीय सत्यनिरुपण तथा मेलमिलाप आयोग' गठन गर्ने समझदारीपत्रमा उल्लेख भए पनि त्यसको समय सीमा तोकिएको छैन। पहिले नै पनि राजनीति र शक्ति बाँडफाँडमा मात्र वार्ता केन्द्रित गरेको आरोप खेपेका सात दल र माओवादीले आयोग गठनको समय सीमा नतोकेर त्यसको गठनको अनिश्चितताबारे शंका गर्ने मौका दिएका छन्। विगत सशस्त्र द्वन्द्वका बेला मानवअधिकारको गम्भीर उल्लंघन गर्ने तथा मानवताविरुद्ध अपराध गर्नेलाई दण्ड गर्न नसके भावी राजनीतिमा हिंसाको प्रभाव कम गर्न असम्भव नै हुनेछ। दण्डहीनताले अपराधीहरूलाई प्रोत्साहित गर्ने तथा भावी राजनीतिमा नकारात्मक प्रभाव पार्नेमा मानवअधिकारकर्मीहरू एक मत देखिन्छन्। ■

# 'सबै राजनीतिक शक्तिको प्रयोग गर्न सफल माओवादी'



■ दुर्गा सुवेदी

**थालनीको दुई वर्षमै** सशस्त्र क्रान्तिबाट राज्यसत्ता कब्जा गर्न सकिँदैन भन्ने निष्कर्षमा पुगेर माओवादीले तत्काल जनवादी क्रान्तिलाई थाती राख्ने नीति लिएका थिए। सेनासँग लड्न नथाल्दै उनीहरूले त्यस्तो नीति अख्तियार गरेका थिए।

२०५३ सालमा लिएको त्यही नीतिअन्तर्गत नै माओवादीहरू विभिन्न चरणमा वार्तामा सहभागी हुँदै आएका हुन्। अहिले उनीहरू 'बुर्जुवा गणतन्त्र'मा पुग्ने बाटोमा छन्, तर माओवादीहरू पनि अन्य राजनीतिक दलहरू जस्तै उपभोक्तावादी समाजमा फस्ने हुन् कि क्रान्ति छोड्ने हुन कि भन्ने डर छ। सात राजनीतिक दल र माओवादीले संविधानसभासम्म पुग्ने सहमति गरेका छन्, तर जनगणतन्त्र के हुन्छ ? अहिले दस वर्षअघि थाती राखेको क्रान्तिमा पुग्ने बाटो मात्र बनेको छ, उनीहरूका लागि।

वार्ताबाट आफ्नो लक्ष्यमा पुग्ने माओवादी चाहना पहिल्यैदेखिको हो, आठ वर्षअघि उनीहरूलाई पहिलो पटक वार्ताको प्रक्रियामा ल्याउने सहजकर्ताको भूमिका खेलेको आधारमा यसो भन्दै छु।

२०५६ सालको आमनिर्वाचनपछि कांग्रेस नेता कृष्णप्रसाद भट्टराई प्रधानमन्त्री थियो। भट्टराईले मलाई माओवादी वार्ता गर्ने मुडमा छन् कि छैनन् बुझ्ने जिम्मेवारी दिएका थिए। मैले आफ्नै प्रयासमा माओवादी नेता डा. बाबुराम भट्टराईलाई भारतको पटना सहरमा भेटेँ, त्यसपछि पत्राचारहरू भए।

यसै क्रममा माओवादीको त्यस बेलाको काठमाडौंको सम्पर्कसूत्रसँग सम्पर्क कायम भयो। ३ महिनासम्म लगातारको सम्पर्क र वार्तालापपछि मैले सरकारलाई माओवादी वार्ता गर्ने मुडमा छन् भन्ने जानकारी गराएँ। वार्ताका लागि सरकारले पहिले पत्राचार गर्नुपर्ने उनीहरूको अडानबारे पनि जानकारी गराए।

भट्टराईले तत्कालीन गृहमन्त्री पूर्णबहादुर खड्कालाई प्रधानमन्त्री निवास बालुवाटारमै बोलाएर वार्ता प्रक्रिया अघि बढाउन अह्राए, त्यति बेलासम्म खड्कालाई पनि यावत् अभ्याससहरूबारे भट्टराईले जानकारी दिएका थिएनन् होला।

म र प्रदीप गिरि प्रारम्भिक अवस्थादेखि नै लागेका थियौं, तर नेपालको सरकार हो, प्रधानमन्त्रीको आदेश पाएको एक महिनापछि खड्काले मलाई वार्ताका लागि सहजकर्ताको भूमिका खेल्न पत्र दिए। माओवादीको काठमाडौंको सम्पर्क कार्यालय दिशाबोध पत्रिकाको कार्यालय डिल्लीबजार थियो र सूत्रको काम सम्पादक मुमाराम खनालले गरेका थिए। मैले सहजकर्ताको पत्र पाएको भोलिपल्टै दिशाबोधको कार्यालयबाटै फ्याक्स गरिदिएँ। माओवादी समस्या समाधान गर्न प्रधानमन्त्री भट्टराई अठोटका साथ लागी परेका थिए।

माओवादीहरू वार्ताको मानसिकतामा छन् भन्ने बुझेपछि पूर्व प्रधानमन्त्री शेरबहादुर देउवाको संयोजकत्वमा माओवादी समस्या समाधान सुझाव आयोग गठन भयो, तर भट्टराईको पालामा गरिएको प्रयास कांग्रेसको आन्तरिक राजनीतिको सिकार बन्यो।

कोइरालाले प्रधानमन्त्री भट्टराईलाई हटाउने राजनीति तीव्र बनाएका बेला वार्ता गर्न तयार रहेको जानकारी सहितको स-सर्त पत्र माओवादीले पठाए। माओवादीका तत्कालीन महामन्त्री प्रचण्डद्वारा प्रेषित पत्रको व्यहोरा यस्तो थियो, 'श्री दुर्गा सुवेदीज्यू, तपाईंमार्फत गृहमन्त्री श्री पूर्णबहादुर खड्काद्वारा प्रेषित वार्ता प्रस्ताव प्राप्त भयो। हाम्रो पार्टी, नेकपा (माओवादी) निम्न ठोस परिस्थितिमा वार्ताको लागि प्रतिनिधि पठाउन तयार भएको जानकारी गराउन चाहन्छौं।'

१. दिनेश शर्मा लगायत बेपत्ता पारिएका नागरिकहरूको स्थिति तुरुन्तै सार्वजनिक गरी उनीहरूलाई रिहा गर्ने कार्य सुरु गर्ने।

२. गिरफ्तार गरिएका कार्यकर्ता तथा समर्थकहरूको रिहाइको सुरुवात गर्ने।

३. राज्य आतंक बन्द गर्ने र भर्खरै सरकारद्वारा रुकुममा भएको जघन्य आगजनी तथा हत्याकाण्ड लगायतका घटनाहरूको छानबिन, क्षतिपूर्ति र दोषीमाथि कारबाहीका लागि आवश्यक प्रक्रिया सुरु गर्ने।

उपर्युक्त न्यूनतम वातावरण तयार भएमा उच्चस्तरीय वार्ताको निम्ति आधार तयार पार्नका लागि हाम्रो प्रतिनिधि पठाउन र वार्ताको अवधिभर हाम्रो तर्फबाट गरिने आक्रमण कारबाही स्थगित गर्न तयार भएको तथ्य पनि अवगत गराउन चाहन्छौं।'

फागुन १३ गते प्रचण्डले सहजकर्ता (म)मार्फत सर्त राखेर पत्र पठाए। भट्टराईको नेतृत्वको सरकार वार्ता गर्न चाहन्थ्यो, तर प्रचण्डको पत्र आएको चार दिन बित्न नपाउँदै फागुन १७ गते नै भट्टराई सरकार ढल्यो। भट्टराईले माओवादीसँगको वार्ताको भित्री तयारी सभापति कोइरालालाई नियमित रुपमा अवगत गराइरहेको हुन्थे भने कोइरालाको राजा वीरेन्द्रसँगको भेटघाटको क्रम पनि बढ्दै गएको थियो। कोइरालाको राजासँग मिलेर माओवादीविरुद्ध लाग्ने त्यस बेलाको राजनीति महत्त्वाकांक्षाको सिकार वार्ता प्रक्रिया प्रारम्भ नहुँदै पर्‍यो। कांग्रेसी कलहले वार्ता प्रक्रिया उल्झनमा पर्‍यो।

भट्टराईपछि सत्तामा आएका कोइरालाले माओवादीसँग वार्ता र माओवादीलाई सैनिक लगाएर निर्मूल गर्ने द्वैध नीति अपनाए। वार्ता गराउने पात्रहरू बदलिए, सम्पर्क सूत्रहरू बदलिए। भट्टराईलाई सत्ताबाट हटाउन देश दौडाहामा निस्किएका कोइरालाले भन्ने गर्दथे, 'मसँग माओवादीलाई उपचार गर्ने दबाई छ।' उनी यस्ता चर्का भाषण गर्दै मध्यपश्चिमका माओवादी गढहरूमा पनि पुगेका थिए। कोइरालाको 'दबाई' भनेको सेना परिचालन थियो, तर होलेरी घटनामा सेना परिचालन नभएपछि कोइरालाको दबाई काम नलाग्ने भयो। होलेरी घटनाले कोइरालाको सत्ता नै गुम्ने स्थिति आयो। उता कांग्रेसको राजनीतिक समीकरणमा छोटो समयमा व्यापक फेरबदल आयो। कोइराला राजीनामा दिन बाध्य भए र कांग्रेसको संसदीय दलको नेताका देउवा निर्वाचित भए। माओवादी समस्या समाधान सुझाव आयोगको अध्यक्षको हैसियतमा माओवादी समस्या बुझेका र माओवादी नेताहरूसँग सम्पर्क बनाउन सफल देउवाले प्रधानमन्त्रीको औपचारिक शपथ नलिँदै युद्धविराम गरेर माओवादीलाई वार्तामा आह्वान गरे।

देउवाको आह्वानको लगत्तै माओवादी अध्यक्ष प्रचण्डले पनि युद्धविराम गरेर वार्ता गर्ने घोषणा गरे। त्यसो त कोइरालाको सरकार ढल्ने निश्चित भएपछि देउवा निवास, थापाथलीमा माओवादीको भरपर्दा सूत्रहरू जीवन्त भन्ने मोहन कार्की, मुमाराम खनाल र कृष्णध्वजसँग वार्ता, संवाद गरेर वातावरण तयार गरिएको थियो। यसपटक पनि मैले भूमिका खेलेको थिएँ।

देउवा सुरुमा निकै उत्साही र लचक बनेका थिए। भट्टराईको कार्यकालमा नेताहरूको रिहाई प्रमुख मुद्दा बनाएर वार्तामा सहभागी हुन चाहने माओवादीले यसपटक सर्तहरू थपे। उनीहरूमाथिको आतंककारीको बिल्ला हटेकाले उनीहरूले राजनीतिक मान्यता पाए। सरकारले मन्त्री चिरञ्जीवी वाग्लेको संयोजकत्वमा र माओवादीले कृष्णबहादुर महराको संयोजकत्वका वार्ता समिति बनाए। माओवादीले गोलमेच सम्मेलन, अन्तरिम सरकार र संविधानसभाको राजनीतिक मुद्दा अघि सारेका थिए। देउवा माओवादीका मुद्दामा प्रवेश गर्न चाहेनन्। उनी दरवारले मान्दैन, गिरिजाबाबु मान्नु हुन्न, भन्दै पन्छन थाले। सरकारका तर्फबाट कुनै एजेन्डा नै थिएन। देउवा 'हाम्रा एजेन्डा छैनन्, लड्नेका एजेन्डा हुन्छन्' भन्दै वार्ता लम्ब्याउने खेलमा लागे। देउवा दरवार र सेनासँग नजिक हुन थाले भने पार्टी सभापति कोइरालाले खुलेर असहयोग गर्न थाले। देउवा सरकारले वार्ता लम्ब्याउने, कुनै मुद्दा प्रस्तुत नगर्ने भएपछि माओवादी यो सरकारबाट काम हुँदैन भन्ने टुंगोमा पुगे र वार्ता तोड्ने संकेत गर्न थाले। मैले २०५८ मंसिर ६ गते देउवालाई सुझाएको थिएँ, 'तिमीहरू राजनीतिक मुद्दामा जाँदैनौ, वार्ता लामो जान सक्दैन।' तर देउवा ढुक्क देखिन्थे। उनले 'मेरो प्रचण्डसँग वार्ता भइराखेको छ। वार्ता अगाडि बढ्छ, वार्ता भइराखेको छ, वार्ता अगाडि बढ्छ' भनेर जवाफ दिए। तर त्यसको पर्सिपल्टै माओवादीले युद्धविराम भंग भएको घोषणा गरे र दाङ ब्यारेकमा हमला गरे। वार्तामा सहभागी भएर माओवादीले राजनीतिक मान्यता पाए भने अर्कोतर्फ सेनामाथि आक्रमण गर्ने हिम्मतसमेत आर्जन गरे। राज्यको प्रमुख शक्ति सेना हो, यसैमाथि आक्रमण गर्नुपर्छ भन्ने उनीहरूको नीति बन्यो।

सैनिक ब्यारेकमा आक्रमणपछि संकटकाल घोषणा गरियो र माओवादीविरुद्ध

सेना परिचालन भयो । माओवादीसँगको संवाद टुट्यो, सम्पर्क भताभुंग बन्यो । देउवा सरकारमाथि सेना हावी बन्न थाल्यो । यतिसम्म कि वार्ताका क्रममा सम्पर्कसूत्र बनेर आएका माओवादीका नेता कृष्णध्वज, रेखा शर्मा, मुमाराम खनाललाई गिरफ्तार गरेर राजनीतिक बेइमानी गर्ने काम भयो । त्यस बेला जीवन्त भाग्न सफल भए । जीवन्त, प्रचण्ड निकट मानिन्छन् ।

तर माओवादीविरुद्धको आपत्कालीन अवस्था लम्ब्याउने देउवाको योजना कांग्रेसको आन्तरिक राजनीतिको सिकार बन्यो । कांग्रेसले देउवालाई पार्टीबाटै निष्काशन गरे पनि अविश्वासको प्रस्ताव ल्याएर सरकारबाट हटाउने हिम्मत गरेन । आपत्कालको समय नथपिएपछिको अवस्थामा वार्ता गराउने प्रयास नभएका होइनन् । म, पद्मरत्न तुलाधर र प्रदीप गिरि वार्ता गराउन लागी पर्‍यौं । वार्ता नेपालबाहिर गर्ने कुराकानी भयो । 'डाइलग' भन्ने एक स्विस संस्थाको सहयोगमा स्विजरल्यान्ड गएर वार्ता गर्ने योजना निकै अघि बढेको थियो । देउवा नेपालबाहिर गएर वार्ता गर्ने कुरामा सहमत हुन सकेनन् । उनले 'राजाले मान्दैनन्, भारतले मान्दैन' भन्दै स्वीकृति दिएनन् ।

असोज १८, २०५९ मा राजा ज्ञानेन्द्रले देउवालाई अपदस्त गरेर सत्ता कब्जा गरेपछिको अवस्था झन् बेग्लै रह्यो । राजाको शासनकालमा नारायणसिंह पुनले माओवादी नेता बादलमार्फत वार्ताको सूत्र अघि बढाए । माओवादीले पनि 'नोकरसँग किन कुरा गर्ने, मालिकसँगै वार्ता गर्ने' नीति लिए । सत्ताका मालिक राजाका प्रतिनिधिसँग वार्ता गर्ने भनेपछि मेरो भूमिका रहेन । वार्ताका हिसाबले माओवादीले निकै महत्त्व दिएको थियो । वार्ताटोलीको नेतृत्व बाबुराम आफैंले गरे । यस बेला मैले प्रचण्ड र बाबुरामलाई सिलिगुडीमा भेट गरेको थिएँ । मैले उनीहरूलाई, राजा हटाउने भन्नुहुन्छ, राजावादीसँग वार्ता गर्नुहुन्छ, कसरी सम्भव छ, भनेर सोधेको थिएँ । उनीहरूले संविधानसभाको मुद्दामा प्रवेश गरेमा गणतन्त्रको सर्त नराख्ने जानकारी दिए । गणतन्त्रको कुरै नगर्ने भएर वार्तामा आएका भए पनि राजाको सरकारले वार्तालाई महत्त्व दिएन । यसबीच एउटा रहस्यमय घटना भएको छ, माओवादी वार्तामा आउने तयारी र युद्धविराम गर्ने आन्तरिक सहमति भइसकेका बेला सशस्त्रका आइजिपी कृष्णमोहन श्रेष्ठको हत्या भयो ।

मलाई लाग्छ, उनको हत्या माओवादीको रणनीतिअनुसार भएको होइन, वार्ता नहोस् भन्ने चाहना राख्नेहरूको एउटा षड्यन्त्र हो । राजाका प्रधानमन्त्री लोकेन्द्रबहादुर चन्दको कार्यकालमा पनि स्विजरल्यान्डमा गएर वार्ता गर्ने अभ्यास भएका थिए, तर राजाले नमानेपछि सम्भव भएन । वार्ताका सूत्रधारहरू नारायणसिंह पुन र रमेशनाथ पाण्डे थिए । लोकेन्द्रपछि सूर्यबहादुर थापाको कार्यकालमा पात्रहरू बदलिए, सम्पर्कसूत्रहरू बदलिए ।

प्रकाशचन्द्र लोहनी र कमल थापाहरू आफ्नो बुद्धि विवेकले वार्तामा लागेका होइनन् । उनीहरू राजा बचाउन वार्ता गरिरहेका थिए । अर्कोतर्फ माओवादी राजा फाल्नुपर्छ भन्नेहरू थिए । त्यो वार्ता आफैंमा विरोधाभासपूर्ण थियो, राजा बचाउने र फाल्नेहरूबीच वार्ता भइरहेको थियो ।' राजाका सरकार एकातिर वार्ता गरिरहेका हुन्थे, अर्कातिर माओवादीको सुराकी पनि लगाउन उत्तिकै सक्रिय थिए । राजाका सरकारहरूसँको वार्तामा पनि माओवादीका राजनीतिक माग उनै थिए - गोलमेच सम्मेलन, अन्तरिम सरकार, अन्तरिम संविधान । सेनाको दोरम्बा घटनापछि माओवादीले युद्धविराम भंग गरेर भिड्ने नीति लिए ।

राजाको सरकारसँगको वार्ता भंग भएपछि माओवादीको आन्तरिक विग्रहमा फस्यो । प्रचण्ड र बाबुरामको विवाद चर्किँदै राजावादी र भारतवादीको आक्षेप लाग्यो । वार्ताकै क्रममा बाबुरामले राजासँग भेटवार्ता गर्ने प्रस्ताव पनि राखेका थिए, तर तत्कालीन प्रधानमन्त्री सूर्यबहादुर थापाले भेट गर्ने वातावरण नै बनाएनन् । माओवादीले अपमानित अनुभव गरेका थिए । सूर्यबहादुरपछि राजाले दोस्रोपटक शेरबहादुरलाई प्रधानमन्त्री बनाए । देउवा सरकारका पालमा कांग्रेस सभापति गिरिजाप्रसाद कोइरालाले भने माओवादीसँगको सम्पर्कलाई महत्त्वका साथ अघि बढाए । चीन गएका कोइरालाले सोझै दिल्ली गएर प्रचण्डसँग भेट गरे । राजाले माघ १९ गते शासनसत्ता हातमा लिएपछि राजनीतिक समीकरण बदलियो, माओवादीलाई राजनीतिक दलहरूसँग मिलेर अघि बढ्न दबाब पर्‍यो । माओवादीभित्र सात दलसँग सहमति गरेर नयाँ राजनीतिक समीकरण बन्नुपर्छ भन्ने राजनीतिक पक्ष बलियो बन्यो । सात दलसँगको सहकार्यको रणनीतिले प्रचण्ड र बाबुरामबीचको झगडा साम्य भयो । सात दल र माओवादी अध्यक्ष प्रचण्डबीच भारतमा वार्ता गर्ने काममा सुरुमा कांग्रेसका चक्र बास्तोला तथा पद्मरत्न तुलाधरहरूले भूमिका खेलेका छन् । सात दलसँग सहकार्य गरेर 'बुर्जुवा प्रजातान्त्रिक' क्रान्तिका लागि आन्दोलन हुनुपर्छ भन्ने नीति माओवादीले लिए । अहिले सात दल र माओवादीबीच महत्त्वपूर्ण राजनीतिक सहमति भएको छ, आउँदा दिन कसरी अघि बढ्ने हुन् अहिल्यै भन्न सकिँदैन । माओवादीको इतिहास हेर्ने हो भने उनीहरूले सबै खाले राजनीतिक शक्तिको प्रयोग गर्न सकेका छन् ।

**(कुराकानीमा आधरित)**





**अहिले चर्चामा आएको राज्य पुनर्संरचनाको मुद्दासँगै शिक्षाको गुणस्तर उकास्न विद्यालय संरचनामा व्यापक सुधारको आवश्यकता छ ।**

# होला सुधार ?

■ छत्र कार्की/काठमाडौं

**लोकतन्त्रपछि** समावेशीकरणको सिद्धान्तअनुरूप राज्यको पुनर्संरचनाको मुद्दा जोडदार रुपमा आइरहेको छ, तर राज्यका हरेक विषयलाई निर्देशित गर्ने शिक्षाको संरचनालाई परिवर्तन गरेर कसरी जीवनमुखी र व्यावहारिक बनाउने भन्ने एजेन्डाले अहिले जुन प्राथमिकता पाउनुपर्ने हो, त्यो पाउन सकेको छैन । शिक्षालाई सर्वसुलभ र गुणस्तरीय बनाउन विद्यालय तहदेखि नै संरचनागत सुधार हुनुपर्ने बहस तातोरुपमा चलेको छ । विज्ञहरू भन्छन्, 'शिक्षाको स्तर माथि उठाउने हो भने विद्यमान संरचनाबाट निर्धारित लक्ष्य प्राप्त गर्न सकिँदैन ।' त्यसैले होला, ढिलै भए पनि विद्यालयको संरचना सुधारका प्रयास सुरुवात गरिएका छन् । विद्यालय शिक्षामा समयअनुरुप सुधारको लागि शिक्षा मन्त्रालय अहिले नयाँ अवधारणा बनाउने एउटा गृहकार्यमा जुटेको छ, सुधारको पर्याप्त सम्भावना बोकेको उक्त अवधारणाको प्रारम्भिक खाकाले अन्तिम रुप पाउन भने अझै केही समय कुर्नुपर्नेछ ।

मन्त्रालयका सहसचिव अर्जुनबहादुर भण्डारी, उपसचिव डा. लवदेव अवस्थी र शिक्षाविद्हरू सहितको 'एकीकृत कक्षा १-१२ विद्यालय क्षेत्र संरचना' नामक कार्यदलले विद्यालय संरचना परिवर्तनसम्बन्धी आधारभूत अवधारणापत्र लगभग तयार पारेको छ । उक्त अवधारणालाई जिल्ला र क्षेत्रगतरुपमा शिक्षा अधिकारी, विद्यालय निरीक्षकसँग छलफल गरेर उनीहरूको मत लिइसकिएको छ भने विद्यालय सञ्चालक, नागरिक समाज, राजनीतिक दलबाट राय संकलन गर्न केही समय लाग्ने जनाइएको छ । शिक्षा मन्त्रालयका सचिव बालानन्द शर्मा भन्छन्, 'एक वर्षभित्र आधारभूत अवधारणालाई 'कोर डकुमेन्ट'को रुप दिइनेछ । त्यसपछि सन् २००९ देखि २०१२ सम्म यसलाई व्यवहारमा लागू गरिनेछ ।'

दसौं योजनामा विद्यालयको माध्यमिक तहको संरचनामा आवश्यक हेरफेर गरिनुपर्ने उल्लेख गरिएको छ । मन्त्रालयले प्रस्ताव गर्न लागेको नयाँ अवधारणाअनुसार विद्यालय तह कक्षा बाह्रसम्म निर्धारण गर्न सिफारिस गरिएको छ, जसअनुसार कक्षा आठसम्म प्राथमिक तह अर्थात् आधारभूत शिक्षा पूर्णरुपले निःशुल्क र कक्षा नौदेखि बाह्रसम्म माध्यमिक तह रहनेछ । यसअघिको कक्षा ६ देखि कक्षा ८ सम्मको निम्न माध्यमिक तहको व्यवस्था परिवर्तित समयानकूल नभएको निष्कर्षमा कार्यदल पुगेको छ । चालू आर्थिक वर्षको बजेटमा पनि विद्यालय शिक्षालाई कक्षा १२ सम्म पुऱ्याउने समावेश छ ।

## दक्ष जनशक्तिको लक्ष्य

अहिले कक्षा १० सञ्चालन गरिरहेका विद्यालयहरूले कक्षा १२ सम्म विस्तार गर्नुपर्ने कानुनी प्रावधान आएपछि अहिले कक्षा ११ र १२ मात्र चलाएका उच्चमाध्यमिक विद्यालयको अस्तित्व समाप्त हुने देखिन्छ । विद्यालय तहलाई कक्षा १२ सम्म किन पुऱ्याउनु पऱ्यो त ? शिक्षाविद् डा. विष्णु कार्की भन्छन्, 'विश्वका अधिकांश मुलुकमा कक्षा १२ सम्मको विद्यालय शिक्षाको अवधारणा लागू भएको धेरै समय बितिसकेको छ, अहिलेको प्रतिस्पर्धी दुनियाँमा दक्ष र व्यवसायिक जनशक्ति तयार पार्न पनि आधारभूत शिक्षा कक्षा ८ सम्म र माध्यमिक तह कक्षा १२ सम्म हुनु अत्यावश्यक छ ।' शिक्षाविद् कार्कीका अनुसार अहिलेको अवस्थामा कक्षा ५ सम्म आधारभूत तथा प्राथमिक शिक्षा मान्नु समयसापेक्ष छैन, हामीले विद्याथीलाई अरू मुलुकका विद्यार्थीसरह प्रतिस्पर्धा बनाउन पनि आधारभूत शिक्षालाई कक्षा ८ सम्म पुऱ्याउनै पर्छ ।'

कक्षा १० को टेस्ट परीक्षा पास गरेका विद्यार्थीलाई एसएलसी परीक्षासम्बन्धी काम 'एसएलसी बोर्ड' र कक्षा ११ र १२ को परीक्षा, प्रशासन र योजनालगायतका काम 'उच्चमाध्यमिक शिक्षापरिषद्'ले गरिरहेको छ । विद्यालय तहको अन्तिम परीक्षा कक्षा १२ मा सञ्चालन गर्न माध्यमिक परीक्षा बोर्ड गठन गर्नुपर्ने आवश्यकता औंल्याइएको छ । यो धारणा व्यवहारमा लागू भएपछि उच्चमाध्यमिक शिक्षा बोर्ड र एसएलसी बोर्डको ठाउँमा एउटामात्र माध्यमिक शिक्षा बोर्ड रहनेछ । कार्यदलले कक्षा १० को परीक्षा प्रत्येक ५ विकास क्षेत्रमा क्षेत्रीयरुपमा सम्पन्न गर्न अख्तियार प्रदान गरिने जनाएको छ । दुई वर्षअघि शिक्षाविद् डा. केदारभक्त माथेमाको संयोजकत्वमा गठित 'एसएलसी अध्ययन समूह'ले दिएको प्रतिवेदनका सुझावमा उल्लेख भएका केही बुँदालाई समेत अहिलेको कार्यदलले आधारभूत अवधारणामा समावेश गरेको देखिन्छ ।

कक्षा ८ सम्मलाई आधारभूत शिक्षा हुनु पर्ने कुरामा धेरैको सहमति रहे पनि यसलाई राज्यको पूर्ण दायित्वमा लिएर निःशुल्क गर्ने कि निजी विद्यालयलाई कसरी साझेदार बनाउने भन्ने विषयको निर्क्योल भएको छैन । विभिन्न मञ्चमा अहिलेको अवस्थामा आधारभूत शिक्षाबाट निजी विद्यालयलाई अलग गर्न सम्भव नहुने तर्क राख्दै आएका छन्, निजी विद्यालयका सञ्चालकहरू ।



# कुबेलाको सही निर्णय

**कात्तिक १४ गते** शिक्षा मन्त्रालयले कक्षा १० को पाठ्यपुस्तकबाट मात्र एसएलसीमा प्रश्नपत्र सोध्ने निर्णय सकारात्मक भए पनि यो निर्णय उपयुक्त समयमा नभएको भन्ने प्रतिक्रिया सार्वजनिक भएको छ । यो निर्णय गर्नुअघि सम्बन्धित पक्षसँग सरसल्लाह नगरिएकोमा आपत्ति जनाइएको छ । प्याब्सनका वरिष्ठ उपाध्यक्ष बिएन शर्मा भन्छन्, 'कक्षा दसबाट मात्र प्रश्नपत्र सोधिनु राम्रो कुरा हो, तर निर्णय गर्ने समय उपयुक्त भएन । यसले नजिकै आउन लागेको परीक्षालाई प्रभावित पार्छ ।'

मन्त्रालयले यो निर्णय लागू गरेको दुई साताभित्र नमुना प्रश्नपत्र र उत्तरपुस्तिका परीक्षण ग्रिड प्रकाशन गर्ने जनाएको छ । विद्यालयहरूले भने नमुना प्रश्नपत्र र ग्रिड सार्वजनिक भएको ४ महिना पढाउन पाउनुपर्ने माग अघि सारेका छन् र यसले आगामी एसएलसी परीक्षाको पूर्वनिर्धारित तिथिसमेत प्रभावित बन्ने जनाएका छन् ।

शिक्षा मन्त्रालयका सचिव बालानन्द पौडेल भने नमुना प्रश्नपत्र र ग्रिड समयमै उपलब्ध हुने र एसएलसी निर्धारित समयमै सुरु हुने बताउँछन् । उनी भन्छन्, 'मन्त्रालयको कारणले एसएलसीमा हेरफेर हुँदैन ।'

यसअघि एसएलसी परीक्षामा कक्षा नौबाट ६० प्रतिशत र कक्षा दसबाट ४० प्रतिशत प्रश्न सोधिन्थ्यो । त्यसैले गणित, विज्ञान, ऐच्छिक गणितजस्ता विषयमा कक्षा दसबाट मात्र प्रश्नहरू सोध्दा पाठ्यभार नपुग्ने देखिन्छ । नेपाल राष्ट्रिय शिक्षक संगठनका कोषाध्यक्ष विनोदानन्द झा भन्छन्, 'पाठ्यभार नपुग्ने विषयमा कक्षा नौका केही पाठबाट समेत प्रश्नहरू लिइनुपर्छ ।'

बाइस वर्षदेखि कक्षा ९ र १० बाट प्रश्नपत्र सोधिँदै आएकोमा यसपटकबाट कक्षा १० बाट मात्र प्रश्न सोधिने सरकारी निर्णयलाई सकारात्मक रुपले हेर्नुपर्ने विज्ञहरूको धारणा छ । शिक्षाविद् डा. केदारभक्त माथेमा भन्छन्, 'एसएलसीमा कक्षा ९ र १० बाट प्रश्न सोधिने परिपाटीबाट विद्यार्थीहरू अन्यायमा परेका थिए । त्यसैले यो एकदमै सकारात्मक छ ।' ■

प्याब्सनका वरिष्ठ उपाध्यक्ष बिएन शर्मा भन्छन्, 'आधारभूत तहसम्म राज्यले पाठ्यक्रम बनाओस्, निजी विद्यालयलको लागि उपयुक्त मापदण्ड राखोस् । त्यो ठिकै कुरा हो । तर, अहिलेको अवस्थामा निजी विद्यालय प्राथमिक तहदेखि नै सञ्चालन हुन पाउनुपर्छ ।' उपाध्यक्ष शर्मा निजी विद्यालयलाई प्राथमिक तहबाट हात झिक्न लगाइएमा माथिल्ला कक्षा चलाउन असम्भव हुने बताउँछन् । निजी विद्यालयको राष्ट्रियकरण कि व्यवस्थितकरण भन्ने सवाल टुंगो नलागे पनि यो अवधारणा पालना भएमा पक्कै पनि निजी विद्यालय व्यवस्थित हुने धेरैको भनाइ छ ।

अहिले विद्यालय तहमा अधिकांश शिक्षक तालिम प्राप्त छैनन् र तालिम लिएका शिक्षकमा ज्ञान हस्तान्तरण गर्ने उपयुक्त कौशलको विकास भएको पाइँदैन । तालिम लिएको शिक्षकको 'कार्यदक्षता मूल्यांकन प्रणाली' अहिले प्रभावकारी नहुँदा पठनपाठन प्रभावकारी नभएको तथ्य सबैका सामु छर्लंग छ । नयाँ प्रस्तावनाले पढाउने शिक्षकको योग्यताबारे पनि पुनर्मूल्यांकन हुनुपर्नेमा जोड दिएको छ, जसअनुसार प्राथमिक तहमा पढाउने शिक्षकले न्यूनतम प्रमाणपत्र तह र माध्यमिक तहमा पढाउने शिक्षक स्नात्तकोत्तर तह उत्तीर्ण भएको हुनुपर्नेछ । तर, शिक्षकलाई समयसमयमा तालिम, वृत्तिविकास, शैक्षिक, भौतिक वातावरण पक्षको सुधारलगायत बेबास्ता गरिएमा उच्च डिग्री हासिल गरेको शिक्षकबाट मात्र गुणस्तरीय शिक्षा अपेक्षा गर्नु असान्दर्भिक हुने देखिन्छ ।

तथ्यबाट प्रमाणित भएको छ, जुन विद्यालयका प्रधानाध्यापक र व्यवस्थापन समिति सशक्त छन्, त्यहाँको वातावरण र नतिजासमेत राम्रो छ । तसर्थ, प्रधानाध्यापक र विद्यालय व्यवस्थापन समितिलाई दिन लागिएको सशक्त भूमिकाको पछाडि यही कारणले भूमिका खेलेको छ । स्थानीय समुदायलाई अति महत्त्व दिइएको छ, जसअनुसार स्थानीय आवश्यकतानुसार २० प्रतिशत पाठ्यक्रमका विषय स्थानीय समुदायले छान्न पाउने प्रावधान राखिनेछ ।

अहिलेसम्म मुलुकको शिक्षा प्रणालीले स्थानीयस्तरमा आर्जन गरिएको ज्ञानलाई मान्यता दिन सकेको छैन । विद्यालय शिक्षा पुनर्संरचना गर्दा स्थानीय तहको आवश्यकतासँग मेल खाने खालको नयाँ पद्धति विकास हुनुपर्ने र त्यहाँका मानिसहरूसँग रहेको परम्परागत ज्ञानलाई समेत सम्बोधन हुने गरी पाठ्यक्रम निर्माणको आवश्यकता महसुस गरिएको छ । त्यसैले अहिले आधारभूत तहदेखिकै पाठ्यक्रम र पाठ्यपुस्तकमा परिमार्जन हुनुपर्ने कुरा आइरहेको छ । शिक्षाविद् डा. कार्की भन्छन्, 'विद्यमान पाठ्यक्रमले सैद्धान्तिक कुरालाई मात्र जोड दिएको छ । त्यसैले पनि शिक्षालाई व्यवसायमुखी बनाउन व्यापक परिमार्जन खाँचो छ ।'

तसर्थ, आधारभूत शिक्षापछि विद्यार्थीमा व्यवसायिक दक्षता अभिवृद्धि नभएसम्म कक्षा आठसम्मलाई आधारभूत शिक्षा बनाउनुको कुनै अर्थ रहँदैन । आधारभूत शिक्षा लिएपछि फोटोग्राफी, सिलाइबुनाइ, प्लम्बिङ, कार्पेन्ट्री, मेकानिक्सलगायत विभिन्न प्राविधिक विषयमा प्रवेश गर्न सक्ने सहज व्यवस्था गरेको छ, विद्यालय संरचनाको आधारभूत अवधारणाले ।

शिक्षा मन्त्रालयले सार्वजनिक गरेको तथ्यांकलाई आधार मान्दा अहिले पनि कक्षा एकमा भर्ना भएकामध्ये १५ प्रतिशत विद्यार्थीमात्र एसएलसी परीक्षामा सामेल हुन्छन् । यति ठूलो संख्यामा विद्यार्थीले विद्यालय छोड्नुपरेको सामाजिक, आर्थिक, सांस्कृतिक, भाषिक कारणको पहिचान गरेर मात्र अधिकांश विद्यार्थीलाई एसएलसीमा समावेश गराउन सक्ने वातावरण सिर्जना हुने देखिन्छ । एसएलसीलाई फलामे ढोकाको संज्ञा दिँदा विद्यार्थीमा जुन खालको मनोवैज्ञानिक भय, त्रास सिर्जना भएको छ । त्यो धारणा परिवर्तन गर्न पनि एसएलसीलाई प्रत्येक विकास क्षेत्रमा क्षेत्रगत रुपमा सञ्चालन गरिनुपर्ने माग सही भएको धेरैको मूल्यांकन छ ।

## चुनौतीपूर्ण कार्य

विद्यालय तहको भौतिक र शैक्षिक सुधारका लागि कार्यदलले सुझाएका उपाय व्यवहारमा लागू गर्न कम्ती चुनौती छैन । कागजी रुपमा जति राम्रा सुझाए पनि अहिले जनशक्तिबाट निर्धारित लक्ष्य प्राप्त हुन असम्भव छ । अहिले शिक्षा मन्त्रालयअन्तर्गत शिक्षा विभागदेखि विद्यालयसम्मको संरचना जटिल छ । शिक्षा विभागदेखि विद्यालय तहसम्मको संरचना गणना गर्दा २१ संरचना छन्, जुन झन्झटिलो छ । यो संरचनालाई परिवर्तन गरेर बढी व्यवहारमुखी बनाउन त्यति सजिलो छैन । आधारभूत शिक्षा कक्षा आठसम्म घोषणा गरिनु समयसापेक्ष होला, तर थोरै जनसंख्या भएको ठाउँमा अहिले कक्षा ५ सम्म सञ्चालन भएका विद्यालयलाई कक्षा आठसम्म पुऱ्याएर सञ्चालन गर्न पक्कै सजिलो छैन । यसका पछाडि स्रोत साधनको पनि त्यत्ति नै खाँचो छ । ■

■ सुवास देवकोटा/काठमाडौं
तस्वीरहरू : तेजबहादुर बस्नेत

# लोकप्रिय बन्दै

**महिलाहरूको आधा दिन बित्ने भान्सालाई घरका अन्य ठाउँजस्तै सुविधासम्पन्न र आकर्षक बनाउनुपर्ने धारणा सम्पन्न नेपालीहरूमा विकास हुँदै गएको छ ।**

केही समय बिताइने 'बाथरुम' र 'ट्वाइलेट' निर्माणमा लाखौं रुपैयाँ खर्च गर्न नहिचकिचाउने, तर घरका महिलाहरूको आधा दिन बित्ने भान्सा घर निर्माणमा पर्याप्त खर्च गर्न नचाहने सम्पन्न काठमाडौंवासीको बानी परिवर्तन हुनथालेको संकेत पाइएको छ । युरोपबाट भारत हुँदै आधा दशकअघि राजधानी भित्रिएको मोड्युलर किचन (आधुनिक भान्साघर) निर्माणको व्यवसाय गर्दैआएकाहरूले पछिल्लो समय आफ्नो व्यवसाय फस्टाएको बताउनुले यस्तै संकेत गर्छ । पछिल्लो समय राजधानीमा निर्माण हुने घरमध्ये २० प्रतिशतमा मोड्युलर किचन निर्माण भएको उनीहरूको दाबी छ ।

अँध्यारो, हावा राम्रोसँग ओहोरदोहोर नहुने र असुविधाजनक भान्साघरको साटो मोड्युलर किचन निर्माणका निम्ति आममानिसकै रुचि बढे पनि त्यसमा महँगो लगानी गर्न भने सामान्य आम्दानी भएका मानिसका निम्ति असम्भवजस्तै छ । किनभने, सस्तो मोड्युलर किचेनका लागि पनि दुई लाख रुपैयाँ खर्च गर्नुपर्छ भने राम्रो जातको विदेशी काठ र सामान प्रयोग गरेर भनेजस्तो बनाउने हो भने खर्च दस लाख रुपैयाँ नाघ्छ । मोड्युलर किचनका लागि चाहिने सामान युरोपको इटाली र भारतबाट ल्याउनुपर्ने भएकाले महँगो मूल्य पर्ने त्यसका व्यवसायी बताउँछन् ।

तर, महँगो दामले दिने सुविधा असंख्य छन् । सानो ठाउँमा पनि पर्याप्त सामान राख्न मिल्ने दराजहरू मोड्युलर किचनमा अटाउँछन् भने खाना पकाउने मानिसलाई सामानहरू झिक्न र राख्न पनि यो निकै सुविधानजनक हुन्छ । परम्परागत भान्सा बनाएको केही समयपछि नै खापा ढिला हुने र बिग्रने समस्याले उपभोक्तालाई पिरोल्छ । तर, मोड्युलर किचन प्रयोग गरिरहेका उपभोक्ताहरू लामो समयसम्म पनि यस्तो भान्साका खापा



ढिला हुने र बिग्रने समस्या नआउने बताउँछन् । यसैगरी मोडुलर किचन निर्माण गर्दा भान्सा नयाँ घर वा अर्को तलामा सार्नु परे सजिलै सार्न सकिन्छ, भत्काउनु पर्दैन । किनभने जोडिएका यसका सामान जस्ताको त्यस्तै नयाँ भान्साघरमा सार्न कुनै मुस्किल पर्दैन । त्यसमाथि मोडुलर किचन आधुनिक वास्तुशास्त्रअनुसार निर्माण गरिने हुनाले भान्सामा काम गर्ने मानिसको मनोविज्ञान र स्वास्थ्यलाई पनि यसले सकारात्मक प्रभाव पार्ने व्यवसायीहरू बताउँछन् । उनीहरूका अनुसार पश्चिमा र परम्परागत चिनियाँ वास्तुशास्त्रको विधि प्रयोग गरेर युरोपेलीहरूले मोडुलर किचनको विकास गरेकाले यो वैज्ञानिक छ । विगत पाँच वर्षदेखि मोडुलर किचनको व्यवसाय गर्दैआएको एसएनपी ट्रेडर्स ग्रुपका निर्देशक योगेन्द्र संग्रौला भन्छन्, 'मोडुलर किचन महँगो भए पनि वैज्ञानिक सिद्धान्तअनुसारको भएकाले पछिल्लो समयमा मानिसहरूको यसप्रति आकर्षण बढेको हो ।' अहिले फेसन बनिरहेको 'हाउजिङ कम्पनी'हरूले बनाउने आवास क्षेत्रका घरका लागि मोडुलर किचन अनिवार्य तत्त्व बनेको तथ्यले पनि यसको बढ्दो लोकप्रियता पुष्टि हुन्छ ।

### फस्टाउँदो व्यवसाय

मोडुलर किचन नेपाल भित्रिएको आधा दशकमै यसको मात्र व्यवसाय गर्ने कम्पनीहरूको संख्या आधा दर्जन पुगेको छ । मोडुलर किचनमा प्रयोग हुने सामानसँगै घर निर्माणका अन्य सामग्री पनि व्यापार गर्नेहरूको संख्या जोड्ने हो भने त यो व्यवसायमा संलग्न कम्पनीहरूको संख्या दर्जनौं नाघ्ने व्यवसायीहरू नै बताउँछन् । व्यवसायीहरूको संख्या छोटो समयमा तीव्र गतिमा वृद्धि हुनुले घर बनाउँदा मोडुलर किचन निर्माण गर्ने उपभोक्ताको बढ्दो रुचि स्पष्ट गर्छ । मोडुलर किचनको व्यवसाय गर्दैआएको 'किचन कन्सेप्ट'का निर्देशक संजीव पराजुली भन्छन्, 'मोडुलर किचनप्रति मानिसहरूमा देखिएको आकर्षणले यो व्यवसायको भविष्य उज्ज्वल रहेको

KONKA
अमेरिकी लगानी जापानी प्रविधिबाट निर्मित
KONKA
घरायसी सामानहरू सर्वत्र उपलब्ध छन्

Contact :
Authorised Distributor for Nepal
SAURABH PHOTO INTERNATIONAL
Fax : 4241241

नमस्ते स्टोर्स
Namaste Stores
All Kinds of Kitchen Wares
Gha 1-278, Kel Tole, Masangali
Kathamndu-3, Nepal
Tel: 4223718, 4223669
Email: namastestores@ntc.net.np


Aquasure Water Purifier
Forbes Treandy Vaccum Cleaner
Euroguard Inova Water Purifier
Eurogard Classic Water Purifier
८०% रोगहरू पानीको कारणले लाग्छन् । यसबाट बच्नको लागि युरोगार्ड
Aayusha Trading Concern
Authorized Sales Agent of
EUREKA FORBES
Your friend for life
Naya Baneshwor, Tel: 4481027, 4483657, Cell: 9851085445

☎: ४४१३०६३
BABA
EVEREST
SAGARMATHA
LUMBINI
TRISHUL
ए. आर स्टोर
मैतीदेवी (मैती मन्दिर नजिक), काठमाडौं
बाबा ग्याँस, सगरमाथा, एभरेष्ट, लुम्बिनी, त्रिशुल ग्याँस डिपोका साथै यहाँ सबै किसिमको ग्याँस चुल्हो, रेगुलेटर, बर्नर, पाइप, लाइटर र अन्य सामाग्रीहरू पाइनुका साथै होम डेलिभरी तथा ग्याँस चुल्हो मर्मत गरिन्छ ।

Pragati Khanal
Simrik
..........the Boutique of your choice
Tel. Off. : 2111190
Res. : 5524213
Pulchowk, Lalitpur



## नेपाली कम्पनी र विदेशी ब्रान्ड

किचन कन्सेप्ट, टेकु - स्लिक
एसएनपी ट्रेडर्स ग्रुप, महाराजगन्ज - काफ र लिस्पो
वेटर होम्स - डेलिन, किप्रो, स्पेसवुड, निपन
यु लाइक होम, नयाँबानेश्वर - किचन एप्लाइनसेस
किचन डेकोर

स्पष्ट छ।' उनी आफ्नो कम्पनीले ग्राहकको मन जितेकाले व्यवसाय उत्साहजनक रहेको बताउँछन्।

युरोपमा विकास भएको र भारतमा दुई दशकअघि नै भित्रिसकेको मोडुलर किचन व्यवसाय अरू फस्टाउनेमा व्यवसायी विश्वस्त छन्। सम्पन्न संसार अमेरिका र युरोप घुमिसकेका तथा उताबाट फर्किएका नेपालीहरूको संख्या अरू बढ्ने भएकाले पनि यो व्यवसायको भविष्य उज्ज्वल रहेको उनीहरूको तर्क छ। मोडुलर किचनको व्यवसाय गरिरहेको 'यु लाइक होम'का संजय अर्याल भन्छन्, 'अहिलेसम्म हामीले मोडुलर किचन बनाएका उपभोक्तामा पनि विदेशबाट फर्केकाहरू नै अधिकांश छन्।' हाउजिङ कम्पनीहरूबाट निर्मित आवास क्षेत्रका घरहरूका लागि मोडुलर किचन अत्यावश्यक तत्त्व मानिनुलाई पनि विदेशको प्रभाव नै मान्छन्, अर्याल।

सम्पन्न मानिसहरूमा मोडुलर किचनप्रतिको बढ्दो रुचिलाई ख्याल गरेर व्यवसायीहरूले आफ्नो व्यवसायलाई राजधानीबाहिर पनि फैलाउन सुरु गरेका छन्। राजधानीमा मोडुलर किचन निर्माणलाई मात्र व्यवसाय बनाइरहेका किचन कन्सेप्ट, एसएनपी ट्रेडर्स ग्रुप, यु लाइक होम र वेटर होम्स लगायतका कम्पनीहरूको राजधानीबाहिर व्यवसाय फैलाउने प्रयासलाई यसै रूपमा हेर्न सकिन्छ। व्यवसायीहरूका अनुसार पोखरा, विराटनगर, धरान र वीरगन्ज लगायतका सहरहरूमा पनि मोडुलर किचनको व्यवसाय क्रमशः बढ्दै छ।

तर, आफ्नो व्यवसायमा धेरै सामान विदेशबाट आयात गर्नुपर्ने भएकाले आयात शुल्क महँगो र आयात प्रक्रिया झन्झटिलो रहेकोमा सरकारसँग व्यवसायीको गुनासो छ। यसैगरी राजनीतिक अवस्था सुधिए तथा शान्ति कायम भए अन्य व्यवसाय जस्तै यो क्षेत्रमा पनि सकारात्मक प्रभाव पर्ने पनि व्यवसायीको विश्वास छ।

### बढ्दो प्रतिस्पर्धा

मोडुलर किचनको व्यवसायमा भएको वृद्धिसँगै व्यवसायीबीच प्रतिस्पर्धा पनि बढ्दै छ। नयाँ व्यवसायी यो क्षेत्रमा भित्रिँदै छन् भने पुरानाबीच छरितो र राम्रो सेवाका लागि तीव्र प्रतिस्पर्धा बढ्दै गएको छ, तर व्यवसायीहरूका अनुसार उनीहरूबीचको प्रतिस्पर्धा उनीहरूकै सेवाका आधारमा भन्दा उनीहरूले प्रयोग गर्ने सामानका उत्पादक विदेशी कम्पनीले उत्पादन गर्ने सामानबीच हुने गर्छ। किनभने नेपालमा मोडुलर किचनको व्यवसाय गर्ने सबै कम्पनीले इटाली र भारतका नामी कम्पनीहरूको सामान जोड्ने काम मात्र गर्छन्। मोडुलर किचन निर्माण गर्ने नेपाली कम्पनीहरू विदेशी कम्पनीका नेपालस्थित





**सबैभन्दा सस्तो, बलियो र भरपर्दो सोलार**

Matchless Features

1. Tube Diameter - 58mm
2. Tube length - 1.8 meter
3. Insulation Material - 55mm
4. 100% Stainless Steel
5. Collector : Vacuum Tube /Normal Metal Heat Tube

Water Tank Capacity

| Product Specification | 20 Tubes | 24 Tubes | 30 Tubes |
|---|---|---|---|
| Capacity (L) | 220 | 280 | 350 |

*Authorized Dealer*
**Universal Trading Circle Pvt. Ltd.**
Kalikasthan, Kathmandu
Ph: 4423260, 4429855
Mobile : 9851033493

प्रतिनिधि मात्र रहेका तथा उनीहरूले उपभोक्ता र कम्पनीबीच पुलको काम मात्र गर्ने भएकाले यस्तो स्थिति बनेको हो । नेपालका मोडुलर किचन व्यवसाय गर्ने कम्पनीहरूले ग्राहकको 'अर्डर' दिल्ली पठाउँछन् र त्यहाँबाट पठाइएका बनीबनाउ सामान उपभोक्ताको भान्सा घरमा जडान गरिदिन्छन् ।

व्यवसायी कम्पनीबीचको प्रतिस्पर्धामा घर निर्माणका लागि नक्सा बनाउने इन्जिनियरहरूको महत्त्वपूर्ण प्रभाव रहने मोडुलर किचनका सम्पूर्ण व्यवसायी बताउँछन् । उनीहरूका अनुसार सबै उपभोक्तालाई मोडुलर किचनका कम्पनीबारे जानकारी नहुने भएकाले इन्जिनियरहरूको सिफारिसका आधारमा उपभोक्ताहरूले कम्पनी छनोट गर्छन् । नाम उल्लेख नगर्ने एक व्यवसायी भन्छन्, 'हाम्रो व्यवसाय वृद्धिमा इन्जिनियरहरूको महत्त्वपूर्ण भूमिका हुने भएकाले बेला बेलामा उनीहरूलाई भोज-भाजमा बोलाउनै पर्छ ।' केही व्यवसायी भने मोडुलर किचनका अधिकांश उपभोक्ता युरोप र अमेरिका गइसकेकाहरू हुनेभएकाले उनीहरूले युरोपका नामी कम्पनीका नाम पहिले सुनिसकेका हुने र कम्पनीको नामकै आधार यहाँका कम्पनी छान्ने पनि उल्लेख गर्छन् । उनीहरूका अनुसार त्यस्ता ग्राहकहरूलाई यहाँका इन्जिनियरको सिफारिस वा कम्पनीको प्रचारले खासै प्रभाव पार्दैन ।

तुलनात्मकरूपमा विदेशी कम्पनीबारे अनभिज्ञ ग्राहकलाई प्रभावित पार्न चाहिँ मोडुलर किचनका स्थानीय कम्पनीहरूले व्यवसायिक प्रतिनीधि नै खटाउने गर्छन् । नयाँ घर बनाइरहेका ठाउँमा कम्पनीहरूले आफ्ना प्रतिनिधि पठाउँछन् र आफ्नो कम्पनीका सामान र सेवा गुणस्तरीय भएको बताएर ग्राहकलाई प्रभावित पार्ने प्रयास गर्छन् । 'बिक्री कक्ष देखेर मोडुलर किचन बनाउने ग्राहक अत्यन्त कम हुन्छन्', एक व्यवसायी बताउँछन् । 'बिक्री कक्षमै आउने ग्राहकलाई पनि घर गएर नि:शुल्करुपमा भान्सा कोठाअनुसारको भान्साको डिजाइन बनाइदिने गरेका छौं', किचन कन्सेप्टका निर्देशक संजीव पराजुलीको भनाइ छ । तर, कम्पनीका बिक्री कक्षमा आएर तथा डिजाइन हेरेर सोही डिजाइनअनुसार काठका मिस्त्रीलाई भान्सा निर्माण गर्न लगाउने उपभोक्ताको स्वभावले समस्या पार्ने गरेको पनि व्यवसायीहरूको गुनासो छ । यद्यपि, त्यसरी बनाइएको भान्सा कम गुणस्तरीय हुने र छिटै बिग्रने गुनासो उपभोक्ताबाट सुन्ने गरेको पनि व्यवसायी सुनाउँछन् । उनीहरूका अनुसार मोडुलर किचन कयौं वर्ष नबिग्रने ग्यारेन्टी सबै कम्पनीले दिन सक्छन् । ■




# पैसा जुटाउने होडबाजी

**मुलुकको राजनीतिक वातावरण सुधिने प्रस्ट संकेत देखिएका कारण पनि बैंकहरू बढी निक्षेप बढाउने योजनामा केन्द्रित भएका छन् ।**






तस्वीरहरू : तेजबहादुर बस्नेत

■ **मधुसूदन पौडेल/काठमाडौं**

**बैंकमा ब्यालेन्स,** हातमा घर कुमारी बैंकमा २५ हजार रुपैयाँ जम्मा गर्ने कुनै एक ग्राहक भाग्यशाली ठहरिनेछन् अन्ततः । उनले भैंसेपाटीको रिलायवल कोलोनीमा आकर्षक घर उपहार पाउनेछन् । कुमारी बैंकका बजार व्यवस्थापक सुशील भट्ट आगामी अगस्तसम्म एक वर्षभित्र यस योजनामा सहभागी हुने ग्राहकमध्ये एक ग्राहकलाई 'लक्की ड्र'का माध्यमबाट घर उपहार दिइने बताउँछन् । खातामा २५ हजार रुपैयाँ बराबर एक टिकट पाउँछन्, ग्राहकले र जति धेरै रकम उनीहरूले जम्मा गर्छन्, सोही अनुपातमा टिकटको संख्या पनि बढ्दै जान्छ । जसले 'लक्की ड्र'मा घर आफ्नो हातमा पार्न सहयोग पुऱ्याउनेछ । प्रत्येक महिना कुमारी बैंकका ग्राहकले भाग्यशाली ग्राहकका रुपमा हीराको औंठी, मोवाइल सेट र टेलिभिजन लगायतका उपहार हात पारेका छन् ।

कुमारी बैंक मात्रै होइन, मुलुकका अरू ठूला बैंकहरू पनि निक्षेप जम्मा गर्ने होडवाजीमा सामेल छन् । हिमालयन बैंकको 'बनौं लखपति डिपोजिट योजना' र नविल बैंकको 'नविल बचत योजना' यसका उदाहरण हुन् । आखिर बैंकहरू किन पैसा जम्मा गर्ने होडवाजीमा लागेका छन् त ? हिमालयन बैंकका नायव महाप्रबन्धक किशोर महर्जन भन्छन्, 'लगानीका अवसर बढ्दै छन्, अहिले त्यसकै तयारी भइरहेको छ ।'

कुनै बेला हिमालयन बैंकका प्रवर्धक हिमालयन शमसेर जवराले भनेका थिए, 'कहिलेकाहीँ त निक्षेप नआए पनि हुन्थ्यो जस्तो लाग्छ ।' नेपाली निजी क्षेत्रको अग्रणी यस बैंकमा अहिले २७ अर्ब रुपैयाँभन्दा बढीको निक्षेप जम्मा भएको छ । तैपनि थप निक्षेप संकलनका लागि बैंक प्रयासरत छ । किशोर महर्जन भन्छन्, 'अहिलेको प्रयास बैंकको समग्र संचालन खर्च कम गर्नु हो ।' जसको अर्थ थप मुनाफा आर्जनका लागि बैंकले निक्षेप बढाइरहेको छ । 'बनौं लखपति योजना'मा सामान्यतया ग्राहकले ६ महिना रकम बैंकमा राख्नु पर्ने प्रावधान छ, जसमा बैंकले एक प्रतिशतमात्रै ब्याज उपलब्ध गराउँछ । यस्ता बचत योजनाहरूले अधिकतम करिब पाँच प्रतिशतसम्म ब्याज दिइने अन्य मुद्दती खाताहरूबाट जाने ब्याजदरलाई समग्रमा सस्तो बनाउँछन् । यसरी संकलित निक्षेपलाई बैंकहरूले महँगो ब्याजदरमा लगानी गरी मुनाफा बढाउँछन् । जसबाट उनीहरूको संचालन मुनाफा अरू दह्रो बन्दै जानेछ । गत जेठबाट सुरु गरेको यस योजनाअन्तर्गत हिमालयन बैंकले २२ करोड रुपैयाँ निक्षेप संकलन गरेको छ । उसले यो योजना दीर्घकालसम्म लम्ब्याएर 'प्रशस्त निक्षेप' संकलन गर्ने लक्ष्य बनाएको छ । सस्तो ब्याज तिरेर महँगोमा लगानी गर्न पाइने यस्तो निक्षेप बैंकहरूका लागि निकै उपयोगी हुने भएकाले बैंकहरू यस्ता योजनातर्फ आकर्षित हुनु स्वभाविक मान्न सकिन्छ । 'लक्की ड्र'कै माध्यमबाट १० लाख रुपैयाँ नगद उपलब्ध गराइने यो योजनाअन्तर्गत हालसम्म दुईजना व्यक्ति 'लखपति' बनेका छन् ।

तर बैंकहरू बढी निक्षेप बढाउने योजनामा केन्द्रित रहनुको मुख्य कारण भने सुधिने प्रस्ट संकेत देखिएको मुलुकको राजनीतिक वातावरण नै हो । सरकार-माओवादीबीचको वार्ता सकारात्मक रुपमा अगाडि बढ्नु र मुलुकमा राजनीतिक स्थिरताको सम्भावना बढेपछि अर्थतन्त्र बलियो बनेर जानेछ भन्ने संकेत पनि हो । किनभने द्वन्द्वको अन्त्यले लगानीको वातावरण बनाउनेछ । त्यसका लागि बैंकहरूलाई अत्यधिक पैसा आवश्यक पर्नेछ । 'हो, यो भोलिका दिनमा आवश्यक पर्ने ठूला लगानीको तयारी पनि हो', नविल बैंकका महाप्रबन्धक अनिल शाह भन्छन्, 'लगानी कसरी हुनेछ भन्ने कुरा राजनीतिक वातावरणमा नै भर पर्ने कुरा हो ।' एक वर्षदेखि नविल बैंकले पनि निक्षेप बढाउन 'नविल बचत योजना' संचालन गर्दै आएको छ । महाप्रबन्धक शाहका अनुसार यो अवधिमा बैंकले २ अर्ब रुपैयाँ निक्षेप संकलन गरेको छ । नविललाई करिब २० अर्ब रुपैयाँको निक्षेप पुऱ्याउन यो योजना सहयोगी बनेको छ । बचत योजनामा आकर्षित गर्न बैंकले २० लाख रुपैयाँ पर्ने टोयोटा कार 'लक्की ड्र'का माध्यमबाट ग्राहकलाई उपलब्ध गराउँदै आएको छ ।

यस्ता उपहार योजनामा नविल र कुमारी बैंकले उपलब्ध गराएको ब्याजदर अन्य बचतकै हाराहारीमा छ । कुमारीले तीन प्रतिशत र नविलले चार प्रतिशत ब्याजदर उपलब्ध गराएको बताएका छन् । तर, हिमालय बैंकले भने एक प्रतिशतमा सीमित गरेको छ । हिमालयन बैंकका महर्जन भन्छन्, 'ब्याज बढी आउने अरू खाता छँदै छन नि, यसमा भाग्य भए एकैसाथ लखपति बन्ने ।' बैंक उपभोक्ताले पनि यस्ता उपहार योजनाबाट बढी ब्याजभन्दा पनि उपहारकै लोभमा रकम जम्मा गर्दै आएका छन् ।

### आँखा जलस्रोतमा

जलविद्युत्मा स्वदेशी लगानी अहिले चर्चाको विषय बनाइएको छ, एउटा जलविद्युत् निर्माणका लागि पनि अर्बौं रुपैयाँ लगानीको आवश्यकता छ, जसमा लगानी गर्न नेपाली बैंकहरू अहिलेसम्म सक्षम बनिरहेका छैनन् । केही निजी बैंकहरूले जलविद्युत्मा लगानी गरेको भए पनि वास्तवमा त्यो लगानी निकै न्यून छ । तर, अहिले बैंकको सम्भावित लगानीको क्षेत्रका रुपमा देखा परेको छ, जलविद्युत् । फेरि स्वदेशी लगानीकर्ताको चर्चा हुनासाथ अन्ततः रकम जुटाउने जिम्मेवारी वाणिज्य बैंकहरूकै टाउकोमा आउँछ । नविल बैंकका महाप्रबन्धक शाह भन्छन्, 'हामी यसतर्फ ध्यान

दिइरहेका छौं।' नविलले पछिल्लो समयमा जलविद्युत्मा लगानी बढाउने सोच बनाइरहेको छ। शाह भन्छन्, 'नेपालको पानी प्रगतिको खानी भन्ने स्लोगन बनाएरै अगाडि बढेका छौं।'

समग्र बैंकिङ क्षेत्रलाई अनौपचारिक रुपमा यस क्षेत्रमा लगानी गर्न एक प्रकारको दबाब नै छ। अहिले स्वदेशी लगानीको चर्को बहस चलिरहँदा नेपालका वाणिज्य बैंकहरूले जलविद्युत्मा ४ अर्ब रुपैयाँसम्म लगानी गर्न सक्ने बताएका छन्, तर नेपालका जलस्रोतमा यो लगानी यसै पनि न्यून छ भने बैंकहरूले अहिलेसम्म गरेको लगानीका आधारमा यो रकम ठूलो पनि हो। किनभने अहिलेसम्म वाणिज्य बैंकहरूको विद्युत्मा लगानी उल्लेख्य छैन। हिमालयन बैंकका महर्जन भन्छन्, 'हामी पनि जलविद्युत् क्षेत्रमा लगानी गर्ने सोच बनाइरहेका छौं।' हालसम्म यस बैंकले करिब ७० करोड रुपैयाँ यस क्षेत्रमा लगानी गरेको छ। नेपालको आर्थिक विकासका लागि 'सेतो सुन'का रुपमा व्याख्या गरिएको जलस्रोततर्फको लगानी अहिले राष्ट्रिय र अन्तर्राष्ट्रिय लगानीकर्ताको मुख्य सरोकार बनिरहेका बेला नेपालका बैंकहरूले पनि यो अवसरको सदुपयोग गर्ने योजना बुनिरहेका छन्। शान्ति प्रक्रियाले ठोस गति लिएमा केही परियोजना सुरु हुनेछन् भन्ने स्पष्ट सन्देश आइसकेको छ।

राजनीतिक स्थिरताले दिगो लगानीको ढोका खोल्नेछ, तर अहिले नै भने त्यो स्थिति बनेको छैन। मुलुकका उद्यमी-व्यवसायीको अनुभवमा अहिलेको वातावरण लगानीका लागि नभई व्यापारका लागि मात्रै अनुकूल बनिरहेको छ। यो अवस्थामा बैंकहरूको वित्तीय कारोबारमा संख्यात्मक रुपमा वृद्धि भए पनि गुणात्मक फड्को मार्न सक्ने अवस्था भने रहँदैन। त्यही दिगो लगानी गर्न पाउने दिनको प्रतीक्षामा तयारी भने सुरु भइसकेको छ।

शान्ति स्थापनासँगै राष्ट्रिय र अन्तर्राष्ट्रिय लगानी पनि थपिने निश्चित छ। हिमालयन बैंकका महर्जन भन्छन्, 'शान्ति स्थापनासँगै साना, मझौला र ठूला उद्योगहरू आउने सम्भावना हामीले देखेका छौं।' बैंकहरूका लागि यो क्षेत्रमा पनि राम्रो लगानीको अवसर छ। त्यसका लागि पनि बैंकहरू अहिलेदेखि नै धेरै रकम जम्मा गर्ने रणनीतिमा छन्। अर्कोतर्फ अनौपचारिक क्षेत्रमा रहेको रकम बैंकमा ल्याउनका लागि पनि यस्ता अभियान सहयोगी बनेको विश्लेषण बैंकर्सहरूको छ। उनीहरू 'सिरानीमुनि राखेको रकम बैंकमा पुऱ्याउन' पनि यस्ता उपहार योजनाको नतिजा सकारात्मक देखिएको बताउँछन्। उपहार बचत योजनाहरूले छरिएर रहेको रकम मुलुकको विकास निर्माणसम्म पुऱ्याउने पुलको भूमिका पनि निर्वाह गरेका छन्। ■

## आर्थिक टिपोट

### स्कटका सात रक्सी बजारमा

**स्कट एन्ड स्कट्स** नेपाल प्रालिले मदिराजन्य सात उत्पादन बजारमा ल्याएको छ। कम्पनीका अनुसार टिप्लर, जुप, च्यँम्प, ज्याज, सिप, ग्याम्बे र बिच्छु नामक मदिराहरू नेपाली बजारमा छन्। यी सम्पूर्ण उत्पादनहरूको समिश्रण, म्याचुरिङ र बोतलिङ उच्च प्रविधबाट गरिएको छ। यी ब्रान्डहरू विश्वप्रसिद्ध बहुराष्ट्रिय कम्पनी आइएफएफद्वारा तयार पारिएको एक्ट्रा न्युट्रल अल्कोहल र अन्य समिश्रण प्रक्रियासँग सम्बन्धित कच्चा पदार्थबाट उत्पादन गरिएको बताइन्छ।

### माछापुच्छ्रेको थप एटिएम

**माछापुच्छ्रे बैंकले** राजधानीमा नेपाल राष्ट्र बैंक परिसर थापाथली र पोखराको बगरमा आफ्ना एटिएम सेवा सुरु गरेको छ। दुवै एटिएमपछि उक्त बैंकको एटिएम संख्या ६ पुगेको छ। थापाथलीमा राखिएको एटिएमबाट अपांगहरूले समेत सेवा लिन सक्नेछन्। बैंकले केही दिनभित्रै काठमाडौंमा थप दुईवटा एटिएम विस्तार गर्ने जनाएको छ। एघारवटा शाखाबाट बैंकिङ सेवा उपलब्ध गराउँदै आएको यस बैंकले ललितपुरको ग्वार्कोमा एक शाखा विस्तार गर्ने जानकारी पनि दिएको छ।

### डाबरको स्याफ्रन ग्लो सोप विथ स्यान्डल

**डाबर नेपालले** 'वाटिका स्याफ्रन ग्लो सोप विथ स्यान्डल' बजारमा ल्याएको छ। प्राकृतिक तत्त्वबाट सौन्दर्य बढाउने परम्परा अघि बढाउँदै दुई महत्त्वपूर्ण प्राकृतिक तत्त्व केशर र चन्दनलाई समावेश गरी पहिलोपटक यो साबुन उत्पादन गरेको छ।

प्राचीन कालदेखि नै केशरलाई त्वचा संरक्षणको क्षेत्रमा महत्त्वपूर्ण जडीबुटी मानिँदै आएको छ र यसले लामो समयसम्म मुहारमा प्राकृतिक चमक जोगाउँछ। यसले चाउरीबाट जोगाउँदै छालालाई आकर्षक बनाउँछ। चन्दनमा छालालाई सुरक्षित राख्ने पर्याप्त गुण पाइन्छ। छालालाई नरम र कोमल राख्न यसको योगदान छ। 'वाटिका स्याफ्रन ग्लो सोप विथ स्यान्डल' मा रहेको केशर र चन्दनको समिश्रणले त्वचामा चमक ल्याउनुका साथै भित्रैदेखि निखार ल्याउँछ। १०० ग्राम यो साबुनको मूल्य १७ रुपैयाँ रहेको छ। डाबरका अन्य उत्पादनले जस्तै यो साबुनले पनि नेपाली उपभोक्तामाझ लोकप्रियता कमाउने विश्वास गरिएको छ।




### नयाँ स्याम्पु बजारमा

**डाबर नेपालले** दुई प्राकृतिक तत्त्वसहितको वाटिका रुट स्ट्रेन्थनिङ स्याम्पु विथ डिप कन्डिसनिङ बजारमा ल्याएको छ।




नयाँ उत्पादनमा पनि बदाम र नरिवलको दूध राखिएको छ। बदामले कपाललाई जरैदेखि बलियो बनाई कपाल झर्नबाट रोक्छ भने नरिवलले कन्डिसनिङ गर्नुका साथै कपाललाई सिल्की र चम्किलो बनाउँछ। यसरी वाटिका रुट स्ट्रेन्थनिङ स्याम्पु विथ डिप कन्डिसनिङले कपाललाई संरक्षण र सौन्दर्य प्रदान गर्छ। यो स्याम्पु १०० मिलि र २०० मिलिको बोतलमा उपलब्ध छ। १०० मिलिको मूल्य ६० रुपैयाँ र २०० मिलिको ११५ रुपैयाँ राखिएको छ। कम्पनीले यसअघि वाटिका हेना कन्डिसनिङ स्याम्पु र वाटिका एन्टी डैन्ड्रफ स्याम्पु उपभोक्तासमक्ष ल्याइसकेको छ भने नयाँ स्याम्पुले ग्राहकलाई थप छनोटको अवसर प्रदान गरेको छ।

### सानिमा बैंकको सेयर बाँडफाँड

**सानिमा विकास** बैंक (वित्तीय)को सेयर बाँडफाँड गरेको छ। ३ करोड ७९ लाख रुपैयाँको सेयरका लागि २ लाख ७० हजार ५७ आवेदकले निवेदन हालेकोमा ३१ हजार ९ सय ६२ जनाले मात्रै सेयर हात पार्न सफल भएका छन्। सानिमा बैंकले चालू आर्थिक वर्षमा ८६ लाख ५० हजार रुपैयाँ नाफा आर्जन गरेको छ।





तस्वीरहरू : तेजबहादुर बस्नेत

# पराजित नेपाल

**दुई साताअघि** घरेलु मैदानमा हङकङलाई एक सय ६५ रनको विशाल अन्तरले पराजित गरेर उच्च मनोबलका साथ सारजहाँ पुगेको नेपाली क्रिकेट टोली आफ्नो चीरप्रतिद्वन्दी संयुक्त अरब इमिरेट्स (युएई)सँग पराजित भएको छ।

एसियाली क्रिकेट महासंघ (एसिसी)ले यस क्षेत्रका उदीयमान ६ राष्ट्रहरूको स्तर अभिवृद्धिका लागि यसै वर्षदेखि प्रारम्भ गरेको एसिसी प्रिमियर लिगअन्तर्गत युएईसँग विदेशी भूमिमा भिड्ने क्रममा नेपाल पराजित भएको हो। एसिसी प्रिमियर लिगमा नेपालको यो दोस्रो खेल थियो। तीन दिवसीय यस खेलमा नेपाल ९७ रनले पराजित भयो। नेपालका स्टार अलराउन्डर महबुब आलम भिसाको समस्याका कारण अनुपस्थित रहेपछि नेपाली टोली फितलो देखिएको थियो। नेपालले दोस्रो इनिङमा विजयका लागि दुई सय पाँच रनको लक्ष्य पाएको थियो, तर नेपाली ब्याट्सम्यानहरू एक सय सात रनको कुल योगफलमा खुम्चिन पुगेपछि पराजय आत्मसात गर्नु पर्‍यो।

युएईले पहिलो इनिङको सुरुवात गर्ने क्रममा कप्तान अर्साद अलीको एक सय ३७ रनको मद्दतले दुई सय ६२ रनको कुल योगफलमा सात विकेट गुमाउँदै इनिङ समाप्तिको घोषणा गरेको थियो। नेपाली ब्याट्सम्यानहरूले लडखडाउँदै पहिलो इनिङको सुरुवात गरेका थिए। नेपाल पहिलो इनिङमा एक सय ५५ रन बनाउँदै अलआउट भएको थियो। युएईले पहिलो इनिङमा एक सय सात रनको अग्रता लिएको थियो। दोस्रो इनिङमा नेपाली बलरहरूले राम्रो प्रदर्शन गरेका थिए, जब युएई कुल योगफलमा ९७ रन जोड्ने क्रममा अलआउट भयो। यति बेला अलराउन्डर कप्तान विनोद दासले चार विकेट झारेका थिए। एसिसी प्रिमियर लिगअन्तर्गत नेपालले तेस्रो खेल नोभेम्बर १० देखि १२ तारिखमा सिंगापुरविरुद्ध काठमाडौंमा खेल्नेछ।




## अस्ट्रेलियाको सान

विश्वकप होस् वा कुनै एकदिवसीय प्रतियोगिता, पछिल्लो समय अस्ट्रेलियालाई चुनौती दिने समूह जन्मिन सकेको छैन। अस्ट्रेलियाको बेजोड प्रदर्शनका कारण आगामी विश्वकप क्रिकेट प्रतियोगितासम्म कंगारुहरूलाई चुनौती दिने अर्को कुनै टोली जन्मिएला भनेर कल्पना गर्नु पनि मूर्खता हुनेछ। यो भनाइ, भर्खरै भारतमा सम्पन्न च्याम्पियन्स ट्रफीमा अस्ट्रेलियाको सानदार प्रदर्शनलाई हेरेर ठोकुवा गर्ने अवस्था छ।

लामो समयदेखि अन्तर्राष्ट्रिय क्रिकेटमा आफ्नो अपराजित ख्याति स्थापित गर्दै आइरहेको अस्ट्रेलियाले सन् २००६ को च्याम्पियन्स ट्रफीको उपाधि जितेको छ। मिनी विश्वकपको रुपमा हेरिने च्याम्पियन्स ट्रफीको दोस्रो संस्करण यसै महिना भारतमा भएको थियो। अस्ट्रेलियाले च्याम्पियन्स ट्रफीको उपाधि पहिलोपल्ट जितेको हो। अघिल्लो च्याम्पियन्स ट्रफीको विजेता वेस्ट इन्डिजसँग वर्षाले प्रभावित फाइनलमा भिडेको अस्ट्रेलियाले डकवर्थ एन्ड लुइस नियमको आधारमा पूर्व च्याम्पियन टोलीलाई खेल सकिन ४१ बल बाँकी रहेको अवस्थामा आठ विकेटले पराजित गरेको थियो। मुम्बईमा भएको यस खेलमा वेस्ट इन्डिजले ३० दशमलव चार ओभरमा १ सय ३८ रन बनाउँदै सबै विकेट गुमाउन पुगेको थियो। प्रत्युत्तरमा सेन वाट्सनको अविजित ५७ रन र डामियन मार्टिनको अविजित ४७ रनको मद्दतले २८ दशमलव एक ओभरमा दुई विकेटको क्षतिमा विजय लक्ष्यलाई अस्ट्रेलियाले चुमेको थियो।

यसपालिको च्याम्पियन्स ट्रफीमा पहिलोपल्ट कुनै पनि एसियाली टोली सेमिफाइनलसम्म पुग्न सकेनन्। प्रतियोगितामा सर्वाधिक ४ सय ७४ रन बनाउने वेस्ट इन्डिजका प्रारम्भिक ब्याट्सम्यान क्रिस गेल 'म्यान अफ द सिरिज' घोषित भएका थिए। यो प्रतियोगितामा टेस्ट खेल्ने मान्यता पाएका दस राष्ट्र सहभागी थिए। ■

**श्रीलंकामा दुई महिनाअघि** सम्पन्न दसौं दक्षिण एसियाली खेलकुद प्रतियोगिता (साग)मा भाग लिन जाने नेपाली खेलाडीहरूको टिकट खरिदमा व्यापक आर्थिक अनियमितता भएको रहस्योद्घाटन भएको छ ।

टिकट खरिदमा करिब २० लाख रुपैयाँ दुरुपयोग भएको टिकट व्यवस्थापन उपसमितिका सदस्यले रहस्योदघाटन गरेका छन् ।

टिकट खरिदमा आफूहरूलाई बाइपास गरेर संयोजक राजु श्रेष्ठले एकलौटी काम गरेको आरोप लगाउँदै टिकट व्यवस्थापन उपसमितिका एक सदस्यले टेन्डर खोलिसकेको अवस्थामा सुधारिएको कागजात पेस गरेर तीनवटा रुटबाट खेलाडी उडाएर आर्थिक हिनामिना गरिएको आरोप लगाए । टिकट व्यवस्थापन उपसमितिका संयोजक श्रेष्ठले भने आफूमाथि लागेको आरोप निराधार भएको र टिकट खरिदमा कुनै अनियमितता नभएको दाबी गरे ।

'हामीले गोरखापत्रमा टेन्डर आह्वान गरेर कोटेसन मागेका थियौं र त्यसैको आधारमा टेन्डर स्वीकृत गरेका हौं', श्रेष्ठले *समय*लाई प्रतिक्रिया दिए ।

दसौं साग भदौ २ देखि १२ गतेसम्म श्रीलंकाको राजधानी कोलम्बोमा सम्पन्न भएको थियो । प्रतियोगितामा भाग लिन नेपाली खेलाडी, अफिसियल र प्रशिक्षक गरी ३ सय २५ जना त्यसतर्फ लागेका थिए । अर्थ मन्त्रालयले दसौं सागका लागि ४ करोड रुपैयाँ विनियोजन गरेको थियो भने उक्त रकमबाट टिकट खरिदका लागि डेढ करोड रुपैयाँ छुट्याइएको थियो । दसौं सागमा नेपाली टोली उडाउने जिम्मा जेनिथ ट्राभल्सले पाएको थियो । उक्त ट्राभल्सले दसौं सागमा नेपाली टोली दिल्ली, बैंकक र दोहाको बाटो हुँदै कोलम्बो पुऱ्याएको थियो ।

राष्ट्रिय खेलकुद परिषद् (राखेप)ले परिषद्का सदस्य राजु श्रेष्ठको संयोजकत्वमा साउन ८ गते चारसदस्यीय टिकट व्यवस्थापन उपसमिति गठन गरेको थियो ।

'टेन्डर आह्वान गर्दा जेनिथको कोटेसन सिटी ट्राभल्सको भन्दा बढी पाइएको थियो । तर, पछि भित्रै खेल भयो', नाम नखुलाउने सर्तमा टिकट व्यवस्थापन उपसमितिका एक सदस्यले *समय*सँग भने ।

राखेपले टिकट खरिदका लागि असार २७ गते पहिलोपल्ट गोरखापत्रमा टेन्डर आह्वान गरेको थियो । पहिलो टेन्डर आह्वानमा कुनै 'पाटी' नआएपछि साउन ३ गते पुनः दोस्रोपल्ट कोटेसन आह्वान भएको थियो, जसमा सिटी, जेनिथ र हरियाली ट्राभल्सले कोटेसन परेको थियो । 'ट्राभल्स एजेन्सीका एजेन्टको अनुपस्थितिमा टेन्डर खोल्ने काम भएको थियो, जसमा सिटीले दिल्लीको बाटो हुँदै सबैभन्दा कम ४३ हजार ५ सयमा कोलम्बो उडाउने प्रस्ताव राखेको थियो । तर, पछि कागज परिवर्तन गरेर टेन्डर खोलिएको मिति उही राखेर अर्कै पाटीलाई कोटेसन दिने काम भयो', उनले संयोजक श्रेष्ठप्रति आरोप लगाउँदै प्रश्न गरे, 'दिल्लीको सजिलो र सस्तो रुट हुँदाहुँदै धेरै खेलाडीहरू बैंकक र दोहाबाट उडाउने काम किन भयो ?' यसको उत्तर दिँदै श्रेष्ठ भन्छन्, 'ठूलो मात्रामा खेलाडीहरू पठाउनु पर्ने भएको हुनाले यस्तो भएको हो ।'

जेनिथले ४१ हजार ८ सय ५० रुपैयाँमा दिल्लीको रुटबाट नेपाली टोलीलाई कोलम्बो लाने प्रस्ताव अघि सारे पनि पछि टिकटको अभाव देखाएर बैंकक र दोहाको लामो र महँगो बाटो हुँदै करिब अढाई सयजनालाई उडाएको थियो । 'दिल्लीबाट सस्तो मूल्यमा खेलाडी उडाएको बहाना पारेर लामो रुटबाट सबैभन्दा बढी खेलाडी उडाएर व्यापक अनियमितता गरिएको छ । फेरि १५ वटा टिकट बराबर कमिसनबापत प्राप्त हुने एउटा फ्री टिकटको बारेमा पनि कतै उल्लेख भएको पाइँदैन', ती सदस्यले आरोप लगाए ।

जेनिथले काठमाडौं-बैंकक-कोलम्बोको प्रत्येक व्यक्तिको राउन्ड टिकटको मूल्य ४६ हजार ८ सय ७५ रुपैयाँ राखेको थियो भने काठमाडौं-दोहा-कोलम्बोको राउन्ड टिकटको मूल्य ४८ हजार ९ सय रुपैयाँ राखेको थियो ।

कस्मिक एयरले टेन्डर खुला भइसकेको अवस्थामा ३८ हजारमा उडाउने र कमिसनबापत ४ लाख रुपैयाँ दिने प्रस्ताव पनि अघि सारेको थियो । यही डिसेम्बरमा सुरु हुने दोहा एसियाडका लागि परिषद्ले राजु श्रेष्ठकै संयोजकत्वमा अर्को टिकट व्यवस्थापन उपसमिति गठन गरिसकेको छ भने पहिलेका सदस्यहरूले असहयोग गरेको भन्दै उपसमितिमा नयाँ अनुहार समावेश गरेको छ । दसौं सागमा टिकटमा भएको आर्थिक अनियमितता सम्बन्धमा अख्तियारले छानबिन प्रारम्भ गरिसकेको छ ।

■ **नवीन अर्याल/काठमाडौं**



# टिकटमा अनियमितता ?

# फर्किए पुरानै दिन...

**संस्कृति, सभ्यता** र लोकपरम्पराको धनी भनेर चिनिने सुदूरपश्चिममा चाडपर्वहरूले यहाँको सभ्यता र संस्कृति जोगाउनमा पनि महत्त्वपूर्ण भूमिका निर्वाह गरेका छन् । डडेल्धुराको उग्रतारा शक्तिपीठमा यसपालि उपस्थित भएका हजारौं भक्तजनले यो प्रमाणित गरेका छन् । परम्परादेखि कार्तिक पूर्णिमाका दिन लाग्दै आएको धार्मिक जमघटमा उनीहरू सहभागी भएका हुन् ।

सदरमुकामदेखि ५ किलोमिटर टाढा बैतडी, बझाङ र दार्चुलालाई छुने दशरथचन्द राजमार्गको छेउमा रहेको मन्दिर उग्रतारामा लाग्ने मेलालाई तिहारपछिको अन्तिम जमघट र चिसोको आगमनको रुपमा लिइने हुँदा पनि यहाँ बढ्दो सहभागिता रहन्छ । राजमार्गको बढ्दो विस्तारले पनि छिमेकी र तराईका जिल्लाका साथै भारतबाट समेत परदेसिएकाहरूलाई पनि मेला छोप्न सजिलो भएको छ । मेलामा धेरै वर्षदेखि नभेटिएका आफन्तजन भेटिएपछि अंकमाल गरी रोइरहेका देखिने दृश्यले मनलाई भावुक बनाउँछ भने मेलाको परम्परागत महत्त्व समेत झल्काउँछ ।

मुलुकमा बाह्रवर्षे जनयुद्धपछि छाएको शान्तिले पनि यसपटक उर्लिएका भक्तजनहरूको बाक्लो उपस्थितिले मेलाका पुरानै दिन फर्किएको आभास भयो । प्रमुख मानिने बागबजारदेखि ५ किमी टाढाको उग्रतारासम्म मानिसहरू भीड र सवारीसाधनको चापले यही दर्शाउँथे । साँच्चै उग्रतारामा यसपालि पुरानै आनन्द लुट्न पाइयो भन्छन्, सिंगापुरबाट घर फर्किएका स्थानीय युवा शम्भु गुरुङ । मन्दिरको अवस्थिति रहेको क्षेत्र मैदान र स-साना थुम्काहरूको मिश्रणले बनेको हुँदा मन हर्ने र जति पनि मानिसहरू अटाउन सक्छन् ।

बिहान ४ बजेदेखि भक्तजनको घुइँचो लाग्न थालेको उक्त मेलामा दिउँसो ३ बजेसम्म करिब २० हजारभन्दा बढी श्रद्धालुले पूजा-अर्चना गरेको मन्दिरका पुजारी दयाकृष्ण भट्टको अनुमान छ ।

उग्रतारा देवीलाई आसुरी शक्तिमाथि दैवीशक्तिको र असत्यमाथि सत्यको विजयको रुपमा लिने सुदूरपश्चिमेलीहरूका कारण पनि यो मन्दिरको महत्त्व छ । मन्दिरमा कार्तिक शुक्लपूर्णिमाको दिन नभई बडादसैंको महाअष्टमीमा राँगाको बलि दिने तथा चैतेदसैंमा बोकाको समेत बलि दिने प्रचलन रही आएको छ ।

उग्रतारा मन्दिर उत्पत्तिको सम्बन्धमा प्रमाणित आधार नभेटिए पनि मन्दिरको पूर्वतिर बस्ने साँकी जातिहरूले गोरु जोत्ने बेला यी देवीलाई पाएर संरक्षण गरेको किंवन्दती छ । यस मन्दिरका पुजारी हुन मन्दिरबाट ५ किलोमिटर तल ओरालो रहेको शैलेश्वर मन्दिरसम्म लडिबुडी खेल्दै पुगेर पूजा गरेपछि आफ्नो सामाजिक मृत्यु भएको संस्कारहरू पूरा गरी परिवारबाट टाढा हुनु पर्ने जस्तो कठिन काम रहेकाले तीन दशकअघि वास्तविक पुजारी परमा साँकीको मृत्यु भएपछि हालसम्म उनको स्थान कसैले लिन सकेको छैन ।

मन्दिरको पूजा नरोकियोस् भनी चारवटा गाउँमा तोकिएका पुजारीहरूले अहिलेसम्म मुख्य पुजारीबाहेकको पुजाआजा गरी संस्कृतिलाई निरन्तरता दिँदै आएका छन् । जसलाई यस मन्दिरको विशेषताका रुपमा पनि लिइन्छ ।

मेलामा देवीको प्रतिमूर्ति र वस्त्रले सजिएको खम्बालाई नचाउँदै घुमाइँदाको क्षण रमाइलो हुन्छ । जसलाई लोकबोलीमा गाँज नचाउनु भनिन्छ । यसरी नचाउँदै लगिने गाँजले मन्दिरको वारिपारि रहेका तीनवटा जुजुनेउटा, नाचनटाकुरी र भुत्याल बुंगा प्रकृति टाकुरामा गएर देवीले वारिपारि रहेका भागेश्वर, मालिका, दुर्गा र शिखर जस्ता धार्मिकस्थलतिर फर्केर अभिवादन गरिन्छ । तत्कालीन सम्पूर्ण डोटी प्रदेशलाई एकता र आपसी समन्वय बनाइराख्न देवीले यो अभिवादन दिने गरिएको मानिन्छ । पटक-पटक राजपरिवारबाट समेत अनौपचारिक रुपमै उग्रतारा देवीको दर्शन हुँदै आएको छ । राजा महेन्द्रपछि स्वर्गीय राजा वीरेन्द्र तीनपटक यो शक्तिपीठको दर्शन गर्न पुगेका थिए । पुरानो मन्दिरको ढाँचालाई राजा वीरेन्द्रले नयाँ रुप दिन प्रयास गरेका थिए, जुन रुप अब हुलाक टिकटमा मात्र पाउन सकिन्छ । हाल रहेको ढाँचा एकदमै नयाँ हो र निर्माणाधीन समेत रहेको छ । दरबार हत्याकाण्डको केही महिनाअघि राजकुमार दीपेन्द्र र उनका भाइ निराजनले समेत अनौपचारिक रुपमा आई उग्रताराको दर्शन गरेका थिए ।

परम्परागत रुपमा २०३८ सालमा मन्दिर निर्माण गरिए पनि कतिपय कलाकृतिको अभाव मन्दिर क्षेत्र साँघुरो भएको कारण हाल नयाँ मन्दिरको निर्माण कलात्मक ढंगमा गरिँदै छ । डडेल्धुराको मुटुमा रमणीयस्थलमा रहेको यो क्षेत्र पर्यटकीय दृष्टिकोणले पनि महत्त्वपूर्ण छ । यसको विकासका लागि नेपाल सरकारले ध्यान दिन सकेमा उग्रतारा प्रमुख धार्मिक पर्यटकीय क्षेत्र बन्नसक्ने उग्रतारा क्षेत्र विकास समितिका कार्यवाहक अध्यक्ष लोकबहादुर ढाँट बताउँछन् ।

■ **श्याम भट्ट/डडेल्धुरा** (तस्बिर पनि)



# नयाँ शैली र पृथक धार

■ प्रकाश सायमी

'नेपाली सांगीतिक क्रान्तिको आधारभूमि तयार गर्ने जस कुनै व्यक्ति, संस्था वा नीतिलाई नभएर एक दशकयता साह्रै सस्तोमा पाइन थालेको चिनियाँ रेडियो र क्यासेटलाई जान्छ ।

**तीसको दशकपछिको** नेपाली संगीत एक चरमोत्कर्षमा पुगेर सेलाउने अवस्थामा थियो । यसै समयमा अत्यन्त प्रतिभाशाली संगीतकार शरण प्रधानको देहान्त हुनु, यही समय नारायणगोपाल र गोपाल योञ्जनको गीति-आरोहण उत्कर्षतातिर पुग्नु प्रमुख कारण मानिन्छ । यही समय अम्बर गुरुङ र नारायणगोपालबीच शीतयुद्धबाहेक नेपाली संगीतको रेकर्डिङ भारतको कोलकाताको साटो मुम्बईमा हुन थाल्यो वा स्थानपरिवर्तनले संगीतमा असर त पुऱ्यायो नै । राजा महेन्द्रले आफ्नी पत्नी रत्नराज्य लक्ष्मी देवीको नाममा स्थापना गरेको रत्न रेकर्डिङ संस्थान ( पुरानो नाम इन्द्रेनी रेकर्डस्)ले सयवटा जति क्यासेट र केही गन्न सकिने डिस्क निकालेको थियो र यो केही पहुँच भएका जनतासमक्ष पुग्न सक्यो ।

सन् १९७० (विक्रमाब्द २०२७)देखि क्यासेटको उत्पादन भएपछि आस्कप (अमेरिकन सोसायटी अफ कम्पोजर्स, अर्थरर्स एन्ड पब्लिसर्स) नामक संस्थाले कुन काँटको संगीत कुन क्यासेट कम्पनीले निकाल्ने भनेर वर्गीकरण गरे पनि नेपाल र भारतमा त्यो लागू हुन सकेन । नेपालमा रक, ब्लुज वा धार्मिक क्यासेटको त्यति कोटा निर्धारण नभइसकेको हुँदा सबै क्यासेट एउटै कम्पनीले निकाल्ने भएपछि रत्न रेकर्डिङको एक्लो राज भयो ।

चलचित्र, भजन, निजी एल्बम, राष्ट्रिय गीत र लोकगीत सबै एउटै स्तरमा निकाल्ने रेकर्डिङ कम्पनीको क्यासेट सस्तो मात्र नभई किफायती नै भयो । यो सुन्नको लागि भाँडा वा उपकरण पनि चाहिएन, विद्युतीय प्रविधि पनि हुनु पर्छ भन्ने भएन-यो सामान्य ब्याट्रीले पनि चल्ने भयो । एक विद्वान्ले भनेझैं 'नेपाली सांगीतिक क्रान्तिको आधारभूमि तयार गर्ने जस कुनै व्यक्ति, संस्था वा नीतिलाई नभएर एक दशकयता साह्रै सस्तोमा पाइन थालेको चिनियाँ रेडियो र क्यासेटलाई जान्छ । क्यासेटको संस्कृति नेपालमा भित्रिएपछि द हिमालयन ब्यान्डको 'गाजलुले आँखै छोप्ने के राम्री मेरी मायालु', 'मुसुमुसु हाँसिदेउ न लै लै' कहाँ तिम्रो मायालुलाई छोडिराख्यौ जस्ता गीतहरू पश्चिमी नेपालदेखि पूर्व दार्जीलिङसम्म मात्र होइन समुद्रपारि हङकङसम्म फैलियो । यसको श्रेय क्यासेट संस्कृतिलाई नै जान्छ ।

विक्रमाब्द २०२१ देखि नेपाली चलचित्र बन्न थालेको भए पनि नेपाली चलचित्रको क्यासेट २०३७ सालदेखि मात्र निस्कन थाल्यो ।

नेपाली चलचित्रको गीत-संगीत पनि क्यासेटमा सुनिन थालेपछि काठमाडौं-पूर्व काँकरभिट्टा चल्ने रात्रिबसले क्यासेट संस्कृतिमा थप योगदान पुऱ्यायो । शाही नेपाल चलचित्र संस्थानद्वारा निर्मित चलचित्रहरू सिन्दूर, कुमारी, जीवनरेखा, विश्वास तीमध्ये प्रमुख हुन् ।

२०३० सालमा भारतको दार्जीलिङमा रहेको 'नेपाली साहित्य सम्मेलन'को स्वर्ण-जयन्ती महोत्सवको अवसरमा नेपालबाट गएका रेडियो नेपालबाट गएका प्रतिनिधिले प्रतिभाको खोज नामक कार्यक्रम गरेपछि त्यसअन्तर्गत दार्जीलिङका होनहार कलाकारहरूको खोजी गऱ्यो, जसमध्ये गीतकार जसयोञ्जन प्यासी, बद्री-दुर्गा खरेल, दावा ग्याल्मो, डेजी बराइलीले गीतिजगत्मा प्रवेश गरे ।

जसयोञ्जन प्यासीको शब्दमा बद्री-दुर्गा खरेलको संगीतमा 'बोलाऊ भने तिमीलाई बात लाग्ने डर' रेकर्ड भएर चर्चामा आयो । प्यासीका अन्य गीतमा दावा ग्याल्मोको स्वरमा तिम्रै लागि यहाँ मैले मनमन्दिर बनाइसकेँ र डेजी बराइलीको स्वरमा तिमीले पनि खेलाउने, उसले पनि खेलाउने' यही समय चर्चामा आए ।

२०३० मै नेपाली साहित्य सम्मेलनमा नेपालबाट गएका अतिथिलाई आफूद्वारा लिखित नाटक 'अनि देउराली रुन्छ' देखाएर मनबहादुर मुखियाले संगीतमा कर्म योञ्जन र स्वरमा कुमार सुब्बाको नवीनतम पहिचान बनाए । त्यस नाटकका गीतमा देउरालीका ठिटी हो नक्कल पार्नु पर्दैन, हे फूल चुँडेर लाने हो, सारंगीको तारले मेरो मनको गीत गाउँछ'ले गीतकार मनबहादुर मुखियाको चिनारी बनायो भने कर्म योञ्जनको एक्लो यात्रालाई सार्थक बनायो । गीतकार मुखियाले अन्य नाटक 'पैंचो मागेको विश्वास, ऋसमा टाँगिएको जिन्दगी, फेरि इतिहास दोहोरिन्छ बाहेक शान्ति ठटालको संगीतमा नारायणगोपालको स्वरमा मेरो कथा खालि खालि पिँजरामा खोज्छ त्यो समयको कालस्तम्भ नै हो ।

२०३० सालको चैतमा नकुलकाजीको शब्दमा 'मलाई जीवन चाहिन्छ' भने गीतका साथ गायक तथा संगीतकार भक्तराज आचार्यले स्वरिताको गंगामा प्रवेश गरे । रेडियो नेपालमा स्वर-परीक्षामार्फत प्रवेश गर्नुअगि नै ६ वर्षअगि भारतको डुवर्समा भएको आधुनिक संगीतसम्मेलनमा विष्णुप्रसादको शब्दमा आफ्नै संगीतमा आधुनिक गीत गाएर प्रथम भएका भक्तराज आचार्यले पछिल्लो चरणमा अम्बर गुरुङ, गोपाल योञ्जन, शिवशंकर मानन्धर, दिव्य खालिङ, चन्द्रराज शर्मा आदिका गीत पनि गाए भने अम्बर गुरुङद्वारा संगीतबद्ध क्यान्टेटा (सँगगायन)मा उनले उन्नाइस हरफ गाए । चन्द्रराज शर्माद्वारा संगीतबद्ध गीतिनाटक 'शकुन्तला'मा गाएका छन् ।

उनी नेपाली संगीतजगतमा एक यस्ता प्रतिभा थिए जो प्रशस्त शास्त्रीय संगीतको ज्ञान र तिलस्मी लिएर यस जगत्मा आएका थिए । उनको स्वर र संगीतको पहिचान नेपाली संगीतका भावकले थोरै समयमा सम्मानका साथ स्विकारे । उनले फत्तेमान राजभण्डारी, सुक्मित अधिकारी, कुन्ती मोक्तान, शिवशंकरसित युगल गीत पनि गाएका छन् । लामो समयपछि नेपाली गायनमा गजल परम्परा सुरु गर्ने भक्तराजले लामो समयपछि मोतीराम भट्टको गजललाई पनि स्वरांकन गरे ।

भजन, गजल र शास्त्रीय गीतका ज्ञाता भक्तराज आफैं पनि गीत-रचना गर्दथे । भक्तराज आचार्यले आफ्नो खेमाका गीतकार रुद्रराज आचार्य, पुरुषोत्तम सापकोटा, मिठा पराजुली आदिका गीत बढी गीत गाए ।

तीसको दशकको सुरुवाती चरणमै नारायणगोपाल पुनः संगीतकार भएर देखापरे केही कालजयी गीतहरूलाई उनले समयमै धुनबद्ध गरे र केही आशालाग्दा गीतकारलाई जन्म दिए, त्यसमा कालीप्रसाद रिजाल तीमध्ये प्रमुख हुन् ।

संवत् २०३३ गीतकार कालिप्रसाद रिजालका दुई गीत 'आँखा छोपी नरोऊ भनी' र 'झरेको पातझैं भयो उदास मेरो जिन्दगी'लाई गायक नारायणगोपालले एक उचाइ नै दिए । नारायणगोपालकै संगीतमा कन्हैयाकुमार सिंह, अरुणा लामा र फत्तेमान राजभण्डारीका गीत पनि सुनिए, तीमध्ये अरुणा लामाको स्वरमा 'उदास मेरो जीवनकथा कसैलाई भनिनँ र फत्तेमान राजभण्डारीको 'जिन्दगीको पानाभरि सुख भेटिँदैन' औ 'वनैको खायो डढेलोले मनै खायो त्यो मोरीको पापी मायाले' कोसेढुंगा नै सावित भए । यस समय केही साहित्यिक क्षेत्रबाट बाहिरबाट पनि नयाँ गीतकारहरू सक्रिय देखिए ।

तीसको दशकमा गायनमा आएका द्वारिकालाल जोशी, शेखर प्रधान, सत्यनारायण राजभण्डारी, नुपूर भट्टाचार्य, मदनकृष्ण श्रेष्ठ, ओमविक्रम विष्ट, अरुण थापा, किरण प्रधान, तोरणमुनि बज्राचार्य, बिके शाही, ज्ञानु राणा, बिके राणा, छुवाङ डुक्पा, मधु क्षेत्री, उदितनारायण झा, प्रकाश श्रेष्ठ, रमेश ताम्राकार, मुरलीधर मिझार, काजी सिंह, दीपक खरेल, रचना जिसी, राधा मानन्धर, ज्ञानु राणा, केवल सुब्बा, प्रकाश पाठक, अञ्जला मास्के, अञ्जली सिंह, अञ्जु सिंह, मिलन खाती, संगीता-शान्ति थापा, चेतमान गुरुङ, विज्ञान श्रेष्ठ, सोफिया-सरला गुरुङ, तारा थापा, संगीता मुखिया, हीरा रसाइली बाहेक संगीतमा आएका अशोक राई, वसन्त क्षेत्री, धनञ्जय थापा, दिव्य खालिङ, शम्भुजित बाँसकोटा, पाण्डव सुनुवार, सुरेश श्रेष्ठ, राम थापा, विक्रम गुरुङ आदिले नेपाली संगीतमा पुऱ्याएको योगदान अतुलनीय छ । ■

# संक्रमण

■ चंकी श्रेष्ठ

मैले फेरि देखेँ
तिनीहरूका आँखामा
कुहिरोको बतासजस्तो कुरूपता
जहाँ एक्काइसौँ शताब्दीको
महान् षड्यन्त्रको घना जंगल फैलिन्छ
पानीजस्तो निर्मल गीत र फूलजस्तो मुलायम संगीतबीच
किन तालमेल छैन ?
त्यहाँ पशु र पारिजातको संवेदना तुलिन्छ ।



देख्छु- सन्त र नीलकण्ठको पाखण्डमा
सामेल छन् हाम्रै मानिस
जो चढिरहेछन्
मिथ्या राजनीतिको बाइपंखी घोडा
जसमा महाराजको बिलासी रूपरङ देखिन्छ
जसका सफा लुगाभित्र छ
परपीडक सनातन धर्मको पोखरी
जहाँबाट निस्केको गोहीले
वियोगजस्तै दुःखी अनुहारमाथि
आँसु चुहाउँछ
त्यहीँबाट जारी हुन्छ दमनको अध्यादेश
हत्याराहरूका नाममा
त्यहीँबाट पुरस्कारको सिफारिसपत्र लेखिन्छ ।

सफा आकाशमा बिजुली चम्केजस्तो
समयको यो मोडमा
बारम्बार म आफैंसँग सोधिरहेछु-
यो देशमा प्रधानमन्त्री र चटकेमा
को बढी हास्यकलाकार छ ?
व्यवस्था र कुहिएको कागतीमा कुन बढी अमिलो छ ?
देख्छु, सत्ताको बिलासी गद्दामा
आन्दोलनको झन्डाको रङ धमिलो छ ।

सोध्छु- लोकतन्त्रको बगैंचामा
सप्रिएका महाराजहरूको संगीत र बलात्कारीको
सदाचारी भाषणमा कति अन्तर छ ?
हत्यारा नेताको किताब र
देशद्रोहीको राष्ट्रिय गीतमा कुन बढी परपीडक छ ?
सुरक्षा संयन्त्र र सुँगुरतन्त्रमा
कहाँ बढी सुशासन छ ?
देख्छु, द्रौपदीको यौवनमाथि कृष्णका आँखामा दुःशासन छ ।

देख्छु, पुना विश्वकर्मा र कान्छी मिजारका आँखामा आँधी
जसको आवेगमा हत्याराको दुस्साहस तुहिन्छ
देख्छु, अस्मिता घर्ती र झुमा किरातीको उत्तेजनामा ज्वालामुखी
जसको रापमा बन्दुक स्वयं नुहिन्छ
देख्छु, देख्छु र मात्र देख्छु
अढाई करोड मानिसका आँखा-आँखामा प्रचण्ड ज्वाला
जसमा बलिदानी रगतको रङ देखिन्छ
जसले भन्छ, आगामी इतिहासमा यही कुरा लेखिन्छ
कि तिम्रा आँखाका ज्वालाले भष्म भएथे
ईश्वर, औतारी र महाराजहरू । ■

---

# सन्त्रास परिदृश्य

■ विवश पोखरेल

सहस्र योद्धाका -
थोपा थोपा पसिनाले मुछेर
आन्दोलनको भुइरोमा सेकाएको
लोकतान्त्रिक रोटीमा
भागबन्डा नमिलेर
फेरि जुध्ने हुन् कि बिरालाहरू ।

समानताका निहुँमा
धूर्त बाँदरले
चुँड्दै चिमोट्दै खाँदै
रित्याएर रोटीको अस्तित्व
फेरि हल्लाउने हो कि
भ्रमको उही रित्तो तराजु ।

आफ्नै घरमा डढेलो लाएर
क्षणिक न्यानो हुनुको अनुभूतिमा
ताप्ने हुन् कि जोगीहरूले
सन्तुष्टिको फुस्रो खरानी ।

एकाएक खर्लप्प निल्ने हुन् कि
तृषित काकाकुलहरूले
असंख्य मनहरूका तिर्खा
असंख्य मुटुहरूका तिर्खा ।

देश अझै सुत्न सकिरहेको छैन
एउटा निश्चिन्त निद्रा
अझै समय-
सन्त्रस्त छ, सन्दिग्ध छ
विश्वस्त मनका बलेँसीबाट
निरन्तर झरिरहेछन्
आशंकाका बाछिटाहरू
अझै डर छ-
अविवेकको बन्चरोले फेरि
काट्ने हुन् कि कालिदासहरूले
आफैं बसेको हाँगो । ■

# साँघुरीको बैंस कहिले फर्कन्छ ?

■ **जगत नवोदित**

हठात् गाउँ छोडेर
बाटो खोज्दै हिँडेको
श्यामे राई होस् अथवा रामे दमाई
जुठे सार्की होस् वा हर्के कार्की
जो सुकैलाई सोध्नुहोस्
साँघुरी भञ्ज्याङ बिसन्चो छे

बैंसमा साँघुरी
कम्ती सुन्दरी थिइन
साकेवा सिली नाच्थ्यो - साँघुरीसँग
पालाम धाननाच नाच्थ्यो - साँघुरीसँग
विश्वासकै कुरा त हो
प्रेमी माया साट्थ्यो - साँघुरी
साँघुरीको धुन
बाँसुरीको मूर्च्छनाजस्तो थियो
साँघुरीको मन
प्यासीलाई पँधेरोको पानीजस्तो थियो
कठै ! यो सब केही छैन अब
र साँघुरी बिरामी छे

रानीवनमा गोठाला गरिरहेको गरिरहेको लोकगायक
अथवा
भीरपाखा घाँस काटिरहेकी लोकगायिका
कसैलाई पनि बुझ्नुहोस्
साँघुरीमा आजकाल मादल बज्दैन
बज्छ- केवल मृत्युको आवाज बज्छ
क्षणभरमै कुमारी परेवा विधवाजस्तै रुन्छे
र, घन्कन्छ असामयिक दुःखद समाचारका गीतहरू
साँघुरीमा ओइलिएको छ सद्भावनाको फूल
शोकमग्न छ लालीगुराँस
आँसु पुछिरहेछ सुनाखरी
सबैको सामूहिक अनुमान छ
सुरक्षित छैन अब साँघुरीमा
लाखौं मान्छेको विश्वासको ढुंगा

साँघुरी - जहाँ हामी जिजीविषा रोप्न चाहन्छौं
यसलाई कोलाहलले थिच्दै लगेको छ
साँघुरी - जसको उज्यालो फर्काउन चाहन्छौं
यसलाई अँध्यारोले छोप्दै लगेको छ

यो सङ्लो आकाश
यो सङ्लो धर्ती
यो मायालु पहाड
यो मायालु हिमाल
र
यो जीवन नदी
श्राप पोखिरहेको समयसित
एउटै प्रश्नको जवाफ पर्खिरहन्छ
कि
साँघुरीको बैंस कहिले फर्कन्छ ? ■

# अचेतन मन र यात्रा

■ घिमिरे युवराज

सुख्खा जमिनमा मनहरू घैयाजस्तै
मान्छे हरेक पटक रोप्न खोज्छ
र, उम्रन्छन् बिंढ बेगरका जीवनहरू
यात्राभरि तिर्खा र बाडुली
ईश्वर भरिएको घैंटो र सिलिन्डर
जति खोजे पनि रित्तो
हो, यही हो आविष्कार
के, विर्यमा भाग्य छान्न सकिँदैन ?
के गर्भमा शान्ति रोप्न सकिँदैन ?
म अचेतन, सुहागरात र आन्दोलनको क्ष

बारुदले लेखिएका हस्तरेखाहरू
विश्व कोर्न आतुर मान्छे
उसैको हत्केलामा पड्किरहेछन्
प्रत्येक गर्भधारणमा
मान्छे भ्रूणहरू
र, हुँकार गरिरहेछ आविष्कार.....।
काकाकुल यात्रा, काकाकुल जीवन
म पुकार गरिरहेको छु पाइलाहरूलाई
धराप-धराप, विज्ञान धराप.....।

तिर्खाएका पाइलाहरू
तनतनी पिउन चाहन्छन् सङ्लो गोरेटो
चेतना श्वास-प्रश्वासको
उन्मुक्त हुन खोजिरहेका
खुट्टाका हप्केलाहरू
निर्माण खोजिरहेछन् जीवनरेखाहरूको
म मुक्ति खोजिरहेको छु रुढिग्रस्त मस्तिष्कबाट
सम्भावित गोरेटोका लागि
एउटा सङ्लो यात्रा, मान्छे यात्रा
आफ्नै मनहरूको निर्देशनमा
आफ्नै पाइतालाहरूले हिँडेको यात्रा
अचेतन, अर्धचेतन देखि पूर्णचेतनसम्मको यात्रा ■



# देशको माटो

■ **वासुदेव गुरागाईं**

म जन्मँदा
बुंग धुलो उड्यो
जीउभरि लटपटियो
धुलो, - देशको माटो
मगमग बास्ना छरेर
हो, - धुलो रङमगियो
मलाई, अझै पनि याद छ
जन्मनेबित्तिकै
चाटेको शुद्ध घ्यूभन्दा
बुंग उडेको
धुलोको बास्ना मिठो थियो
र त्यो, - देशको माटो थियो ।
मेरो हुर्काइ सँगसँगै
धुलो टकटकिँदै गयो
जीउ स्निग्ध सफा हुँदै गयो
विकारहरू
मनभित्र खाँदिदै गए
घ्यू बोलीमा टाँसिँदै गयो
र, बोली सलल्ल चिप्लिन थाल्यो
माथि माथितिर
तल, मात्र छोक्रा रह्यो
र, त्यो पनि देशको माटोसँगै
हावामा उड्यो
मन चसक्क पोल्यो
खोइ ! देशको माटो
कसैले सोचेको छ !
कसैले देखेको छ !!
छ भने, - सुटुक्क भन
यदि छैन भने
खोज
समय अझै घर्केको छैन
म पनि,
देशकै माटो खोजिरहेछु । ■



# नयाँ जोस



लस्ता जोशी




■ **ज्योति देवकोटा/काठमाडौं**

**सेतो मिनी स्कर्टमा** कालो टिसर्ट। दर्शकलाई स्टेजबाटै उचाल्न सक्ने कामुक हाउभाउ अनि उत्तिकै कामुक लाग्ने जोवन। पछिल्लो समय नेपाली पप गायिकाहरूको बन्दै गएको चिनारी हो यो। पश्चिमी शैलीलाई नै माथ दिन सक्ने सुन्दर तथा मनमोहक कामुक आवाजका कारण अहिले नेपाली बजार तातिएको छ। पप, रक, हिप-हप, रिमिक्स र ऱ्याप गायिकाहरूको दिनहुँ जस्तो आगमनले नेपाली सांगीतिक बजार विस्तार हुँदै गएको मात्र छैन, यसको ग्ल्यामर पनि उत्तिकै चुलिँदै गएको छ। काठमाडौं मात्र होइन, अहिले यस्ता गीतका पारखीहरू पोखरादेखि धरानसम्म फैलिँदै गएका छन् भने गायिकाहरू रातारात स्टार बन्न पुगेका छन्।

रेणु थापा, सुस्मित गुरुङजस्ता गायिकाहरूबाट सुरु भएको 'स्लो पप' अहिले मौसमी गुरुङको च्याङ्बा ओइ.. च्याङ्बादेखि प्राश्नाको 'आवाज देऊ मलाई.. र प्रीति कौरको 'धेरैपल्ट जीवनमा.. जस्ता आधुनिक संगीतले गुणस्तर मात्र होइन, पाश्चात्य संगीतबाट प्रभावित हुँदै आएको नयाँ पुस्तालाई स्वदेशी संगीत र ग्ल्यामरको मजा चखाउन समेत सिकाएको छ। विशेष गरी गायकहरूको एकाधिकार रहेको नेपाली सांगीतिक क्षेत्रमा युवा पप गायिकाहरूको आगमनले गिटार, ड्रमसेट र ज्याजजस्ता उपकरणमा झुम्ने ठूलो

युवाजमातलाई पनि आफूतर्फ आकर्षित गर्न सफल भएको छ ।

पछिल्लो समय नेपाली सांगीतिक क्षेत्रमा ग्ल्यामरयुक्त युवतीहरूको आगमन र आधुनिक संगीतप्रति उनीहरूको दखलका कारण नेपाली गीतिक्षेत्रमा नयाँ आयाम थपिएको छ । केही वर्षदेखि 'लिड' र 'बेस' गितार भिरेर रक र पप गीत गाउने युवतीहरूको भीड अहिले थामी नसक्नु भएको छ । यसले युरोपबाट भित्रिएको पपगीतलाई सहजै नेपाली लवजमा ढाल्न सहयोग मात्र पुऱ्याएको छैन, आधुनिक युवतीहरूमा विस्तारै उदार संस्कारको विकास समेत गराएको छ ।

पछिल्लो समय अभय सुब्बाको 'अभय एन्ड स्टिड ब्यान्ड', पूजा लामाको 'ड्रिम गर्ल', रमा एन्ड एलिजाको 'रमाइली ब्यान्ड,' सिने गुरुङको 'विम ब्यान्ड,' पुनम सिंहको 'रक ब्यान्ड', जस्ता समूहहरूको निर्माण गर्दै नेपाली पप गायिकाहरू युवाहरूको धड्कनमा छाउन सफल भएका छन् । यति मात्र होइन, उनीहरू गायनलाई ग्ल्यामर बनाउन मोडलिङ र गायनलाई सँगै डोऱ्याउन समेत कस्सिएर लागेका छन् ।

आफ्नो पछिल्लो रक एल्बम 'वसन्त'को 'आउँदै छु म त्यहाँ ..' नामक गीतको सफलतापछि मोडलिङ र संगीतलाई सँगै लैजान कस्सिएकी पूजा राई भन्छिन्, 'अहिलेको नयाँ पुस्ताले पप, रक र रिमिक्स गायिकाहरूबाट ग्ल्यामरको पनि आशा राखेको हुन्छ । त्यसलाई पस्किन सकियो भने मात्र सफल होइन्छ ।'

गायिका एन्जिला गौचनको भनाइ राईको भन्दा फरक छैन । उनी थप्छिन्, 'अहिले नयाँ पुस्तालाई पाश्चात्य शैलीकै गीत पस्किन सकियो भने मात्र युवाहरूमाझ आफ्नो छाप छोड्न सकिन्छ, होइन भने प्रतिस्पर्धा गर्न मुस्किल पर्छ ।'

'नयाँ पुस्ताको मागलाई मनन गरेर मैले सुरुमा गाएको 'अचानक' एल्बमको 'कोही आयो.. नामक गीतलाई फेरि ज्याज प्याटनमा परिवर्तन गर्दै छु', पप गायिका लस्ता जोशी बताउँछिन् । परिवर्तित म्युजिकप्रति युवाहरूको बढ्दो मोहलाई ध्यानमा राखेर अहिले पुराना गीतलाई रिमिक्स गरेर श्रोतामाझ पस्किने फेसन नै चलेको छ । म्युजिक भिडियोमा उनीहरूले प्रदर्शन गर्ने कामुक हाउभाउमा युवाजमातले खोज्ने गरेको ग्ल्यामर पाइने भएका कारण पपसंगीतको बजार चुलिएको छ ।

पछिल्लो चोटि पप, रक र रिमिक्स म्युजिकमा सिने गुरुङ, पूजा राई, प्राश्ना शाक्य, प्रीति कौरले ल्याएको क्रान्तिले नयाँ पुस्तालाई हौसला मात्र होइन, अहिले स्टेज, पप र बारमा गितार र ड्रमसेटसँगै कम्मर मर्काउने गायिकाहरूको संख्या पनि बढ्दै गइरहेको छ ।

पाश्चात्य शैलीमा रक फ्लेवरमा गीत गाउँदै आएकी पूजा राई भन्छिन्, 'पप, रक र रिमिक्समा गायिकाहरूको बढ्दो आकर्षणले पुरुषहरूको एकाधिकारको अन्त्य भएको छ ।' राजधानीमा दिनदिनैजसो पाँचतारे होटलहरूमा हुने स्टेज समेत अहिले यिनै नयाँ पुस्ताका गायिकाहरूले तताउने गरेका छन् । 'पोखरामा त अझ पपक्रेज बढेको छ', पूजा बताउँछिन् ।

धरान, विराटनगर, पोखरा, बिर्तामोडजस्ता स्थान, जहाँ भारतीय संगीतहरूले दह्रोसँग जरा गाडेको छ, त्यस्ता स्थानमा समेत आधुनिक नेपाली गायिकाहरूको ग्ल्यामर संगीतका कारण भारतीय संगीतहरू विस्तारै विस्थापित हुन थालेका छन् ।

अहिले खुला स्टेजमा मात्र होइन, होटलहरूमा हुने पार्टीहरूमा पनि यी गायिकाको माग निकै बढेको देखिन्छ । 'अब हाम्रो समाज पनि आधुनिकतातिर लम्किसकेको छ । त्यसैले हामीलाई अगाडि बढ्न गाह्रो छैन', गायिका लस्ता जोशी बताउँछिन् ।

युवा जमातको पप क्रेज शान्त पार्दै आएकी एन्जिला गौचनका अनुसार नयाँ पुस्ताको मागअनुसार गीत गाउने मात्र होइन, स्टेजमा उभिँदा हाउभाउ समेत ग्ल्यामर हुन जरुरी छ । एमटिभी पुस्तालाई आत्मसात गर्न सधैं आतुर रहने काठमाडौं, पोखरा र धराने युवतीहरू अहिले कस्सिएर पपसंगीतमा होमिन थालेका छन् ।

बढ्दो स्टेज सो र ग्ल्यामरप्रति युवाहरूको बढ्दो रुचिका कारण पनि अहिले आधुनिक संगीतमा युवतीहरूको भीड दिनहुँ बढ्दो छ । ■



एन्जिला गौचन




# रवीन्द्रको मेडिसिन रोडम्याप

डा. रवीन्द्र समीर स्वास्थ्य क्षेत्रमा सक्रिय भएको करिब डेढ दशक भएको छ। हेल्थ असिस्टेन्टबाट सुरु भएको उनको 'करिअर' बिएएमएस (ब्याच्लर इन आयुर्वेदिक मेडिसिन एन्ड सर्जरी) उत्तीर्ण गरेर डाक्टरसम्म पुग्दा उनी छुट्टै पहिचान बनाउन सफल भएका छन्। पश्चिममा अहिले 'होलेस्टिक मेडिसिन' भन्ने शब्दावली ज्यादै चल्तीमा छ। एउटै मात्र चिकित्सा प्रणालीबाट रोगको निदान असम्भव हुने निष्कर्ष सर्वमान्य भइसकेको अवस्था छ। नेपाली सन्दर्भमा एकीकृत चिकित्सा प्रणाली उपयोगी हुने धारणा सार्वजनिक गर्दै आएका डा. समीरले चीनबाट चिनियाँ चिकित्सा पद्धति तथा एक्युपन्चरमा पोस्टग्र्याजुएट तालिम लिएका छन्। उनले भर्खरैमात्र सार्वजनिक गरेको 'रोडम्याप अफ मेडिसिन' नामक किताब अहिले चर्चामा छ, जसको कारण हो, त्यहाँ रहेका समीरका स्वास्थ्यसम्बन्धी गहन लेखहरू। उक्त किताबमा संगृहीत स्वास्थ्यसम्बन्धी लेखहरू महत्त्वपूर्ण छन्, त्यसमा पनि उनको एकीकृत चिकित्सा प्रणालीसम्बन्धी लेख चर्चित छन्। एकीकृत चिकित्सा प्रणालीको अवधारणालाई विगत केही वर्षदेखि उनी लेखरचना, सार्वजनिक सभामार्फत अभिव्यक्त गर्दै आएका छन्। उनी भन्छन्, 'एलोपेथिक, आयुर्वेद, एक्युपन्चर, होमोपेथीलगायत विधा मिलाउँदा एकीकृत चिकित्सा प्रणाली नेपालको सन्दर्भमा धेरै उपयोगी हुन्छ। यही कारणले मैले यो प्रणालीका पक्षमा वकालत गरेको हुँ।'

सार्वजनिक सरोकारका विषयमा पनि उत्तिकै सक्रिय छन्, समीर। उनी नेपाली दुर्लभ जडिबुटीहरूलाई 'पेटेन्ट राइट' दिलाउन निरन्तर सक्रिय छन्।

अहिले ढाकामा प्रजनन तथा बालस्वास्थ्यमा स्नातकोत्तर अध्ययनरत समीर भन्छन्, 'शिशु मृत्युदर, मातृ मृत्युदर, प्रजनन स्वास्थ्य, खोप, पोषण, परिवार नियोजनलगायत क्षेत्रलाई तल्लो तहसम्म पुऱ्याउन यो विषय छानेको हुँ।'

विद्यार्थी कालदेखि नै समीरले आफूलाई मेधावी विद्यार्थीको रुपमा सावित गर्दै आएका छन्। गुल्मीबाट २०४६ सालमा प्रथम श्रेणीमा एसएलसी उत्तीर्ण समीरले २०५० सालमा चिकित्सा प्रमाण पत्र प्रथम श्रेणीमा प्रथम भएर पूरा गरेका थिए। त्यसैगरी चिकित्साशास्त्र अध्ययन संस्थानबाट बिएएमएस विशिष्ट श्रेणीमा प्रथम भएर पूरा गरेका छन्। समीरले कथाकारका रुपमा समेत आफ्नो परिचय बनाइसकेका छन्। उनका तेस्रो आँखा, पोस्टमार्टम, विकिरण लघुकथा संग्रह र कालो बादलभित्र चाँदीको घेरा मुक्तक र गजल संग्रह प्रकाशित छन्। उनले लघुकथालाई विश्वव्यापी बनाउन डब्लु डब्लु डब्लु डट कम नेपाली सर्ट स्टोरी डट कम नामक वेभसाइट पनि निर्माण गरेका छन्। व्यस्तताका बाबजुद पनि खासगरी राति ९ बजेदेखि ११ बजेसम्म नियमित लेख्ने डा. रवीन्द्र चिकित्सा पेसा र सिर्जनाबारे भन्छन्, 'चिकित्सा पेसा आफ्नो जीवनको साधन र साहित्य लेखन साध्य भएको मान्छु।' ■



तेज बस्नेत



तेज बस्नेत

# सफलताको शिखरमा

२०२८ सालको एसएलसीमा बोर्ड फस्ट ल्याउन सफल डा. द्रोणप्रकाश रसाली मेहनत र लगानीकै कारण अहिले क्यानडा सरकारको स्वास्थ्य मन्त्रालयको सरुवा रोग विज्ञको रुपमा कार्यरत छन्। क्यानडाको युनिभर्सिटी अफ म्यानिटोवाबाट पशु विज्ञानमा पिएचडी गरेका रसाली क्यानडा सरकारको उच्चपदमा कार्यरत सायद पहिलो नेपाली हुन्। बीस वर्ष नेपाल सरकारको स्वास्थ्य मन्त्रालयअन्तर्गत विभिन्न विभागमा सेवा गरिसकेका रसालीले फिलिपिन्सको युनिभर्सिटी अफ फिलिपिनी एट लस व्यानसबाट पशुविज्ञानमा प्रथम श्रेणीमा स्नातकोत्तर गरेका छन् भने स्नातक बेङ्लोरको युनिभर्सिटी अफ एग्रिकल्चर साइन्सेनबाट गरेका हुन्।

पशु विज्ञानमा नै पायनियर मानिने रसाली विश्वभरिका सीमित वैज्ञानिकहरूले पाउने अमेरिकन कलेज अफ इपिडिमोलोजीको समेत सदस्य छन्। रसालीको अन्तर्राष्ट्रिय जर्नलमा प्रकाशित रिसर्च आर्टिकलका आधारमा अमेरिकी सरकारले उनलाई गत वर्ष सदस्यता दिएको हो। त्यसो त उनका दर्जनौं अन्तर्राष्ट्रिय जर्नलहरूमा अनुसन्धानमूलक लेखहरू समेत प्रकाशित भएका छन्। नेपालमा सरकारको स्पष्ट रणनीति नभएका कारण दक्ष विज्ञहरू विदेशिने गरेको बताउँदै पाल्पाको विकट गाउँ हुमिनमा ५२ वर्षअघि जन्मिएका उनी भन्छन्, 'सरकारले विदेशिएका जनशक्तिलाई फिर्ता बोलाउने नीति लिएमा नेपालका धेरै क्षेत्रमा सुधार गर्न सकिन्छ।'

एसएलसी परीक्षामा बोर्ड फस्ट हुनेले पाउँदै आएको छात्रवृत्ति उनको पालामा सरकारले काटेको थियो। तीन वर्षपछि सरकारले छात्रवृत्ति पुनः सुरु गरेपछि मात्र उनको उच्चशिक्षा अध्ययन गर्ने ढोका खुलेको थियो। पिछडिएको दलित समुदायबाट बोर्ड फस्ट भएर डा. रसालीले अन्य दलितहरूलाई पनि शिक्षामा प्रेरणा थपेका छन्। उनको नामलाई अझै पनि प्रेरणा मान्नेहरूको कमी छैन भन्ने कुरा आठ वर्षपछि क्यानडाबाट काठमाडौं आएका डा. रसालीलाई भेट्न आउनेहरूको लर्कोले र कार्यक्रममा बोलाएको निमन्त्रण पत्रले पुष्टि गरेको छ। ■



युवराज घिमिरे

**शून्य समय**

# मध्यरात्रि सम्झौतापछिका चुनौतीहरू

**मनाङमा** दुईवटा बन्दुक किनेर सुरु भएको 'क्रान्तियात्रा' काठमाडौंमा हतियार थान्को लगाउने सहमतिपछि टुंगिएको छ भन्नु सम्भवतः अतिशयोक्तिपूर्ण हुनेछ। 'क्रान्तियात्रा'को शैली र मान्यता संशोधित गरिएका छन्। माओवादी अब बन्दुकबाट होइन, जनताको चाहनाबाट निर्देशित हुने राजनीतिको प्रवेशविन्दुमा आएका छन्। र, यसलाई स्वागतयोग्य मानिनुपर्छ।

कात्तिक २१ गते निद्राबाट उठेर मध्यरातपछि प्रधानमन्त्री गिरिजाप्रसाद कोइरालाले सत्तामा साझेदार राजनीतिक दलका शीर्षस्थ नेताहरू र माओवादी अध्यक्ष प्रचण्डसँग हस्ताक्षर गरेको सहमति आफैंमा द्वन्द्वको अन्त्य होइन, तर त्यसले त्यसतर्फ लक्षित प्रक्रियाको आधार तय गरेको छ। पहिलो, माओवादीले औपचारिक रूपमा हिंसामा आधारित एकदलीय शासनको परिकल्पना त्यागेर बहुदलीय प्रतिस्पर्धात्मक राजनीतिक मूल्य र मान्यता अँगाल्ने प्रतिबद्धता जनाएको छ। र, त्यो नयाँ यात्रामा सहयोग पुऱ्याउन उसले मान्ने प्रक्रिया र राष्ट्रसंघलगायत अन्य संयन्त्रहरूको भूमिकालाई स्वीकार गरेको छ।

युद्धविरामका विगत पाँच महिनामा मुख्य रूपमा यो झन्डै एकतर्फी रूपमा आचारसंहिता भंग गर्दै सरकारको अनुपस्थिति वा लाचारीबाट फाइदा उठाउँदै आएको माओवादी बृहत् शान्तिसम्झौता हस्ताक्षर गर्ने तयारीमा छ, जसमा युद्धविराम र मानवअधिकार सम्झौता पनि समाहित हुनेछन्। बल र आतंकको प्रदर्शनबाट काठमाडौं र पाटनबाट आफ्ना समर्थकहरूलाई अतिथि बनाउन बाध्य पारेका माओवादीले मंगलवारको सहमतिपछि त्यसलाई आफ्नो एघारवर्षे अतीतको कडीमा अन्तिम घटना बनाउनुपर्नेछ। प्रचण्डले निश्चय पनि यो बाध्यता र सहमतिको अर्थलाई अरूभन्दा बढी बुझेका छन्। र, यो सहमतिमा अवज्ञाको मूल्य आचारसंहिताको उल्लंघनजस्तै दण्डहीनता वा सरकारको लाचारीमा सीमित हुनेछैन किनकि अब त्यसमा राष्ट्रसंघ तथा अन्तर्राष्ट्रिय जगत् पनि जोडिएको छ।

हतियार व्यवस्थापनको पहिलो चरणमा सात मुख्य र अन्य सहायक शिविरमा राखिने हतियारलाई अब प्रयोग नहुने गरी थन्किएको मानिनुपर्छ। तर, चुनौतीको अन्त्य त्यहाँ हुँदैन। माओवादीले सैन्यवादी चिन्तन र राजनीतिबाट संस्थागत रूपमा वा आफ्नो ठूलो जमातलाई मुक्त गरेको प्रमाण आउनु द्वन्द्व समाधान प्रक्रियाको सफलताको सबैभन्दा महत्त्वपूर्ण सूचक हुनेछ।

सानो तर बुझ्न सकिने आपत्तिपछि प्रचण्डले अन्तरिम सरकारमा सामेल हुने आफ्ना मन्त्रीहरूको सुरक्षाको जिम्मा जनसेनाकै जिम्मा रहनुपर्ने अडान त्यागेका थिए। यी राजनीतिक अडान र त्यसको सान्दर्भिकतालाई माओवादी राजनीतिको चौघेरोमा राख्दा बुझ्न सकिन्छ, तर भावी राजनीतिको दायरा र क्षितिजले अब नयाँ आयाम लिइसकेको छ।

शान्ति स्थापना र द्वन्द्व समाधानको यो प्रतिबद्धतापछि सरकारको स्वरूप, सरकारको आचरण र संविधानसभा निर्वाचनलाई प्रस्तावनाअनुसार जेठ महिनासम्म सम्पन्न गराउनेतर्फ उनीहरूले कस्तो भूमिका खेल्छन्, त्यसले मुलुकको भावी राजनीतिमा माओवादीलगायत विभिन्न दलहरूको स्थान र भाग्य निर्धारित गर्नेछ।



संविधानसभाबाट पारित हुने संविधानमा जनभावना अपेक्षाकृत रूपमा परिलक्षित हुनेछ। तर, कुनै पनि संविधान आफैंमा पूर्ण हुँदैन। समय र परिस्थितिअनुसारका माग र आवश्यकतालाई सम्बोधन गर्न संविधानमा सुधार र संशोधन आवश्यक भई नै रहन्छ। अहिलेको मुख्य चुनौती राज्य संरचना र शक्तिको विकेन्द्रीकृत रूप कस्तो हुनुपर्छ, महिलालगायत सत्ता संरचनाबाट बहिष्कृत सम्पूर्ण नागरिकलाई त्यसभित्र कसरी स्थान दिने, बालबालिकाहरूलाई रोग, हिंसा र सबै किसिमका त्रास र दबावबाट मुक्त गरी कसरी गुणस्तरीय शिक्षामा पहुँच सुनिश्चित गर्ने, शिक्षा र स्वास्थ्यलाई कसरी मौलिक अधिकार बनाउनेतर्फ अगाडि बढ्ने, त्यो संविधानसभाको चुनौती हुनेछ। र, त्यस अर्थमा संविधानसभाको बनावट आफैंमा चुनौतीपूर्ण हुनेछ। जतिसुकै राम्रो प्रजातान्त्रिक र चुनावी प्रक्रियाबाट पनि केवल सात दलले संविधानसभामा एकाधिकार जमाउने प्रयास गरेमा मुलुकमा त्यसले अर्को भावी द्वन्द्वको जग हाल्नेछ किनकि २०४६ सालमा संविधानमा आफ्नो लागि ठाउँ नभएको अनुभूति गरेर नै माओवादीले हिंसाको सुरुवात गरेका थिए।

हतियार व्यवस्थापनको प्रारम्भिक चरणपछि अर्को चुनौती थपिएको छ, आगामी अन्तरिम सरकारमाथि। दण्डहीनताको संस्कृतिले भावी नेपालमा कुनै स्थान पाउनेछैन भन्ने सन्देश पठाउनुपर्ने हुन्छ, त्यो सरकारले। साथै कुनै पनि द्वन्द्वको सही अर्थमा समाधान वा अन्त्य त्यस बेलासम्म हुन सक्दैन जबसम्म पीडितहरूको पीडाको मर्मलाई त्यसमा भागीदार सरकार र विद्रोही पक्षले आत्मसात गर्दैनन्। सत्य आयोगको निर्माण र मान्य प्रक्रियाका आधारमा त्यसको संचालन त्यसका लागि आवश्यक सर्त हो।

आउँदा दिनमा 'सेरेमोनियल राजतन्त्र'को विरोध र पक्षमा राजनीतिक ध्रुवीकरण हुन सक्छ। भ्रष्टाचारको मामिलामा सर्वाधिक बदनामी खेपेका मन्त्री प्रभुनारायण चौधरीकहाँ प्रचण्ड गणतन्त्रका नाममा जानुले राजनीतिको भावी स्तरबारे फेरि अनेक आशंका उठेका छन्। संवैधानिक राजतन्त्रलाई अपरिवर्तनीय मान्दै एमाले लगायतका दलहरू गणतन्त्रमा जानसक्छन् आज र आफ्नो अतीतको आत्मसमीक्षा नगरी त्यसो गर्नु इमानदारी मानिनेछैन। त्यसैले गिरिजाप्रसाद कोइराला त्यस अर्थमा माधव नेपालभन्दा अग्ला देखिएका हुन्।

विगतमा कांग्रेस र एमालेले पालैपालो राजा तथा माओवादीसँग क्षणिक स्वार्थका अलिखित कार्यगत एकता स्थापित गरेको तथ्य बुझिने गरी जनसमक्ष आएका छन्। त्यसैले भोलिको राजनीति र संविधानमा राजतन्त्रको औचित्यभन्दा राष्ट्राध्यक्षलाई मर्यादित तर अधिकारविहीन स्थान दिनुपर्छ भन्ने मान्यता विकसित हुनु जरुरी छ। राष्ट्राध्यक्षले दल र क्षेत्रको घेराबाट माथि उठेर मुलुकको सम्मान तथा समग्रतालाई प्रतिनिधित्व गर्नसक्नुपर्छ। सम्भवतः गम्भीर फौजदारी मामलामा उन्मुक्ति हासिल नहुने र पदीय आचरणको अभाव देखिएको अवस्थामा संसद्ले महाअभियोगद्वारा हटाउन पाउने संवैधानिक प्रावधान एउटा प्रभावकारी अंकुश हुनेछ, राष्ट्राध्यक्षको हैसियत र स्थानलाई सम्मानजनक रूपमा सुरक्षित राख्न। ■